साउन - १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क ७ | २०७४, साउन १–१५ | पूर्णाङ्क ६०१



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

प्रकाशन, सञ्चार तथा सम्पादन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत	**- अध्यक्ष**
नायव महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	**- सदस्य**
अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : ....

प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : सहप्रा. श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोति चौधरी
कार्यालय सहयोगी श्री रामचन्द्र खड्का

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

पूर्ण इजलास	७
संयुक्त इजलास	८
इजलास नं. १	१
इजलास नं. २	६
इजलास नं. ३	६
इजलास नं. ४	४
इजलास नं. ५	५
इजलास नं. ६	७
इजलास नं. ७	८
इजलास नं. ८	२
इजलास नं. ९	२
जम्मा	५६

इजलास नं. १०	४
इजलास नं. ११	२
इजलास नं. १२	५
इजलास नं. १३	१
इजलास नं. १४	१
इजलास नं. १५	१
इजलास नं. १६	२
इजलास नं. १७	१
इजलास नं. १८	२
एकल इजलास	१
जम्मा	२०

कूल जम्मा ५६+ २० = ७६

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

निर्णयहरूको सारसङ्ग्रह

विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... . १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, साउन – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

Toll Free Number

१६६०–०१–३३३–५५

वा

इमेल ठेगाना

cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ।

मूल्य रू.१५।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
पूर्ण इजलास			१ - ४
१.	दर्ता बदर हक कायम	पुटी शेर्पासमेत वि. नेपाल दुरसञ्चार संस्थान सोलुखुम्बुको तर्फबाट अख्तियार प्राप्त ऐ. संस्थान केन्द्रीय कार्यालयको महाप्रबन्धक	
२.	अंश चलन	खगेन्द्रध्वज जोशी वि. अनिलध्वज जोशीसमेत	
संयुक्त इजलास			४ - ११
३.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. नरीदेवी राना	
४.	कर्तव्य ज्यान	राजकुमार वेघा वि. नेपाल सरकार	
५.	सवारी ज्यान	नेपाल सरकार वि. रमेश श्रेष्ठ	
६.	अंश चलन	लक्ष्मणराज पाण्डे वि. विश्वराज पाण्डेसमेत	
७.	कर्तव्य ज्यान	विष्णुप्रसाद लामिछाने वि. नेपाल सरकार	
८.	कर्तव्य ज्यान	दीपक पाइज वि. नेपाल सरकार	
९.	कर्तव्य ज्यान	नेपाल सरकार वि. धर्म नेपाली (आउजी)	
१०.	जबरजस्ती करणी	प्रदीप बाजे भन्ने प्रधुनप्रसाद पौडेल वि. नेपाल सरकार	
इजलास नं. १			११ - १२
११.	कर्तव्य ज्यान	कर्णबहादुर थापामगरसमेत वि. नेपाल सरकार	
इजलास नं. २			१२ - १५
१२.	उत्प्रेषण / परमादेश	रजनिशकुमार राय वि. विशेष अदालत, काठमाडौंसमेत	
१३.	अंश दर्ता	प्रभावती देवी सोनारिन वि. राम दुलारी देवी सोनारिनसमेत	
१४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. चित्रमान राई	
इजलास नं. ३			१६ - २१
१५.	उत्प्रेषण / परमादेश	भागवत राउत वि. पुनरावेदन हेटौंडासमेत	
१६.	लागु औषध (खैरो हेरोइन)	नेपाल सरकार वि. लालकुमार गुरूङसमेत	
१७.	कर्तव्य ज्यान	रमेश कामतीसमेत वि. नेपाल सरकार	
१८.	कर्तव्य ज्यान	वलिराज ईङनाम वि. नेपाल सरकार	

१९.	कर्तव्य ज्यान	मनबहादुर बस्नेत वि. नेपाल सरकार
२०.	उत्प्रेषण / परमादेश	नानीमाया के.सी. समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत
इजलास नं. ४		**२१ - २६**
२१.	उत्प्रेषण / परमादेश	रामचन्द्र शर्मा वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत
२२.	लागु औषध (खैरो हेरोइन)	नेपाल सरकार वि. राजेन्द्रप्रसाद यादव
२३.	कर्तव्य ज्यान	लिलबहादुर खोर्जासमेत वि. नेपाल सरकार
इजलास नं. ५		**२६ - ३०**
२४.	कर्तव्य ज्यान तथा जबरजस्ती चोरी	नेपाल सरकार, वि. मीनबहादुर खनालसमेत
२५.	कर्तव्य ज्यान	नेपाल सरकार वि. वीरबहादुर तामाङसमेत
२६.	मानव बेचबिखन	रामबहादुर खड्का वि. नेपाल सरकार
२७.	आयकर	ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर वि. संजयकुमार अग्रवाल
२८.	उत्प्रेषण	रामसेवक साह सुडीसमेत वि. महेन्द्र साह सुडीसमेत
इजलास नं. ६		**३० - ३३**
२९.	उत्प्रेषण / परमादेश	रामजी कोङरेन वि. सम्मानीय प्रधानमन्त्री एवम् आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सिंहदरबार, काठमाडौंसमेत
३०.	उत्प्रेषण / परमादेश	विशाल तातेडसमेत वि. मालपोत कार्यालय, उदयपुरसमेत
३१.	निषेधाज्ञा / परमादेश	खगराज उपाध्याय वि. पश्चिमाञ्चल डिभिजन सडक कार्यालय, बुटवल, रूपन्देहीसमेत
३२.	उत्प्रेषण / परमादेश	थलकुमार श्रेष्ठ वि. अरूण फाइनान्स एण्ड सेभिङ्ग लिमिटेडसमेत
३३.	उत्प्रेषण / परमादेश	नरध्वज पाण्डेसमेत वि. काले ऋषिदेव
इजलास नं. ७		**३३ - ४०**
३४.	जबरजस्ती करणी	अम्मरजीत प्रधान वि. नेपाल सरकार

३५.	जग्गा दर्ता निर्णय दर्ता बदर दर्तासमेत	महेन्द्र पासवानसमेत वि. बसन्ती शर्मासमेत
३६.	अंश दपोट	देवेन्द्र कापड वि. हेमिया देवीसमेत
३७.	कर्तव्य ज्यान	सरबीर बुढासमेत वि. नेपाल सरकार
३८.	जबरजस्ती करणी	रामेश्वर श्रेष्ठ वि. नेपाल सरकार
इजलास नं. ८		**४० - ४२**
३९.	खिचोला मेटाई हक कायम	प्रवोध घिमिरे वि. मीना श्रेष्ठ
४०.	अदालतको अवहेलना	दिलिपकुमार ठाकुर वि. चन्दा राय यादव
इजलास नं. ९		**४२ - ४३**
४१.	डाँका	अशोक लामा वि. नेपाल सरकार
४२.	उत्प्रेषण	खगेन्द्र कार्की वि. जिल्ला प्रहरी कार्यालय, बाँकेसमेत
इजलास नं. १०		**४३ - ४५**
४३.	सरकारी छाप दस्तखत किर्ते	नेपाल सरकार वि. पासाङ घिसिङ
४४.	खुन डाँका	नेपाल सरकार वि. ताराबहादुर बलामी
४५.	उत्प्रेषण	मिनबहादुर थापासमेत वि. कूलपति, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत
इजलास नं. ११		**४५ - ४८**
४६.	बन्दी प्रत्यक्षीकरण	निमेश लाखे वि. ललितपुर जिल्ला अदालतसमेत
४७.	कर्तव्य ज्यान	शान्तिदेवी यादव वि. नेपाल सरकार
इजलास नं. १२		**४८ - ५२**
४८.	उत्प्रेषण / परमादेश	पार्वती थापा वि. शमशेरबहादुर थापासमेत
४९.	उत्प्रेषण / परमादेश	मेघनाथ राई वि. पुनरावेदन अदालत, विराटनगर, मोरङसमेत
५०.	उत्प्रेषण / परमादेश	निर्मलादेवी महतोसमेत वि. जनकपुर नगरपालिकाको कार्यालय, जनकपुरसमेत
५१.	लेनदेन	विनायक विष्टसमेत वि. ढुण्डीराज गैरे
इजलास नं. १३		**५२ - ५३**
५२.	क्षतिपूर्ति	नवराज सिलवाल वि. मीना शर्मा तिवारी
इजलास नं. १४		**५३ - ५४**
५३.	उत्प्रेषण / परमादेश	राजेन्द्र विष्ट वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत

इजलास नं. १५			**५४ - ५६**
५४.	परमादेश	तुलसी सिंखडा वि. नेपाल सरकार	
इजलास नं. १६			**५६ - ५७**
५५.	कर्तव्य ज्यान	नेपाल सरकार वि. शम्भुकुमार कार्की	
५६.	उत्प्रेषण	दुर्गाप्रसाद श्रेष्ठ वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत	
इजलास नं. १७			**५७ - ५८**
५७.	उत्प्रेषण / परमादेश	विभकुमारी यादवसमेत वि. नेपाल सरकार	

इजलास नं. १८			**५८ - ६०**
५८.	बन्दी प्रत्यक्षीकरण	संजय भन्ने उमेश मण्डल वि. इलाका प्रहरी कार्यालय, मिर्चैयासमेत	
५९.	कर्तव्य ज्यान	नेपाल सरकार वि. शंकर भन्ने रामबहादुर घर्ती	
एकल इजलास			**६०**
६०.	उत्प्रेषण / परमादेश	नन्दादेवी कठायतसमेत वि. जिल्ला वन कार्यालय, कैलाली धनगढीसमेत	

पूर्ण इजलास

१

स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७०-DF-०००५, दर्ता बदर हक कायम, *पुटी शेर्पासमेत वि. नेपाल दुरसञ्चार संस्थान सोलुखुम्बुको तर्फबाट अख्तियार प्राप्त ऐ. संस्थान केन्द्रीय कार्यालयको महाप्रबन्धक*

वारेस दिने व्यक्तिले वारेस नियुक्त गर्दा मुद्दा फैसला हुँदासम्मको लागि मुद्दाको काम कारवाहीमा उपस्थित हुने प्रयोजनका लागि अख्तियार प्रदान गरेको भन्ने कुरामा कुनै विवाद छैन । तर मुद्दा फैसला हुँदा के कस्तो फैसला भयो, मुद्दामा हारजित के भयो लगायतका फैसलाको के परिणाम आएको हो भन्ने कुराको वारेसले कागज गर्न नपाउने हो भने फैसलाबाट ठहर भएको वा हारेजितको कुरा नै कायम नरहने अवस्था आउन सक्छ । फैसलाबमोजिम ठहरेको दण्ड जरिवाना कारणीले बेहोर्ने भए पनि मुद्दा ठहर वा हारजित के भयो भन्ने कुराको कागज गर्न वारेसले नपाउने भन्ने नहुने र त्यस्तो कुनै कानूनी व्यवस्थासमेत रहेको नपाइने ।

वस्तुतः अ.बं. १८५ र १९३ नं. बमोजिम फैसला सुनी पाएको कागज फैसला भएको तत्काल पछि अर्थात् फैसला भएकै दिन गराइने कागज हो । त्यस्तो फैसला सुनी नपाएसम्म मुद्दाको टुङ्गो नलाग्ने हुनाले फैसला सुनी पाउनेसम्मको अवस्थालाई मुद्दाको कारवाहीको अभिन्न अङ्ग मान्नुपर्ने देखिन्छ । अ.बं. ६५(३) को व्यवस्थाले पनि मुद्दाको फैसलाको काम कारवाही टुङ्गो नलाग्दासम्म सम्बन्धित पक्षले नियुक्त गरेको वारेसको अधिकार समाप्त भई नसक्ने गरी तदनुरूपकै व्यवस्था गरेको देखिन्छ । अ.बं.१९३ नं. मा उल्लेख भएको पुनरावेदन गर्ने म्यादको गणना गर्दा पनि सम्बन्धित पक्ष रोहबरमा भई फैसला सुनेकोमा सोही मितिबाट पुनरावेदन गर्ने हदम्याद प्रारम्भ हुने । सम्बन्धित पक्ष रोहबरमा नभएको अवस्थामा निजका नाममा पुनरावेदनको म्याद जारी भई म्याद तामेल भएको मितिबाट पुनरावेदन गर्ने हदम्याद प्रारम्भ हुन्छ । फैसला हुँदा सम्बन्धित पक्षले अ.बं. ६५(३) बमोजिम नियुक्त गरेको वारेस पनि रोहबरमा रहन नपाउने भन्ने अर्थ गर्न मिल्ने देखिँदैन । सोहीबमोजिम मुद्दाको कामकारवाही एवम् फैसलाको अभिन्न अङ्गको रूपमा रहेको फैसला सुनी पाएको कागज गर्ने अधिकार पनि त्यस्तो वारेसमा स्वाभाविकरूपमा नै निहित रहेको हुने ।

अ.बं. ६५(३) को व्यवस्थाबमोजिम फैसलाको परिणामअनुसारको दायित्व सम्बन्धित पक्षमा रहने भए पनि सो व्यवस्थाबमोजिम नियुक्त भएको वारेसले फैसला सुनी पाएको कागज गर्न पाउने भएपछि सो फैसलाउपर पुनरावेदन गर्ने हदम्याद पनि स्वाभाविकरूपमा सोही कागज गरेको मितिबाट नै प्रारम्भ हुन देखिन आउने ।

मूलतः फैसला सुनी पाएको कागज भनेको मुद्दामा के फैसला भएको भन्ने जनाउसहितको फैसलाको परिणामकोबारेमा सम्बन्धित पक्षलाई दिइने सूचना भएको र त्यस्तो कागज फैसला भएको तत्कालै पछि फैसला भएकै दिन गराइने भएकाले त्यस्तो कागज पनि फैसलाकै अभिन्न अङ्ग मानिन्छ । फैसला हुँदा पक्ष रोहबरमा नरहेको अवस्थामा निजका नाउँमा घर ठेगानामा पुनरावेदनको म्याद तामेल हुन्छ । तर पक्षले अख्तियार गरेको वारेस फैसला हुँदासम्म रोहबरमा बसेको छ भने निजले पक्षको तर्फबाट फैसला सुनी पाएको कागज गर्न पाउने नै हुन्छ र त्यसरी वारेसले गरेको कागज पक्षको लागिसमेत बन्धनकारी हुने ।

फैसला सुनी पाएको कागजसमेत मुद्दाको कारवाहीको अभिन्न अङ्ग भएकाले सो प्रक्रियामा वारेससमेत संलग्न हुन पाउने भई वारेसले गरेको उक्त

कार्य पक्षले नै गरेको मानिने देखिन आउने।

वारेसनामामा लेखिए जति कुरा वारेसले जसको प्रतिनिधित्व गर्ने हो सो पक्षको तर्फबाट गर्न पाउने नै हुन्छ । वारेसनामा दिँदा वारेसले मुद्दा हारे वा जितेमा मेरो मन्जुर छ भन्नेसमेतको व्यहोरा लेख्ने गरेको अ.बं. ६५(३) को ढाँचामा नै उल्लेख गरिएको पाइन्छ र तदनुसार नै वारेसनामा लिए दिएको पाइन्छ । त्यसको अर्थ मुद्दा किनारा हुँदासम्म नै वारेसनामा बहाल रहने हुन्छ। मुद्दा किनारा हुनु भनेको मुद्दामा निर्णय हुनु हो र मुद्दाको निर्णयको जानकारी पाउनु र सोको निस्सा सामेल राख्नुसम्म पनि हो भनी मान्नुपर्ने हुन्छ। अन्यथा वारेसनामामा उल्लेख भएको हारे वा जितेको थाहा पाउने अवस्था नै आउँदैन । मुद्दामा पैरवीमा बस्ने, आवश्यकतानुसार छलफलमा भाग लिने अनि निर्णय भएको चैं सुन्न जान्न नपाउने वा सुन्न जान्न पाए पनि त्यसको कागज गर्न नपाउने भन्ने अवस्था आउँछ। यस्तो विरोधाभाषपूर्ण अवस्था विधायिकाले परिकल्पना गरेको वा सिर्जित गरेको होला भनी सोच्न मिल्दैन । वारेसले मुद्दा किनारा हुँदाको बखतसम्म मुद्दामा सामेल हुन पाउने र पर्ने अवस्था आउँछ र किनारा भएकोमा सो भएको जानकारी लिन र जानकारी पाएको कुरा लेखवद्ध गरी दिनसमेत पर्ने वा पाउने नै हुने।

वारेसले वारेसनामामा लेखिएदेखि बाहेक कुराको अनुचित प्रतिनिधित्व गरेको भए र त्यसबाट वारेसनामा दिने व्यक्तिलाई गैरकानूनी नोक्सानी पुग्न गएको अवस्था भएमा वारेसनामा दिने वा लिने बीचको छुट्टै प्रश्न उपस्थित हुन सक्तछ । सोबाहेक वारेसले वारेसनामाबमोजिमको कर्तव्य पूरा गरी मुद्दामा भएको निर्णय सुनी पाई सोबमोजिमको कागज गरेको कार्य अ.बं. ६५(३) बमोजिम नै गरेको मान्नुपर्ने स्पष्ट अवस्था देखिएकोले वारेसले गरेको कागजलाई मान्यता दिन नपर्ने वा नसकिने स्पष्ट कुनै आधार र औचित्य नदेखिने।

उपर्युक्त आधार र कारणसमेतबाट वारेसले निर्णय सुनी पाएको कागज गरेकोमा मुद्दाको पक्षले नै सुनेको सरहको असर हुने हुनाले प्रस्तुत मुद्दा वादीको वारेसले सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०५६।१२।२३ मा फैसला भएपछि फैसला सुनी पाएको कागज गरेको देखिएकाले उक्त कागज सम्बन्धित पक्षले नै गरेको मानिने हुँदा सोही मितिबाट पुनरावेदन गर्ने म्याद प्रारम्भ भएकोमा सो हदम्याद नाघी पर्न आएको पुनरावेदन नै खारेज गर्नुपर्नेमा सुरू इन्साफ उल्टी गरी वादीको दाबी पुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६०।४।२५ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादीको पुनरावेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल चैत ११ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७०-DF-०००४, दर्ता बदर हक कायम, *मोतीप्रसाद राना मगर वि. नेपाल दुरसञ्चार संस्थान सोलुखुम्बुको तर्फबाट अख्तियार प्राप्त ऐ. संस्थान केन्द्रीय कार्यालयको महाप्रवन्धक भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।*

२

मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७०-NF-००१६, अंश चलन, *खगेन्द्रध्वज जोशी वि. अनिलध्वज जोशीसमेत*

मिति २०३०।७।२० को लिखतमा उल्लेख भएको व्यहोराबाट खगेन्द्रध्वज जोशी आमा, दाजु र भाइहरूसँग सँगै बस्न नचाही अलग हुन चाहेको कुरा स्पष्टरूपमा देख्न सकिन्छ भने निजले आफूले पाउने अंशबापत चल धनमाल र तपसिलमा उल्लिखित जग्गा एकलौटी गर्न पाउने गरी छोडपत्र गरिदिनुहोस् भनी माग गरेको र तत्काल कायम सबै अंशियारहरू

उक्त जग्गा वादी पुनरावेदक खगेन्द्रध्वजले एकलौटी गर्न पाउने गरी छोडपत्रको कागज गरिदिन मन्जुर भई कागज गरिदिएको भन्ने लिखतको व्यहोराबाट स्पष्ट नै देखिन आउँछ । यसरी लिखतको व्यहोराबाट वादी खगेन्द्रध्वज जोशीले कि.नं. ४० को जग्गामध्येबाट क्षेत्रफल १-१-२-० जग्गा लिई आफूले पाउने अंशबापत अंश छोडपत्र गरेको भन्ने उक्त लिखतको व्यहोराबाट स्पष्ट हुन आउने ।

अंशबापत चल र अचल सम्पत्ति पनि लिने पुनः अंश नभएको भन्ने जिकिर कानूनसम्मत मान्न मिल्दैन । लिखतमा उल्लेख व्यहोराको व्याख्या गर्दा कुनै शब्द वा वाक्यको मात्र आधारमा अर्थ निकाल्न मिल्दैन । समुच्चा लिखतमा उल्लेख व्यहोराको समष्टिगत अध्ययनबाट सोको निष्कर्ष निकाल्नु पर्छ र समुच्चा लिखतको अध्ययनबाट मानोसम्म छुट्टिएको अंश लिई नसकेको भन्ने निष्कर्ष निकाल्न नसकिने ।

कि.नं. ५६ को जग्गा पैतृक हो सोबाट समेत हामीहरूले अंश पाउनुपर्छ भनी जिकिर लिने पुनरावेदक प्रतिवादीहरू योगेन्द्रध्वज र गोपुजेन्द्रध्वजले निजहरू समेत आफैँ उपस्थित भई दाबीको कि.नं. ५६ को जग्गा पुनरावेदक वादी खगेन्द्रध्वजको एकलौटी हक हुने गरी छोडपत्र गरिदिएको देखिँदा वादी खगेन्द्रध्वजले हामीहरूले भन्दा यो यस आधारमा बढी जग्गा पाउनुपर्ने हो भनेकोसमेत देखिँदैन । पुनरावेदक वादी खगेन्द्रध्वज जोशीले दामासाहीले पाउने भन्दा बढी जग्गा पाएको देखिएको र निजले अन्य अंशियारको तुलनामा बढी नै जग्गा प्राप्त गरेको स्थितिमा सो लिखतमा प्रयुक्त उक्त दामासाही भन्ने शब्दकै आधारमा मात्र यी पुनरावेदकको अंश बाँकी रहेको भनी तर्क गर्न न्यायसङ्गत नदेखिने ।

प्रत्यर्थीले मिलापत्र गरी छोरालाई दिएको घर जग्गामा यी वादी पुनरावेदकको नाममा धारा बत्ती जडान भएको छ, मर्मत संहार आफैँ गर्दै आएको छु भनी लिएको जिकिर ठोस एवम् वस्तुनिष्ठ प्रमाणको अभावमा पुष्टि हुन सक्तैन । यसरी उक्त लिखतमा अंशबापत भनी लिखतको प्रयोजन खुलेको र छोडपत्र गरिदिनुस् भनी माग गरेको तथा छोडपत्र गरिदियौं भन्ने शब्द एवम् वाक्य परेको स्थितिमा पुनरावेदक वादीले मिति २०३०।७।२० को र.नं. १५४९ को उक्त लिखतबाट आफूले पाउने अंशबापत जग्गा बुझिलिएको तथ्य स्थापित हुन आउने ।

मिति २०३०।७।२० भन्दा पछाडि यी पुनरावेदक वादी प्रतिवादीहरूबीच पुनः सगोलमा रहेबसेको भन्ने तथ्यसमेत कहीँकतैबाट खुल्न आएको देखिँदैन भने अंश फिर्ता गरी सगोलमा रहेबसेको भन्ने प्रमाणसमेत पेस भएको देखिँदैन । यसर्थ पुनरावेदक वादीले २०३० सालमा नै अंशबापत कि.नं. ५६ को जग्गा बुझी भिन्न भई बसेको पुष्टि हुन आएकाले प्रतिवादीहरू चण्डिमानध्वज, योगेन्द्रध्वज र गोपुजेन्द्रध्वज जोशीसमेत ३ जना मात्र अंशियार कायम रहेको र निजहरूका बीचमा रीतपूर्वकको बन्डा भएको भन्ने नदेखिएको र सो हदसम्म निजहरूको मुख मिलेकै देखिँदा निजहरू एकासगोलमा नै रहे भएको र निजहरूबीच मात्र बन्डा हुनपर्ने देखिएको यस स्थितिमा यी पुनरावेदक वादी खगेन्द्रध्वजले प्रतिवादीहरू चण्डिमानध्वज, योगेन्द्रध्वज, गोपुजेन्द्रध्वज जोशीबाट अंश पाउने भनी निष्कर्षमा पुग्न मिल्ने नदेखिई यस अदालतबाट पुनरावलोकनको निस्सा दिँदा उल्लेख आधारसँग सहमत हुन नसकिने ।

पुनरावेदक वादी खगेन्द्रध्वजलाई १-१-२-० जग्गा एकलौटीरूपमा भोग गरी खान मनोमान राजीखुसीसँग खानु भनी छोडपत्रको लिखत गरिदिएको देखिँदा हाल आएर त्यसो होइन, बन्डा लाग्छ भनी भन्नलाई प्रतिवादी पुनरावेदक योगेन्द्रध्वज, गोपुजेन्द्रध्वज जोशीसमेतलाई प्रमाण ऐन, २०३१ को दफा ३४ ले विवन्धित गरेको देखिन्छ । यसरी अन्य सबै अंशियार उपस्थित भई मनोमानी राजीखुसीसँग एकलौटीरूपमा भोगचलन गर्नु भनी छोडपत्र गरी

पुनरावेदक वादी खगेन्द्रध्वज जोशीलाई छाडिदिएको जग्गा पुनरावेदक वादीले आफूखुस गर्न पाउने नै देखिँदा सो जग्गासमेत बन्डा गरिपाउँ भन्ने जिकिर युक्तिसङ्गत देखिन नआउने।

पुनरावेदन गर्दा दाबी परिवर्तन गर्नु निजहरूको सफा मनसाय नदेखिनुका अतिरिक्त निजहरूले नै छोडपत्रको लिखतबाट एकलौटी हुने भनी छोडिदिएको जग्गा खगेन्द्रध्वजले आफूखुसी गर्न पाउने नै हुँदा निजले छोरीलाई बकस गरी दिई बाँकी रहन गएको कि.नं. २०२ को जग्गा सबैमा अंशहक कायम गरिपाउँ भन्ने निजहरूको दाबी निरर्थक एवम् आधारहीन देखियो । यसर्थ खगेन्द्रध्वज जोशीका नाउँमा बाँकी रहेको कि.नं. २०२ को जग्गासमेतबाट अंश पाउनुपर्छ भन्ने पुनरावेदक प्रतिवादीहरू योगेन्द्रध्वज, गोपुजेन्द्रध्वज जोशीको पुनरावेदन जिकिर मनासिब मान्न नमिल्ने।

माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणबाट पुनरावेदक वादी खगेन्द्रध्वज जोशीले २०३० सालमा नै आफ्नो अंश भाग बुझी छोडपत्र गरेको र प्रतिवादीहरू चण्डिमानध्वज, योगेन्द्रध्वज र गोपुजेन्द्रध्वज जोशी मात्र सगोलमा रहेका अंशियार भई निजहरूबीच बन्डा हुन बाँकी नै रहेको पुष्टि हुन आएकाले खगेन्द्रध्वज जोशीको नाममा हाल कायम रहेको कि.नं. ५६ बाट कित्ताकाट भई बाँकी रहेको कि.नं. २०२ बाहेक तायदातीमा उल्लिखित अन्य सम्पत्ति अन्य अंशियारहरू चण्डिमानध्वज, योगेन्द्रध्वज र गोपुजेन्द्रध्वज जोशीका बीच मात्र बन्डा हुने देखियो। पुनरावेदक वादी खगेन्द्रध्वज जोशी मिति २०३०।७।२० को छोडपत्रबाट १-१-२-० जग्गा लिई आफ्नो भागको अंश पाई छुट्टी भिन्न भई बसेको देखिएको, उक्त जग्गा निजको एकलौटी हुने भनी अन्य सबै अंशियार उपस्थित भई छोडपत्र गरिदिएको देखिई उक्त जग्गा खगेन्द्रध्वजको एकलौटी भई अन्यको अंश लाग्ने नदेखिएको स्थितिमा काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी पुनरावेदक वादी खगेन्द्रध्वज जोशीले प्रतिवादीहरूबाट अंश नपाउने र निजले छोडपत्रबाट पाएको कि.नं. ५६ को जग्गा बन्डा नलाग्ने सोबाहेकको अन्य सम्पत्ति प्रतिवादीहरू चण्डिमानध्वज, योगेन्द्रध्वज र गोपुजेन्द्रध्वजका बीचमा बन्डा लाग्ने भन्नेसमेत ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।२।५ को फैसला सदर गर्ने ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको मिति २०६८।३।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७३ साल कात्तिक ११ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-WO-०६७२, उत्प्रेषण / परमादेश, *खगेन्द्रध्वज जोशी वि. चण्डिमानध्वज जोशीसमेत*
- ०७०-NF-००१७, मिलापत्र बदर, *खगेन्द्रध्वज जोशी वि. अनिलध्वज जोशीसमेत*
- ०७०-NF-००१५, अंश चलन, *खगेन्द्रध्वज जोशी वि. अनिलध्वज जोशीसमेत*
- ०७०-NF-००१८, जग्गा खीचोला, *खगेन्द्रध्वज जोशी वि. अनिलध्वज जोशीसमेत*

संयुक्त इजलास

१

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६७-CR-०४८६, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. नरीदेवी राना

प्रस्तुत मुद्दामा जाहेरवालाले जाहेरीमा

प्रतिवादी नरीदेवी रानाको निर्देशनमा निजमाथि प्रतिवादी नरेन्द्र रानाले खुकुरी प्रहार गरी घाइते बनाएका भनी उल्लेख गरेको भए पनि अदालतमा बकपत्र गर्दा उक्त वारदातमा प्रतिवादी नरीदेवी रानाको कुनै भूमिका छैन भनी लेखाएबाट जाहेरी व्यहोरा खण्डित भएको पाइयो । प्रतिवादी नरीदेवीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा बयान गर्दा कसुरमा इन्कार रही गरेको बयानलाई जाहेरवालाको बकपत्रबाट पुष्टि भएको देखियो । यस्तो अवस्थामा जाहेरी दरखास्तको आधारमा प्रतिवादी नरीदेवी कसुरदार रहिछन् भनी मान्न मिल्ने नदेखिने ।

प्रमाण ऐन, २०३१ ले फौजदारी मुद्दामा अभियोग प्रमाणित गर्ने भार वादीमा राखेको छ । अभियोगपत्रमा दाबी लिएकै आधारमा मात्र कसैलाई पनि दोषी ठहर गर्न मिल्दैन । फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउने सर्वमान्य सिद्धान्त रहेको हुँदा प्रतिवादीको वारदातमा संलग्नता रहेको भन्ने कुरा वादी पक्षबाट पुष्टि गर्न नसकेको अवस्थामा शङ्काको आधारमा मात्र निजलाई कसुरदार ठहर गर्न फौजदारी न्यायको मान्यता विरूद्ध हुने देखिन्छ । प्रतिवादी नरीदेवीलाई अभियोग मागबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालत, तुलसीपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् नजिर सिद्धान्तसमेतको आधार प्रमाणबाट प्रतिवादी नरीदेवी रानालाई कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६७।२।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम् ।

२

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६८-CR-०३३१, कर्तव्य ज्यान, *राजकुमार वेघा वि. नेपाल सरकार*

प्रतिवादीको खुकुरीको प्रहारबाटै मृतकको मृत्यु भएको भन्नेमा विवाद देखिँदैन । पुनरावेदक प्रतिवादीको अधिकारप्राप्त अधिकारी तथा अदालतको बयानमा बाबुले आफूलाई खुकुरीले प्रहार गर्न लागेकाले तत्काल उठेको रिस थाम्न नसकेको कारण उक्त वारदात घट्न गएको भनी खुलाएको पाइन्छ । पुनरावेदक प्रतिवादीले मृतकको घाँटीलगायत शरीरका विभिन्न भागमा खुकुरीले पटकपटक यत्रतत्र प्रहार गरेको भन्ने लासजाँच मुचुल्कामा मृतकको घाँटीमा ६ इन्च लम्बाइ ३ इन्च गहिराइको घाउ, घाँटीपछाडि ५ इन्च लम्बाइ ४ इन्च गहिराइको काटेको घाउ, बायाँ कानको तल्लो भागमा काटेको, नाकमा काटेको, बायाँ खुट्टामा काटेको, बायाँ हातको कान्छी औँला काटेको भन्ने देखिन्छ । उक्त व्यवस्थासमेतको आधारमा आत्मरक्षाको व्याख्या गर्दा आफ्नो ज्यान लिन सक्ने अवस्थामा आफ्नो ज्यान जोगाउनसम्मको कार्य भएको हुनुपर्छ । आत्मरक्षाको लागि भएको वारदातमा जुलुमी भनिएका व्यक्तिलाई केही गर्दा त्यस्तो जुलुमीले आफूमाथि आक्रमण गर्नसक्ने अवस्थासम्मलाई रोक्नु पर्ने हो । तर प्रस्तुत वारदातमा पुनरावेदक प्रतिवादीले मृतकमाथि एकपटक खुकुरी प्रहार गरिसकेपछि निज भागी उम्कन सक्ने अवस्था थिएन भनी प्रमाणित गर्न सकेको पाइएन । एउटै व्यक्तिमाथि खुकुरीजस्तो जोखिमी हतियारले पटकपटक यत्रतत्र प्रहार गरेको कार्यलाई आत्मरक्षाको लागि भएको कार्य भन्न मिल्ने देखिएन । यस्तो कार्यलाई मार्ने मनसायले नै प्रहार गरेको मान्नु पर्ने देखिँदा अभियोग दाबीबमोजिम पुनरावेदक प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी भएको सुरूको फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, इलामबाट भएको

फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ उल्लिखित तथ्य, कानून एवम् विवेचनासमेतको आधारमा प्रस्तुत मुद्दामा बाबुलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी नभएको र पूर्वयोजनासमेत नभई तत्काल सिर्जना भएको घटना परिस्थितिको कारण उक्त वारदात घट्न गएको भन्ने देखिन्छ। बाँसको चोया काढ्न व्यस्त रहेका पुनरावेदक प्रतिवादीले अप्रत्यासितरूपमा आफ्नै बाबुलाई मारेको अवस्था देखिन्छ । पुनरावेदक प्रतिवादीको मौकाको बयान तथा अदालतसमक्षको बयानसमेतबाट मौकामा उठेको रिस थाम्न नसक्दा आफ्नै बाबुमाथि आफूसँग रहेको खुकुरी प्रहार गरी काटी मारेको भन्ने देखिन्छ । त्यस्तै पुनरावेदक प्रतिवादीले वारदात घटेपछि स्वयम् प्रहरीसमक्ष आत्मसमर्पण गरी अनुसन्धान तथा न्यायिक प्रक्रियालाई सहयोग गरेको देखिन्छ । यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीको उमेर, घटना परिस्थितिसमेतलाई विश्लेषण गरी पुनरावेदक प्रतिवादी राजकुमार वेघालाई दश वर्ष सजाय हुन मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०६७।१२।१६ को फैसला मनासिब देखिँदा रायसहित सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम्।

३

स.का.मु प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०७२-CR-०३६१, सवारी ज्यान, *नेपाल सरकार वि. रमेश श्रेष्ठ*

शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको छ । प्रस्तुत मुद्दामा प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको मनसाय रहेको भन्ने कहीँकतैबाट पुष्टि हुन सकेको छैन। पूर्वचिनजान पनि नभएको, मार्नुपर्नेसम्मको पूर्वइविलाग पनि नभएको, मृतकलाई मार्न पूर्वयोजनासमेत नभएकोमा प्रतिवादीले चरम लापरवाहीपूर्ण तवरबाट सवारी साधन चलाएको कारण बटुवालाई ठक्कर दिन पुगी सोही कारणबाट मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीको उक्त कसुरलाई माथि उल्लेख गरिएअनुसार सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(१) बमोजिमको मनसायप्रेरित कसुर भनी ऐ. बमोजिम सजाय गर्न मिल्ने नदेखिने।

अत्यधिक लापरवाहीपूर्ण तवरबाट अधिक गतिमा सवारी चलाई आफूभन्दा अगाडिका गाडीहरूलाई ओभरटेक गर्ने क्रममा बाटोमा हिँडी रहेकी बटुवालाई ठक्कर दिई सोही चोटको कारणबाट मृतकको मृत्यु भएको पुष्टि हुन आएकाले प्रस्तुत मुद्दामा उल्लिखित सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) नै आकर्षित हुने देखिँदा वादी नेपाल सरकारले पुनरावेदन अदालत, पाटनको फैसलामा ऐ. दफा १६१(१) को व्याख्यात्मक त्रुटि रहेको भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा आधार कारणसमेतबाट प्रतिवादी रमेश श्रेष्ठलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुरमा ऐ. को दफा १६१(२) बमोजिम ९ (नौ) वर्ष कैद सजाय हुने ठहर्‍याई भएको काठमाडौँ जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।७।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ जेठ ३ गते रोज २ शुभम्।

४

स.का.मु प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली, ०६९-CI-०८६४, अंश चलन, *लक्ष्मणराज पाण्डे वि. विश्वराज पाण्डेसमेत*

मुलुकी ऐन, दण्ड सजायको महलको ४६ नं. मा थप भएको अवस्थाअनुसार जिल्ला अदालत, नियमावली, २०५२ मा भएको चौथो संशोधन, २०६० ले पनि नियम ७८ ख थप गरी प्रतिवादीले अंश छुट्ट्याई लिन कार्यविधि तोकेको पाइयो । अतः २०५८ साल पछि आएको व्यवस्थाअनुसार २०४१।२।५ को फैसला प्रतिवादीले समेत दण्ड सजायको ४६ नं. बमोजिम अंश छुट्ट्याउन पाउने गरी मिति २०४५।४।२४ मा फैसला भएको भन्ने मान्न मिल्ने अवस्था नदेखिँदा प्रस्तुत मुद्दाका सन्दर्भमा प्राङ्न्यायको सिद्धान्त आकर्षित हुनसक्ने नदेखिने।

पुनरावेदक प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा प्रस्तुत मुद्दामा मुलुकी ऐन, अ.बं. ८५ नं. को गम्भीर त्रुटि भएको छ । पुनरावेदन अदालत, पाटनबाट भएको फैसलामा मुलुकी ऐन, दण्डसजायको ४६ नं. को गलत व्याख्या भएको छ । सर्वोच्च अदालतको फैसलाले पुनः अर्को अंश देउ भनेको होइन अंशसम्बन्धी विवादको टुङ्गो लागिसकेको छ मात्र भनेको हो । मुलुकी ऐन, अ.बं. ८५ को व्यवस्था सरोकारवालाहरू समेतलाई लाग्छ । आमाले अंश मुद्दा गरी अंश पाई फैसला अन्तिम भइसकेको अवस्थामा सो सम्पत्तिबाट अंश पाउने छोराहरूलाई पनि प्राङ्गन्यायको सिद्धान्त लागू हुन्छ । पटकपटक मुद्दा गरिरहनबाट मुलुकी ऐन, अ.बं. ८५ को कानूनी व्यवस्थाले रोक्दछ । अंश मुद्दाको फैसलाको कार्यान्वयन नगरी पुनः अंश मुद्दा दिएको फिराद खारेज गरिपाउँ भनी जिकिर लिएको देखिन्छ । अंश मुद्दा अन्तिम किनारा भइसकेपछि मुलुकी ऐन, दण्डसजायको ४६ नं. को कानूनी व्यवस्थाबमोजिम अंशबन्डा छुट्याउनका लागि जिल्ला अदालतको तहसिल शाखामा निवेदन दिई फैसला कार्यान्वयनको लागि जानुपर्छ भन्ने विषयमा विवाद गर्न नमिल्ने।

अंशियाराहरूमा अंशको हक जहिलेसुकै पनि कार्यान्वयन गरी लिन सक्ने गरी तोकेको देखिए पनि अंश हकबाट छुटाउन पाउने भनी अर्थ गर्न मिल्दैन। अंशको हकलाई उक्त कार्यविधिले सजिलो बनाएको हो । यसमा अंशसम्बन्धी सारवान् अधिकार पनि सन्निहित रहेको देखिनुका अतिरिक्त अंश प्राप्त गर्ने कार्यविधिलाई सहज र सरल बनाएको देखिन आउने।

माथि विवेचना गरिएका आधार कारण र प्रमाणहरू समेतबाट पुनरावेदक वादी प्रतिवादीहरूको मूल अंशियार ५ जना भएकोमा २ अंशियार देवकुमारी र ज्वालाराज पाण्डेले अंश हक छुट्ट्याई सकेको देखिँदा सर्वोच्च अदालतको मिति २०४१।२।५ को फैसलामा उल्लिखित सम्पत्तिबाट २ अंशियारको भाग छुट्टिई सकेको हुँदा बाँकी सम्पत्तिबाट ३ भागको १ भाग वादीहरूले छुट्ट्याई लिन पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।४।३२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख २९ गते रोज ४ शुभम्।

५

स.का.मु प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०७०-CR-१०३३, ०७०-CR-१०३४, ०७०-CR-१०३५, ०७०-CR-१३२० र ०७०-CR-११८६, कर्तव्य ज्यान, *विष्णुप्रसाद लामिछाने वि. नेपाल सरकार, ताराजंग लामिछाने वि. नेपाल सरकार, अर्जुनप्रसाद लामिछाने वि. नेपाल सरकार, रमेश लामिछाने वि. नेपाल सरकार र नेपाल सरकार वि. अर्जुनप्रसाद लामिछानेसमेत*

जिल्ला स्वास्थ्य कार्यालय, नुवाकोटको मृतक जानुका लामिछानेको पोष्टमार्टम रिपोर्टमा The most probable cause of death is cardiopulmonary arrest due to cut-throat भन्ने उल्लेख भएको देखिन्छ भने मेरो सहोदर दिदी नाताकी जिल्ला नुवाकोट रातमाटे गा.वि.स. वडा नं. २ बस्ने वर्ष ४० की जानुका लामिछानेलाई मिति २०६८।३।२ गते राति निज दिदीकै घरभित्र धारिलो हतियार घाँटीमा प्रहार गरी मारेकोले विष्णुप्रसाद लामिछाने, अर्जुन लामिछाने, रामेश्वर लामिछाने, रमेश लामिछाने, बच्चु भन्ने तारानाथ लामिछाने र जीवनाथ लामिछानेसमेत जना ६ लाई कारवाही गरी पाउँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्तसमेत पर्न आएको देखिँदा मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने पुष्टि हुन आउने।

अनुसन्धानका क्रममा बुझिएका रूद्रप्रसाद अधिकारी, तुलाध्वज लामिछाने, बलभद्र नेपाल, सुशीला लामिछाने, केदारनाथ लामिछाने, मेनुकासमेतका व्यक्तिहरूले प्रतिवादीहरूको संलग्नता र सल्लाहबमोजिम नै मृतकको हत्या भएको भनी लेखाई दिएको आधार र प्रमाणबाट यी प्रतिवादीहरू रमेश लामिछाने, बच्चु भन्ने ताराजंग लामिछाने र अर्जुन लामिछानेको मृतकलाई मार्नमा संलग्नता रहेको थिएन भन्न नमिल्ने।

अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरू रूद्रप्रसाद अधिकारी, तुलाध्वज लामिछाने, बलभद्र नेपाल, सुशीला लामिछाने, केदारनाथ लामिछाने, मेनुका लामिछानेसमेतका कसैले पनि यी प्रतिवादीहरू रामेश्वर लामिछाने र जीवनाथ लामिछानेसमेत मृतक जानुका लामिछानेलाई ठेगाना तह लगाउने सल्लाहमा उपस्थित रहेको वा यो यसरी मतलबमा पसेको भन्ने किटानी गरेको देखिँदैन । ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम मत सल्लाहमा पसी मार्ने ठाउँमा गई केही नगरी हेरिरहने र अरू किसिमको मतलबमा यी प्रतिवादीहरू रामेश्वर लामिछाने र जीवनाथ लामिछाने पसेको भन्ने अभियोग दाबी मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको नदेखिने।

प्रतिवादीहरू रमेश लामिछाने, बच्चु भन्ने ताराजंग लामिछाने र अर्जुन लामिछानेको अनुसन्धान क्रमको बयानबाट प्रतिवादीहरू विष्णुप्रसाद लामिछाने रमेश लामिछाने, बच्चु भन्ने ताराजंग लामिछाने र अर्जुन लामिछाने अलग्गै बसी मृतकलाई ठेगाना तह लगाउने भन्ने कुराकानी भएको भन्ने तथ्य मिसिलबाट देखिन आएको र प्रतिवादी रामेश्वर लामिछाने र जीवनाथ लामिछाने उक्त कुराकानीमा उपस्थित रहेको वा मतलबमा पसेको भन्ने कहिँकतैबाट पुष्टि हुन नआएकोले निज प्रतिवादीहरू रामेश्वर लामिछाने र जीवनाथ लामिछानेलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम सजाय गर्ने गरेको सुरू नुवाकोट जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरू रामेश्वर लामिछाने र जीवनाथ लामिछानेले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला निजहरूको हकमा अन्यथा गर्नुपर्ने नदेखिने।

अतः विश्लेषण गरिएका आधार कारण र प्रमाणहरूबाट सुरू नुवाकोट जिल्ला अदालतबाट प्रतिवादीमध्येका विष्णुप्रसाद लामिछानेका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादीहरू रमेश लामिछाने, बच्चु भन्ने ताराजंग लामिछाने र अर्जुन लामिछानेलाई ऐ. ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिम जनही १२ वर्ष कैद हुने ठहर्‍याई मिति २०६९।८।२१ मा भएको फैसला सदर हुने र प्रतिवादीहरू रामेश्वर लामिछाने र जीवनाथ लामिछानेको हकमा ऐ. ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम जनही ३ वर्ष कैद हुने ठहर्‍याएकोमा उक्त फैसला सो हदसम्म नमिलेकोले केही उल्टी भई निज प्रतिवादीहरू रामेश्वर लामिछाने र जीवनाथ लामिछानेले

आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।५।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरू विष्णुप्रसाद लामिछाने, रमेश लामिछाने, बच्चु भन्ने ताराजंग लामिछाने र अर्जुन लामिछाने तथा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख ३० गते रोज ५ शुभम्।

६

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र, ०६८-CR-०१८३, कर्तव्य ज्यान, *दीपक पाइज वि. नेपाल सरकार*

सामान्य समझ भएको व्यक्तिले टाउको जस्तो संवेदनशील ठाउँमा बाँसको लाठाले हिर्काउँदा मानिस मर्नसक्छ भनी बुझ्न सक्ने नै हुन्छ। पूर्वरिसइवी नभएको र मृतकलाई मार्ने पूर्वयोजना बनाएको नभए पनि मृतकले विद्यालयको पुराना जस्तापाता लगेको विषयमा प्रतिवादीले वारदातको दिन बिहानदेखि मृतकसँग निहुँ खोज्दै आएका र दिउसो सोही रिसइवीले मृतकको टाउको जस्तो संवेदनशील ठाउँमा बाँसको टेको जस्तो जोखिमी चिजले प्रहार गरेको भन्ने घटनाको प्रत्यक्षदर्शीको रूपमा रहेका मानिसहरूले किटानी पोल गरेको देखिँदा निज प्रतिवादीले मृतकलाई मार्ने मनसायले नहानेको हुँदा कम सजाय हुनुपर्ने भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित तथ्य तथा आधार प्रमाणबाट प्रतिवादी दीपक पाइजालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी भएको सुरू म्याग्दी जिल्ला अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०६७।१२।२ को फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादीको मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी र योजना रहेको नदेखिएको, सार्वजनिक सम्पत्तिको सुरक्षाको विषयमा छलफल हुँदा मृतक र प्रतिवादीबीच विवाद भई उठेको रिसको कारण प्रतिवादीले मृतकलाई कुटपिट गर्दा सोही चोटबाट मृतकको मृत्यु भएको, प्रतिवादीको पूर्वआचरण खराब थियो भनी कसैबाट पनि पोल हुन नसकेको अवस्थासमेतलाई दृष्टिगत गर्दा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं. १८८ नं. बमोजिम निजलाई १५ (पन्ध्र) वर्ष मात्र कैद सजाय गर्न उपयुक्त हुने नदेखिई निज प्रतिवादी दीपक पाईजालाई सोहीबमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम्।

७

स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०७२-RC-०१३६, ०७०-CR-१२८४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धर्म नेपाली (आउजी), नेपाल सरकार वि. धर्म नेपाली (आउजी) समेत*

प्रतिवादी धर्म नेपाली (आउजी) कर्तव्य गरी योगेन्द्र बहादुर शाहलाई मारेकोमा इन्कार रहे पनि आफू र मृतक योगेन्द्रबहादुर शाहबीच वादविवाद भएको, मृतक योगेन्द्रबहादुर शाहले आफूलाई कुटेको कारण बदला लिन साथीभाइ बटुली ठकुरी (योगेन्द्र) लाई मार भनी लखेट्दै गएको तथ्यलाई स्वीकार गरेकै देखिन्छ। प्रस्तुत वारदातमा प्रत्यक्षदर्शी साक्षीको अभाव रहेको देखिए तापनि समग्र घटना एवम् परिस्थितिजन्य प्रमाणको मूल्याङ्कन गर्दा मृतक र प्रतिवादीबीच

वादविवाद भएको तथ्य स्थापित हुनु, प्रतिवादी धर्म नेपाली (आउजी) आफ्ना साथीहरूको हुलसमेत लिई मृतकलाई मार मार भनी लखेट्दै जानु र मृतकको लास कर्तव्यबाट मरेको अवस्थामा फेला पर्नु तथा मौकामा रगत लागेको लाठी र ढुंगा बरामद भएको समेतका तथ्यले धर्म नेपाली (आउजी) को मृतक योगेन्द्रबहादुर शाहलाई मार्नुमा संलग्नता रहेको प्रस्ट हुन आउने हुँदा यस अवस्थामा निज प्रतिवादी धर्म आउजी नेपालीको उक्त आपराधिक कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ (३) नं. बमोजिम परिभाषित कसुरअन्तर्गतको भएकोले निजलाई ऐ.१३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू बाजुरा जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहर गरी पुनरावेदन अदालत, दिपायलबाट भएको फैसला निज प्रतिवादी धर्म आउजी नेपालीको हकमा मिलेकै देखिँदा अन्यथा परिवर्तन गर्नुपर्ने नदेखिने।

केवल वारदातका दिनमा मृतकसँगै हिँडेका कारण शङ्काको भरमा प्रतिवादीद्वय रंजित के.सी. र गोपाल सिंह बोहरा विरूद्ध जाहेरी दिएको देखिन्छ । वस्तुस्थिति र घटना विवरण कागजका मानिसको भनाइसमेत शङ्कामा आधारित रहेको पाइन्छ । ठोस र तथ्ययुक्त प्रमाणको अभावमा कर्तव्य ज्यानजस्तो गम्भीर प्रकृतिको फौजदारी मुद्दामा केवल शङ्काको भरमा परेको जाहेरी र अभियोग पत्रको आधारमा मात्र यी प्रतिवादीहरूलाई सजाय गर्नु न्यायोचित नदेखिँदा प्रतिवादीहरू रंजित के.सी. र गोपाल सिंह बोहराको हकमा सुरू बाजुरा जिल्ला अदालतले गरेको फैसला मिलेकै देखिँदा सुरू बाजुरा जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहर गरी पुनरावेदन अदालत, दिपायलबाट भएको फैसला मिलेकै देखिने।

प्रतिवादी अजम्बर श्रेष्ठउपरको अभियोग प्रमाणित हुने ठोस तथ्य प्रमाण वादी नेपाल सरकारले अदालतसमक्ष पेस गर्न सकेको नदेखिँदा ठोस तथ्ययुक्त प्रमाणको अभावमा प्रतिवादी अजम्बर श्रेष्ठलाई कसुरदार ठहर गरी सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने हुँदा निज प्रतिवादी अजम्बर श्रेष्ठलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याएको सुरू बाजुरा जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहर गरी पुनरावेदन अदालत, दिपायलबाट भएको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी भीमबहादुर साउद र मोहन भन्ने महेन्द्र साउद अदालतसमक्ष आरोपित कसुरमा इन्कार रहेका छन् र निजहरूको सो इन्कारी बयानलाई उनीहरूका साक्षी पदमबहादुर साउदले समर्थन गरी बकपत्र गरिदिएको पाइन्छ । अधिकारप्राप्त अधिकारीसमक्ष गरेको निराधार पोलको आधारमा मात्र यी प्रतिवादी भीमबहादुर साउद र महेन्द्र साउदलाई कसुरदार ठहर गर्नु न्यायोचित नदेखिँदा प्रतिवादीहरू भीमबहादुर साउद र मोहन भन्ने महेन्द्र साउदलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू बाजुरा जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, दिपायलको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी भगिराम घिमिरे र कमल सिंहसमेतको प्रस्तुत वारदातमा संलग्नता रहेको तथ्य कहीँकतैबाट पुष्टि हुन नसकेको अवस्थामा ज्यान जस्तो गम्भीर फौजदारी अपराधमा दोषी ठहर गर्नु न्यायोचित देखिएन । तसर्थ निज प्रतिवादीहरू भगिराम घिमिरे र कमल सिंह बोहरालाई आरोपित कसुर सजायबाट सफाइ दिनेगरी सुरू बाजुरा जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, दिपायलको फैसला मिलेकै देखिँदा अन्यथा परिवर्तन गर्नुपर्ने नदेखिने।

तसर्थ उल्लिखित तथ्य एवम् विश्लेषण गरिएका आधार कारण र प्रमाणबाट प्रतिवादी धर्म आउजी (नेपाली) ले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिमको आपराधिक कसुर

गरेको तथ्य परिस्थितिजन्य प्रमाणबाट पुष्टि भई निजलाई सर्वस्वसहित जन्मकैदको सजाय ठहर हुने र अन्य प्रतिवादीहरू रंजित के.सी., गोपाल सिंह बोहरा, कमल सिंह बोहरा, भिमबहादुर साउद, मोहन भन्ने महेन्द्र साउद, भगिराम घिमिरे, गोपाल भन्ने अजम्बर श्रेष्ठसमेतका हकमा अभियोग दाबी पुष्टि हुन नसक्ने ठहर्‍याएको सुरू बाजुरा जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, दिपायलबाट मिति २०७०।६।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी धर्म आउजी नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ४ नं. बमोजिम लास जाँच भई नसक्दै दबाउनका मतलबले लास फाल्ने कार्यसमेत गरेकाले थप ६ महिना कैद सजायसमेत गरिपाउँ तथा अन्य प्रतिवादीहरूलाई समेत अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल वैशाख २८ गते रोज ३ शुभम् ।

८

स.का.मु.प्र.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७०-CR-१७२७, जबरजस्ती करणी, *प्रदीप बाजे भन्ने प्रधुनप्रसाद पौडेल वि. नेपाल सरकार*

प्रस्तुत वारदातमा पीडितको उमेर ६ वर्षको देखिएको छ । यसका साथै पीडित विरूद्ध प्रतिवादीले कुनै हिंसा वा कुटपिट गरेको देखिँदैन । पीडितको शरीरको अन्य भागमा कुनै चोटपटकसमेत लागेको देखिँदैन । कन्याजाली च्यातेको, स्वाबको रिपोर्टमा केही नभेटिएकोबाट लिङ्ग पूर्ण प्रवेश गरेको भन्ने अवस्था नभएकोसमेतको आधारहरूबाट प्रतिवादी प्रदीप बाजे भन्ने प्रधुनप्रसाद पौडेललाई जबरजस्ती करणीको महलको ३ को देहाय (१) नं. बमोजिम १० वर्ष कैद सजाय हुन तथा पीडितलाई पुग्न गएको क्षति एवम् प्रतिवादीको आर्थिक अवस्थासमेतलाई विचार गर्दा अभियोग माग दाबीअनुसार जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादी प्रदीप बाजे भन्ने प्रधुनप्रसाद पौडेलबाट पीडित 'कालीमाटी ज्ञ' लाई रू. ५०,०००/- क्षतिपूर्तिबापत भराइदिने गरी पुनरावेदन अदालतबाट भएको फैसला उपयुक्त नै हुने देखिन आउने ।

अतः माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादी प्रदीप बाजे भन्ने प्रधुनप्रसाद पौडेलले जबरजस्ती करणीको उद्योग गरेकोले निजलाई ६ वर्ष कैद सजाय हुने ठहर्‍याएको काठमाडौं जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रतिवादी प्रदीप बाजे भन्ने प्रधुनप्रसाद पौडेललाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. बमोजिमको अभियोगमा ऐ.को ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय हुने र निज प्रतिवादीबाट सोही महलको १० नं. बमोजिम रू. ५०,०००।- क्षतिपूर्तिबापत पीडितलाई भराइदिने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०/१०/७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल जेठ १७ गते रोज २ शुभम् ।

इजलास नं. १

मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६८-CR-०१२४, कर्तव्य ज्यान, *कर्णबहादुर थापामगरसमेत वि. नेपाल सरकार*

पोस्टमार्टम गर्दा नाकबाट रगत आएको नदेखिएको र शरीरको अन्य भागमा र शरीरको अन्य भागमा घाउ चोट नभएको, साथै शव परीक्षणबाट मृत्युको कारण नखुलेको हुँदा भिसेरा गर्न पठाइएको हो । भिसेरा परीक्षणबाट पनि विषादी सेवन गरेको

खुल्न नआएकोले मृत्युको कारण खुलाउन नसकेको भनी शव परीक्षण गर्ने डा. विकासराज थापाले बकपत्र गरेको देखिन्छ । यसरी मृतक खड्कबहादुर सिंहको मृत्यु के कुन कारणबाट भएको भन्ने नखुल्नुका अतिरिक्त पुनरावेदक प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको भन्ने शङ्कारहित प्रमाण मिसिल सामेल रहेको पाइएन । यस्तो संदिग्धताको अवस्थामा जाहेरी व्यहोरा अन्य स्वतन्त्र र संकलित प्रमाणबाट समर्थित नभएसम्म मृतकको मृत्यु प्रतिवादीहरूकै कर्तव्यबाट भएको भनी अनुमान गर्न मिल्ने नदेखिने ।

ज्यान मारेको भन्ने मुद्दामा सजाय हुनुलाई मनसाय तत्त्वको महत्त्वपूर्ण भूमिका रहन जान्छ । मनसायबमोजिमको कार्य व्यवहारबाट देखिनु पर्दछ । मनसाय थियो थिएन भन्ने कुरा सोहीअनुरूप अभियुक्तको कार्य सम्पन्न भए नभएको तथ्यबाट प्रमाणित हुनुपर्छ । प्रस्तुत वारदातका सम्बन्धमा पेस भएका प्रमाण र सम्बद्ध कानूनी व्यवस्थासमेतको मूल्याङ्कन गर्दा अभियुक्तको आपराधिक कार्य एवम् कसुर खम्बीर हुने प्रकृतिको प्रमाण पेस हुन सकेको देखिँदैन । मृतकको कारणमा संदिग्धता रहेको पाइन्छ । पुनरावेदक प्रतिवादीहरू र मृतकको सम्बन्धबाट ज्यानै लिनुपर्नेसम्मको अवस्था देखिएको छैन । वारदातस्थलमा सँगै बसेका प्रेमबहादुर चन्द, खड्कबहादुर चन्दसमेतका व्यक्तिहरूको भनाइबाट मृतकको मृत्यु पुनरावेदक प्रतिवादीहरूका कारणबाट भएको भन्ने नदेखिएको र मौकामा बुझिएका हरिबहादुर चन्द, अमृता चन्द, वीरबहादुर चन्दसमेतका व्यक्तिहरूले प्रतिवादीहरूको कारणबाट मृतकको मृत्यु भएको होइन भनी गरेको कागजसमेतका सम्बद्ध प्रमाणबाट प्रतिवादीहरूको कसुर अपराधमा संलग्नता रहेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट शङ्कारहितरूपमा पुष्टि हुन नआएकोले पुनरावेदक प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. विपरीतको कसुर अपराधमा ऐ. १३(३) बमोजिम सजाय गरेको पुनरावेदन अदालत, सुर्खेतको फैसला मनासिब देखिन नआउने ।

अत: उल्लिखित विवेचना, तथ्य र प्रमाणबाट पुनरावेदक प्रतिवादीहरू निर्दोष भएको पुष्टि हुन आएको हुँदा पुनरावेदक प्रतिवादी कर्णबहादुर थापा र भुपेन्द्रबहादुर चन्दलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुर्खेत जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी पुनरावदेन अदालत, सुर्खेतबाट मिति २०६८।१।१२ मा भएको फैसला मिलेको नदेखिएकोले उल्टी भई पुनरावेदक प्रतिवादीहरू कर्णबहादुर थापा र भुपेन्द्रबहादुर चन्दले अभियोग माग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: दिलीपराज पन्त
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल माघ ४ गते रोज २ शुभम् ।

इजलास नं. २

१

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०७२-WO-१११२, उत्प्रेषण / परमादेश, *रजनिशकुमार राय वि. विशेष अदालत, काठमाडौंसमेत*

मुलुकी ऐन, अ.बं. ११० नं. को कानूनी व्यवस्था हेर्दा म्याद सूचना जारी भएको सम्बन्धित व्यक्ति फेला परेमा फेला पारी सम्बन्धित व्यक्तिलाई म्याद लिई जाने सरकारी कर्मचारीले चिनेको अवस्थामा सम्बन्धित व्यक्तिलाई जहाँ पनि म्याद बुझाई तामेल गर्न सकिने देखियो । तर सम्बन्धित व्यक्ति नचिनेको वा फेला नपरेको अवस्थामा सम्बन्धित व्यक्तिको घर डेरा पत्ता लगाई सम्बन्धित व्यक्तिलाई म्याद बुझाई तामेल गर्दा वा सम्बन्धित व्यक्ति फेला नपरी एकासगोलका उमेर पुगेका व्यक्तिलाई म्याद बुझाई तामेल गर्दा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा

सचिव र अरू स्थानीय दुईजना भलाद्मी रोहबरमा राखी म्याद तामेल भएमा मात्र रीतपूर्वक तामेल भएको मानिने कानूनी व्यवस्था रहेको देखियो । यसप्रकार सरकारी कर्मचारीले चिनेर म्याद बुझाएको अवस्थामा बाहेक म्याद तामेल गर्दा स्थानीय निकायको प्रतिनिधि र दुई जना स्थानीय भलाद्मी रोहबरमा राख्नु पर्ने कानूनी व्यवस्था रहेको देखियो । यो म्याद तामेली प्रक्रियामा अवलम्बन हुने स्वेच्छिक व्यवस्था नभई बाध्यात्मकरूपमा पूरा गर्नुपर्ने कार्यविधिगत कानूनी प्रश्न रहेको कुरा म्याद तामेल सम्बन्धमा रोहबरमा राख्नेसम्बन्धी मुलुकी ऐन, अदालती बन्दोबस्तको ११० नं. को उक्त कानूनी व्यवस्थामा "र" भन्ने शब्दावलीको प्रयोगबाट स्पष्ट हुन आउने ।

तामेली म्यादमा दुई जना स्थानीय व्यक्तिको उपस्थिति परे पनि मुलुकी ऐन, अ.बं.११० नं. को म्याद तामेलीसम्बन्धी कानूनी व्यवस्थाअनुसार सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा सचिवलाई समेत अनिवार्यरूपमा रोहबरमा राख्नु पर्ने हुन्छ । तर, तामेली म्यादमा स्थानीय निकायको सदस्य वा सचिवलाई रोहबरमा राखेको नदेखिँदा रीतपूर्वक म्याद तामेल भएको हो भनी मान्न सकिने अवस्था नरहने ।

बेरीतपूर्वक तामेल भएको म्यादलाई अड्डाले बदर गरी पुनः म्याद जारी गरी रीतपूर्वक तामेल गराई प्रतिवादीलाई सुनुवाइको मौका दिई तथ्य, कानून र प्रमाणको आधारमा निर्णय गर्नुपर्ने देखिँदा यी रिट निवेदक रजनिशकुमार रायउपर विशेष अदालत, काठमाडौंमा दायर भएको भ्रष्टाचार मुद्दामा निजका नाममा जारी भई मिति २०७१।१०।१५ मा तामेल भएको म्याद बेरीतको देखिई निजले उक्त मुद्दामा सुनुवाइको मौका पाएको नदेखिँदा निजका नाममा तामेल भएको उक्त म्याद र सो म्यादका आधारमा निजलाई फरारी देखाई विशेष अदालत, काठमाडौंबाट मिति २०७२।२।२७ मा भएको फैसला र उक्त फैसलाले लागेको ६ महिना कैद र जरिवाना रू.३,१९,२५०।- बापत विशेष अदालत, काठमाडौंले मिति २०७३।३।५ मा कैद ठेकी कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा थुनामा राख्न पठाएको कैदी पुर्जीसमेत निवेदकको हकमा सम्म कानूनसम्मत नहुँदा निवेदन मागबमोजिम निजको हकमा सम्म मात्र तामेली म्याद, फैसलालगायतका कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर भई निवेदक रजनिशकुमार रायलाई गैरकानूनी थुनाबाट मुक्त गरी प्रस्तुत मुद्दाको कारवाही र किनारा गर्ने प्रयोजनको लागि निवेदकलाई विशेष अदालत, काठमाडौंमा उपस्थित गराई दिनु भनी कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा लेखी पठाउने र निवेदकलाई थुनामा रहेको कारागार कार्यालयबाट विशेष अदालत, काठमाडौंमा उपस्थित गराएपश्चात् प्रस्तुत मुद्दाको कारवाही किनारा गर्नु भनी विशेष अदालत, काठमाडौंका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल साउन १२ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७२-WH-००७८, बन्दीप्रत्यक्षीकरण, *रजनिश कुमार राय वि. विशेष अदालत, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६७-CI-११३६, अंश दर्ता, *प्रभावती देवी सोनारिन वि. राम दुलारी देवी सोनारिनसमेत*

नातामा विवाद उठेपछि यकिन गर्नका लागि सर्वप्रथम वादी प्रतिवादीबाट बयान लिनुपर्ने, बयान गर्ने क्रममा नातासँग सम्बन्धित कुनै कागज प्रमाण पेस हुन आएमा सोसमेत अ.बं.७८ नं. बमोजिम एक अर्कालाई देखाई सुनाई मिसिलबाट देखिएको तथ्य र प्रमाणका आधारमा वादी र प्रतिवादीबीचमा अंशियार

नाता सम्बन्ध रहे नरहेको निर्णय गर्नुपर्ने देखिन आउँछ । उपर्युक्तबमोजिमको विधि र प्रक्रियाद्वारा नाताको विवाद समाधान गरेपछि मात्र न्यायकर्ताले अंशतर्फको वादी दाबी पुग्ने नपुग्ने के हो निर्णय गर्नुपर्ने । परेकै अंश मुद्दाबाट वादी प्रतिवादीको बयान लिई सो बयान वादी र प्रतिवादीको रूपमा अदालतले ग्रहण गर्दछ । बयानमा उल्लिखित सबुत प्रमाण पनि बुझ्ने काम हुन्छ । यसप्रकार अंशजस्तो देवानी मुद्दाको एउटै मिसिलबाट नाता कायम फौजदारी मुद्दाको उठान भई त्यसतर्फ पनि फैसलामा बोलिनु पर्ने हुन्छ । तर, यस मुद्दामा प्रतिवादीहरूले वादीउपर दोस्रो विवाह गरेको भनी नातामा विवाद देखाएपछि जिल्ला अदालतबाट नाता यकिनका लागि वादी प्रतिवादीको बयान गराउने, सोसँग सम्बद्ध प्रमाण भए पेस गर्न मौका दिने र पेस हुन आएका प्रमाण एकअर्कालाई सुनाउने जस्ता कानूनले तोकेबमोजिमका कार्यविधिहरूको अवलम्बन नै नगरी वादीले दोस्रो विवाह गरेको भन्ने निष्कर्षमा पुगी अंश पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरेको देखिँदा कानूनको उचित प्रक्रियाको परिपालन जिल्ला तथा पुनरावेदन अदालतहरूबाट भएको देखिन आएन । यसप्रकार कानूनले अनिवार्यरूपमा परिपालन गर्नुपर्ने कार्यविधि पूरा गरी नाताकायमतर्फ फौजदारी मुद्दाको उठान नै नगरी अंश सम्बन्धमा भएको जिल्ला तथा पुनरावेदन अदालतको फैसला मिलेको देखिन नआउने । मातहतको अदालतबाट कार्यविधिगत त्रुटि गरी भएको फैसला नमिलेको अवस्थामा पुनरावेदनको रोहबाट हेरिँदा पुर्‍याउनु पर्ने कार्यविधि पूरा गरी जे जो निर्णय गर्न पर्ने हो त्यो गरिनु पर्छ वा उक्त कार्यविधि पूरा गरी पुनः इन्साफ गर्ने प्रयोजनार्थ नमिलेको फैसला बदर गरी मातहतको अदालतमा पठाउनु पर्ने हो भन्ने विषयमा नै विचार गरिनु पर्ने हुन आयो । प्रक्रियागत कार्यविधि पूरा गरी निर्णय गर्न तल पठाउने हो वा पुनरावेदनकै रोहबाट कार्यविधि पूरा गरी यथोचित निर्णय गर्नुपर्ने हो भन्ने विषय निर्णय गरिने विषयवस्तु, तत्सम्बन्धमा रहेका कानूनी प्रावधान र मुद्दाको रोहसमेतमा भर पर्ने ।

मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बन्धित कुनै प्रमाण बुझ्न सुरू अदालतले छुटाएको देखिएमा पुनरावेदनकै रोहबाट अ.बं. ७८ नं. बमोजिम वादीको प्रमाणको कागज प्रतिवादीलाई र प्रतिवादीको प्रमाणको कागज वादीलाई सक्कलै देखाई सद्दे किर्ते वा जालसाजी के हो सो सम्बन्धमा बयान गराई पुनरावेदन सुन्ने अदालतबाट प्रमाण बुझी निर्णय गरिन्छ । यस्तो अवस्थामा निर्णय गर्न तल्लो अदालतमा पठाउन मिल्दैन । तल्लो अदालतले बुझ्न छुटाएका प्रमाणसमेत बुझी निर्णय गर्ने अधिकार न्याय प्रशासन ऐन, २०४८ को दफा १४ को देहाय (ग) ले पुनरावेदन सुन्ने अदालतलाई प्रदान गरेको देखिन्छ र पुनरावेदन तहमै यो निर्णय हुनुपर्ने । नाता कायम जस्तो विवादको निरूपण गर्ने सुरू तह जिल्ला अदालत नै हो । नाता कायमतर्फ वादी प्रतिवादीको रूपमा पक्ष विपक्षहरूका बयानहरू भई निजहरूले प्रमाण पेस गरेमा पेस भएका प्रमाणहरूको परीक्षणसमेत हुने हुँदा यस्तो प्रमाण बुझ्ने कार्य गर्न छुटाई सुरूले विधिवत् निर्णय नगरी सकेको छुट्टै प्रश्न वा विषयमा प्रमाण बुझी निर्णय गर्ने अधिकार पुनरावेदनको रोहमा इन्साफ जाँच गर्ने अदालतको नभई सुरू अदालतको अधिकार क्षेत्रमा पर्दछ । यस्ता प्रकृतिका विवादमा पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको रोहमा प्रमाण बुझी निर्णय गरेमा संकलन भएका सबुद प्रमाणको खण्डन गरी पुनरावेदन गर्न पाउने हक अधिकारबाट पक्ष वञ्चित हुन पुग्ने ।

प्रस्तुत मुद्दामा अंशसम्बन्धी देवानी प्रकृतिको विवादमा वादी प्रभावती देवी राघवप्रसाद सोनारको श्रीमती नाता नपर्ने भनी प्रतिउत्तरबाट उठेको फौजदारी प्रश्नमा अ.बं. ८० नं. समेत अनुसार वादी प्रतिवादीलाई बयान गराउने, प्रमाण पेस गर्न मौका दिने र पेस भएका प्रमाणको परीक्षण गर्नेसमेतका बाध्यात्मकरूपमा पालन गर्नुपर्ने कानूनी कार्यविधि अनुशरण गरी प्रमाण

संकलन गरी विधिवत् नाता कायमको मुद्दा उठानै नगरी पुनरावेदक वादी प्रभावती देवी स्व.राघवप्रसाद सोनारको लोग्ने नरहेको भनी अंशको वादी दाबी नपुग्ने ठहर गरेको पर्सा जिल्ला अदालतको मिति २०६५।५।४ को फैसला पुनरावेदनको रोहमा इन्साफ जाँच गर्दासमेत सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।३।२५ मा भएको फैसलामा अ.बं. ८० नं. र १९२ नं. को प्रत्यक्ष कानूनी त्रुटि रही मिलेको नदेखिँदा बदर गर्नुपर्ने हुन आउने।

तसर्थ, माथि उल्लिखित आधार र कारणबाट सुरू पर्सा जिल्ला अदालतको मिति २०६५।५।४ र पुनरावेदन अदालत, हेटौंडाको मिति ०६७।३।२५ को फैसला बदर गरिदिएको छ। अब अनुपस्थित पक्षलाई झिकाई मुलुकी ऐन, अ.बं.८० नं. अनुरूप नातामा बयान गराई जो जे बुझ्नुपर्छ बुझी मिसिल प्राप्त भई दर्ता भएको मितिले ६ महिनाभित्र फैसला गर्नु भनी उपस्थित पक्ष विपक्षलाई सुरू पर्सा जिल्ला अदालतको तारेख तोकी सुरू मिसिलसमेत पठाई दिने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल भदौ १३ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-०९६०, बेइज्जती, *प्रभावती देवी सोनारिन वि. पारस साह सोनारिनसमेत*
- ०६७-CR०९६१, बेइज्जती, *प्रभावती देवी सोनारिन वि. रामदुलारी देवी सोनारिनसमेत*

३

मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६८-CR-००५६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चित्रमान राई*

मृतक टेकबहादुर राई बाबु र प्रतिवादी चित्रमान राई मृतकका छोरा हुन्। बाबुले छोरालाई भनेबमोजिम दाउरा चिर्न नमानेको कारणले मृतकले प्रतिवादीलाई लात्तीले हानी भुँडी फुटाइदिन्छु भनी नाङ्लोले प्रहार गरेको र प्रतिवादीले मृतकको टाउकोमा दाउरा प्रहार गरेको देखिन्छ। यसरी प्रतिवादीले तत्काल आवेगमा आई प्रहार गरेको दाउराको चोटबाट मृतकको मृत्यु भएको वारदातको घटनाक्रमबाट देखिँदा निजको कसुर ज्यानसम्बन्धीको महलको १४ नं. को परिधिभित्रको आवेशप्रेरित देखिन आउने।

प्रतिवादी चित्रमान राईले आफ्नो उमेर १६ वर्ष भनी अनुसन्धान अधिकारीसमक्ष भने तापनि अदालतसमक्ष बयान गर्दा आफ्नो उमेर १५ वर्ष भनी लेखाई दिएको पाइन्छ। जाहेरी दरखास्तमा र अभियोग पत्रमा निजको उमेर १६ वर्ष उल्लेख भएको छ। अभियोग लगाइएको प्रतिवादीको उमेर साबालक हो भन्ने पुष्टि गर्ने प्रमाणको भार प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षमा रहन्छ। तर वादी पक्षले निजको उमेर सम्बन्धमा कुनै तथ्यगत प्रमाण संकलन गरी अभियोगबमोजिमको उमेर प्रमाणित गर्न सकेको पाइँदैन। अनुसन्धान अधिकारी र अदालतसमक्ष भएको बयानमा पृथकता भएमा अदालतको बयानलाई नै विश्वसनीय र ग्रहणशील मान्नु पर्ने।

तसर्थ प्रतिवादी चित्रमान राईले कसुर गरेको पुष्टि भएको, निजको कसुर ज्यानसम्बन्धीको महलको १४ नं. अन्तर्गतको आवेशप्रेरित भएको र उमेरले निज नाबालक देखिँदा सो १४ नं. बमोजिम प्रतिवादीलाई १० वर्ष कैद सजाय हुनेमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा ५ वर्ष कैद हुने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।९।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम्।

इजलास नं. ३

१

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०६९-WO-१३१३, उत्प्रेषण / परमादेश, *भागवत राउत वि. पुनरावेदन हेटौंडासमेत*

फैसलाबमोजिमको कार्यान्वयन गर्दा वा चलन चलाउँदासमेतको अवस्थामा अदालतले कानूनद्वारा निर्देशित कानूनी व्यवस्थाको अनुशरण गर्नुपर्दछ । अंश मुद्दामा यी निवेदकहरूले सुरू म्याद गुजारी बसेकोले पुनरावेदनको म्याद दिनु नपर्ने भनी व्यहोरा उल्लेख भएबाट पुनरावेदन नपरी अंश मुद्दा अन्तिम भएर बसेको देखिन्छ। अंश मुद्दाले अंशियारको अंश हकलाई सुनिश्चित गर्दछ । अदालतले फैसलाबमोजिम बन्डा गरी अंश हक प्रचलनमा ल्याउने हो । निवेदकहरूले आफूहरूको उपस्थितिबेगर भएको बन्डा मुचुल्का बदरयोग्य छ भन्ने तथ्य उजागर गरेको देखिन्छ । तर सो बन्डा मुचुल्का के कुन कारणले बदर गरिनु पर्ने हो भन्ने कुरा ठोसरूपमा देखाउन र भन्न सकेको देखिँदैन । प्रथमतः अंश मुद्दामा नै प्रतिउत्तर नफिराई बसेका निवेदकहरूले फैसलाबमोजिम आफैँले अग्रसर भई वादी विपक्षीलाई अंश भाग छुट्याई दिनुपर्ने हुन्थ्यो भने द्वित्तीयतः आफैँ अग्रसर नभए पनि अदालतले अड्डैबाट कानूनबमोजिम छुट्याएको अंश भागलाई स्वीकार गरी अंशचलन कार्यलाई सहजता प्रदान गर्नुपर्ने हुन्थ्यो । अन्तिम भएर बसेको फैसला कार्यान्वयनको क्रममा रीतपूर्वकको छ भने त्यसमा माथिल्लो अदालतले हस्तक्षेप गर्दैन । प्रस्तुत विवादमा बन्डा मुचुल्का हेर्दा निवेदकमध्येका हरिनारायण प्रसाद यादवबाट वादीले कोर्ट फी लिएको देखिन्छ भने अर्का निवेदक भागवतप्रसाद यादव हाजिर भई कोर्ट फी रू. १०,४५४।२५, मिति २०६९।७।२७ मा बुझाई तोकिएको तारिख गुजारी बसेको कुरा विपक्षीको लिखित जवाफबाट देखिन्छ । उक्त कुरालाई निवेदकहरूले अन्यथा भन्न सकेको देखिँदैन । यसप्रकार बन्डा मुचुल्का प्राकृतिक न्यायको सिद्धान्तविपरीत नदेखिई कानूनसम्मत देखिनुको अतिरिक्त बन्डा मुचुल्काबमोजिमका जग्गा विपक्षी मालपोत कार्यालय, बाराको मिति २०७०।२।२८ को टिप्पणी आदेशले अंश पाएका जग्गाहरूको कित्ताकाट भई विपक्षी हरिशंकरप्रसाद यादवको नाममा दाखिल दर्ता भइसकेको भन्ने कुरा विपक्षी मालपोत कार्यालयको लिखित जवाफबाट देखिएकोले मिति २०६९।१०।१६ को बन्डा मुचुल्का र पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।२।९ को आदेश निवेदन मागबमोजिम बदर गर्न मिल्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६८-CR-०१४२, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. लालकुमार गुरूङसमेत*

विपक्षी प्रतिवादी कामिल हुसैनको हकमा विचार गर्दा स.वा.फौ.पु.नं. १३८५ को लागु औषध मुद्दामा प्रतिवादीबाट १२० ग्राम लागु औषध बरामद भएको र सोही मुद्दामा निजलाई १५ (पन्ध्र) वर्ष कैद र पाँच लाख जरिवाना गर्ने गरी भएको सुरू इन्साफ सदर हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसलाउपर सर्वोच्च अदालतमा मिति २०६८।५।१९ मा ०६८-CR-०२७५ पुनरावेदन परी अ.बं.९२ नं.बमोजिम मुद्दा फिर्ता पाउँ भनी पुनरावेदक प्रतिवादी कामिल हुसैनको सर्वोच्च अदालतमा निवेदन परी मिति २०७३।१।१६मा मागबमोजिम मुद्दा फिर्ता भएको देखिन्छ । यसरी लागु औषध मुद्दामा प्रतिवादीबाट १२० ग्राम लागु औषध बरामद भएको र सोही मुद्दामा

निजलाई १५ (पन्ध्र) वर्ष कैद र पाँच लाख जरिवाना गर्ने गरी भएको फैसला अन्तिम भइरहेको र प्रस्तुत मुद्दाबाट निजको साथबाट लागु औषध बरामद नहुनुको साथै नेपालको अन्तरिम संविधान २०६३ को धारा २४(६) र दण्ड सजायको महलको १० नं. ले ठूला सजाय पछि सानो सजाय नहुने कानूनी व्यवस्था रहे भएको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादीलाई सजाय नहुने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

विपक्षी प्रतिवादी कामिल हुसैनलाई मौकामा पोल गरी पक्राउ गर्न मद्दत गरेको अवस्था र अभियोजन पक्षले समेत लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १८(ग) को कम सजायको दाबी लिएको अवस्थालाई दृष्टिगत गर्दा उक्त ऐनको दफा १४(१) (छ)(१) बमोजिम न्यूनतम रू. ५,०००।- (पाँच हजार) जरिवाना र ५ (पाँच) वर्ष कैद सजाय हुनेमा सुरू अदालतले जनही ४,५००।- (चार हजार पाँच सय) जरिवाना र ४ (चार) वर्ष कैदको सजाय गर्ने गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

लागु औषध बिक्रीसमेत गर्नेमा समर्थित भइरहेको अवस्थामा प्रतिवादी डिकबहादुरको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८(ग) बमोजिम छुट पाउनको लागि वादी दाबी हुनुपर्छ अनि अदालतले प्रमाण विवेक र कानूनको मनसायलाई व्याख्या गरी छुट दिनसक्छ तर जसको उपर छुटको माग नै छैन त्यसलाई विना कारण कैद छुट दिएको कार्य कानूनसम्मत भन्न नमिल्ने।

तसर्थः छुट माग दाबी नै नभएकोमा निज डिकबहादुर गुरूङलाई समेत सोबमोजिम कैद वर्ष एक र जरिवाना रू.५००।– पाँचसय, जरिवाना छुट दिएको हदसम्म २०६७।२।४ को फैसला केही उल्टी भई कैद वर्ष ५ र जरिवाना रू.५,०००।– हुने ठहर्छ । अन्यमा सो मितिका फैसला सदर हुने ठहर्छ । लालकुमार गुरूङ र कामिल हुसेनको हकमा पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल जेठ ११ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६७-CR-१२५६, कर्तव्य ज्यान, *रमेश कामतीसमेत वि. नेपाल सरकार*

प्रतिवादी रमेश कामती र ललु कामती अधिकारप्राप्त अधिकारीसमक्ष र सुरू अदालतमा समेत मृतक अर्जुन कामतीलाई सिरानीले थिची हात समाई टेलिफोनको तारले गर्दनमा कसी अमानवीय तवरले मारेको तथ्यमा साबित रहेको र सो तथ्य बरामदी तार, मोबाइलका टुक्राहरू, सिरानीसमेतबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीको ज्यान मार्ने मनसाय थिएन भनी यस अदालतमा दिएको पुनरावेदन जिकिरअनुसार फैसलामा परिवर्तन गर्नुपर्ने अवस्था देखिएन। अतएव प्रतिवादीद्वयलाई आरोपित कसुरबाट कसुरदार ठहर्‍याई पुनरावेदन अदालत, राजविराजले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्ने ठहर्‍याएको सिराहा जिल्ला अदालतको मिति २०६६।८।२१ को फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।१०।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल जेठ ११ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ, ०६९-CR-०३१४ र ०५५०, कर्तव्य

ज्यान, *वलिराज ईङनाम वि. नेपाल सरकार, सुरेन्द्र सेन्दाङ्ग वि. नेपाल सरकार*

आफूबाट मृतकउपर छुरी प्रहार भएको होइन भन्ने प्रतिवादी सुरेन्द्रको पुनरावेदन जिकिर भए पनि सहअभियुक्त वलिराजले मौकामा र अदालतमा गरेको बयानमा सुरेन्द्रले मृतकलाई छुरी प्रहार गरेको भनी मृतकले भनेको आफूले प्रत्यक्ष सुनेको भनी किटानी लेखाइदिएको र चश्मदिद् साक्षीहरू प्रकाशचन्द्रले मौकामा गरेको कागजमा र प्रतिवादी मचिन्द्रले अदालतमा गरेको बकपत्रमा मृतकलाई सुरेन्द्रले छुरी हानेको देखेको भनी उल्लेख गरेको पाइन्छ । मृतक दिलप्रसादको प्रतिवादी सुरेन्द्रसँग नै वादविवाद भएको र निजलाई चुप लाग भनी मृतकले हप्काएको तथा एक झापडसमेत हानेकोले मृतकलाई होटलबाहिर तान्ने काम भई अरू प्रतिवादीभन्दा प्रतिवादी सुरेन्द्रको मृतकसँग बढी रिसइवी रहेको देखिन्छ । यसरी मृतकउपर भएको छुरी प्रहार प्रतिवादी सुरेन्द्रबाट भएको भन्ने सहअभियुक्त वलिराजको पोल र चश्मदिद् साक्षीहरूको बकपत्र विश्वसनीय देखिन आउँछ । सबै प्रतिवादीहरू मृतकको मृत्युमा सामूहिकरूपमा जिम्मेवार रहेको भन्ने कुरा प्रतिवादी सुरेन्द्रको पुनरावेदन जिकिर तथा निजको मौका र अदालतमा भएको बयानसमेतबाट खुल्न आउँछ । यस वारदातको जरिया मृतकले सुरेन्द्रलाई हप्काएको र झापड हानेको कारणबाट हुन गएको तथा प्रतिवादी सुरेन्द्र वारदातको मुख्य कारण भएकोले सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी वलिराजको पुनरावेदन जिकिरतर्फ विचार गर्दा चश्मदिद् प्रकाशचन्द्र, मचिन्द्र, जयकुमार र नरेशसमेतका व्यक्तिले मौकामा गरेको कागजमा मृतक दिलप्रसादलाई वलिराजसमेतले कुटपिट गरी बाहिर वारदातस्थलसम्म तानी ल्याई कुटपिट गरी रहेको देखेको भनी स्पष्ट लेखाइदिएको देखिन्छ । सोमध्ये जयकुमारले अदालतमा गरेको बकपत्रमा मौकाका कागजको समर्थन गर्न नसकेको देखिए पनि बिनाआधार प्रमाण निजको मौकाको कागज अमान्य गर्न मिल्ने देखिँदैन । एकछिनलाई निज जय कुमारको मौकाको कागजलाई बेवास्ता गर्ने हो भने पनि निजबाहेक प्रकाशचन्द्र, मचिन्द्र र नरेशसमेतका चश्मदिद्ले मृतकलाई प्रतिवादी वलिराजसमेतले कुटपिट गर्दै रोडसम्म ल्याएको र त्यहाँ पनि कुटपिट गरेको भनी स्पष्ट लेखाइदिएको कुरा अखण्डित रहेको पाइन्छ । मृतकको शरीरमा छुरीको एक प्रहारबाहेक लाठीको चोट र निलडामसमेत देखिएबाट ती साक्षीहरूको बकपत्र विश्वसनीय देखिन आउँछ । प्रतिवादी वलिराजले मौकामा गरेको कागजमा सुरेन्द्रलगायतका केटाहरूले मृतकलाई कुटपिट लछारपछार गरी लखेट्दै ईवा गा.वि.स. जाने बाटोतर्फ लगेकाले आफू पनि निजहरूका पछिपछि गएको भन्ने र मान्छे मरिसक्यो भाग भाग भनी आफूले कराएको भन्ने कुरालाई स्वीकार गरेकै देखिन्छ । अदालतको बयानमासमेत आफू वारदातस्थलमा रहेको भन्ने कुरालाई यी प्रतिवादी वलिराजले स्वीकार गरेको देखिन्छ भने प्रतिवादी सुरेन्द्रले मौकामा र अदालतमा गरेको बयानमा वलिराजसमेतले मृतकलाई तानी होटलबाहिर ल्याई ईवा जाने बाटोको चौतारामा पुर्‍याई लाठी, बक्सिङ र लात्तीले समेत कुटपिट गरेको भनी किटानी लेखाई दिएको देखिन्छ । यसरी प्रतिवादी वलिराजसमेतको उपस्थितिले अरू प्रतिवादीको हौसला र बल बढेको, प्रतिवादी वलिराज स्वयम्बाट पनि मृतकलाई तान्ने, वारदातस्थलमा ल्याउने र मृतकउपर लाठीसमेत प्रहार भएको कुरा निर्विवाद तवरबाट प्रमाणित भएकोले अभियोग दाबीबमोजिम कसुरदार ठहर्‍याई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको सुरू फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, धनकुटाको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन,

सदर हुने ।

अ.बं.१८८नं. बमोजिम व्यक्त गरेको रायको हकमा विचार गर्दा मृतकको मृत्यु प्रतिवादी सुरेन्द्रकै छुरी प्रहारबाट भएको देखिए पनि मार्नुपर्ने पूर्वरिसइवी नरहेको मृतक आफैँ नै रातिको समयमा प्रतिवादीहरू होहल्ला गरी रहेको ठाउँमा गई किन हो हल्ला गरेको हल्ला नगर्नु भनी आफैं भन्न गएको अवस्थामा सुरेन्द्र सेन्दाङ्ग उत्तेजित भई मृतकसँग झगडा भएकोमा सुरेन्द्र सेन्दाङ्गलाई मृतकले एक झापड हानेको कारणबाट वारदात घटना घट्न गएको देखिएको र प्रतिवादीहरूको ज्यान मार्ने पूर्व मनसाय (*Means rea*) वा *intention* नदेखिएको र तत्कालको परिस्थितिजन्य अवस्थाका कारण उत्पन्न आक्रोशको कारण वारदात घटना घट्न गई सोही चोटपीडाको कारण मृतकको मृत्यु भएको अवस्थालाई विचार गरी सर्वस्वसहितको जन्मकैदको सजाय प्रतिवादीहरू बलीराज इङ्गनाम र सुरेन्द्र सेन्दाङ्गलाई गर्दा चर्को पर्ने चित्तमा लागेको कारणले पुनरावेदन अदालत, धनकुटाले अ.बं.१८८नं. अनुसार कम सजाय गर्ने गरी व्यक्त गरेको रायसम्म मनासिब नै देखिन आयो । निज प्रतिवादीहरूलाई जनही कैद वर्ष १२ गरेको हदसम्म केही चर्को पर्ने देखिएकोले प्रतिवादी सुरेन्द्र सेन्दाङको हकमा सोही अ.बं.१८८ नं. बमोजिम कैद वर्ष ११ हुने ठहर्छ । लाठीको प्रहारबाट नै मृत्यु भएको हो होइन भन्ने शङ्काको अवस्था देखिएकाले वलिराजको हकमा कैद वर्ष ८ गर्दा सजायको मकसद पूरा हुने देखिएकाले निजको हकमा कैद वर्ष ८ हुने ठहर्छ । पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल जेठ ११ गते रोज ३ शुभम् ।

५

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७१-CR-१०८०, कर्तव्य ज्यान, *मनबहादुर बस्नेत वि. नेपाल सरकार*

घटना वारदात देख्ने भनिएको वादीको साक्षी दिलमाया बस्नेतले मृतक थलबहादुर बस्नेतको मृत्यु मृतकको छोरा मनबहादुर बस्नेतको कुटपिटको कारण भएको हो । मरणासन्न हुने गरी कुटपिट गरी घुँडाले थिची कुल्ची गएको र सोही कारणले मृत्यु भएको हो, मार्ने नियतले यस्तो कार्य भएको हो । मैले आफैँले प्रस्टरूपले देखेकी हुँ भनी अदालतमा आई बकपत्र गरी दिएकी छन् । त्यस्तै वादीकै साक्षी निर्मला खनालले अदालतमा आई ०६९।११।१७ गते बिहान अं.७.३० बजे मृतकको छोरा मनबहादुर बस्नेतले मृतकलाई कुटपिट गरी टाउको दोबारी माथिबाट पानीपेटमा मुड्कीले हानी कुटपिट गरेकाले मृतकको मृत्यु भएको हो । ५, ७ मिनेट जति कुटपिट भएको हो मैले देखेकी हुँ । कुटपिट गर्दा मृतकले मुख प्याकप्याक ३ पटक गरेको कारण मृत्यु हुन गएको हो, खुकुरी खोस्दा अचानक लडेको होइनन् मरे जेल जान्छु बाँचे पालन पोषण गर्छु भनेका हुन् । वादीकै साक्षी प्रत्यक्षदर्शी भीममाया बस्नेतले पनि सोही मिलानको बकपत्र गरी दिएकी छन् । वादीकै अर्का साक्षी देवीमाया नेपालीले पनि मृतक बस्नेतलाई प्रतिवादीले कुटपिट गरी घाँटी निमोठी माडमुड पारी नजिक भलमा फाली गोरु जोत्न गएको भनेकी छन् । घटना विवरणमा कागज गर्ने सोभीतमान कार्की जाहेरवाला मदन बस्नेत, मृतकको उपचार गर्ने भोगेन्द्र मगर र प्रतिवादीकी पत्नी कृष्णाकुमारी बस्नेतसमेतका साक्षीहरूले पनि मृतक थलबहादुर बस्नेतको मृत्यु कालगतिले नभई वारदात घटनाबाटै भएको भन्नेसम्म स्वीकारै गरी बकपत्र गरेको देखिएबाट मृतक थलबहादुर बस्नेतको मृत्यु यिनै प्रतिवादी मनबहादुर बस्नेतको कुटपिट चोटबाट भएको कुरा शङ्कारहित तवरबाट पुष्टि हुन आएको पाइने ।

अ.बं.१८८ नं. अनुसार ९ (नौ) वर्ष कैद सजाय गर्ने सुरू तथा पुनरावेदन अदालतको राय मनासिब हो होइन तर्फ विचार गर्दा प्रस्तुत मुद्दामा घटनाको तुरून्त पश्चात मृतकलाई उठाएर घरको

सिकुवामा लगी सुताएर पानी खुवाउनु बेहोस भएजस्तो लागी मृतकको उपचारको लागि शुक्रबारेका मेडिकल सञ्चालन गरी बस्ने सुमन कार्कीलाई फोन गरी बोलाएकोमा उसको सट्टा दिउँसो अ.हे.ब.भोगेन्द्र मगर घरमा आएर उपचार गर्न थालेकोसमेतको तथ्यबाट ज्यान मार्ने मनसाय (*Mens rea*) वा *intention* नदेखिएको र अपराध हुँदाका मिति पूर्वरिसइवी नहुनु, मृतक मादक पदार्थ सेवन गरेको अवस्था हुनु, मृतकको मृत्युको कारणसमेतको यकिन नहुनु, मृतक र प्रतिवादीबीच मार्नुपर्नेसम्मको पूर्वरिसइवी नरहेको तत्कालको परिस्थितिजन्य अवस्थाका कारण उत्पन्न आक्रोशको कारण कुटपिटको वारदात घटना घट्न गई सोही कुटपिटको चोटपीडाको कारण मृतक थलबहादुर बस्नेतको मृत्यु भएको अवस्थालाई विचार गरी सर्वस्वसहितको जन्मकैदको सजाय यी प्रतिवादी मनबहादुर बस्नेतलाई गर्दा चर्को पर्ने चित्तमा लागेकोले कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने हुँदा सुरू तथा पुनरावेदन अदालतले अ.बं.१८८ नं. अनुसार कम सजाय गर्ने गरी व्यक्त गरेको रायसम्म मनासिब नै देखिन आयो । निज प्रतिवादीलाई कैद वर्ष ९ गरेको हदसम्म केही चर्को पर्ने देखिएकोले निज प्रतिवादी मनबहादुर बस्नेतलाई सोही अ.बं.१८८ नं. अनुसार ८ (आठ) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल चैत १६ गते रोज ३ शुभम्।

६

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७१-WO-१०३६, उत्प्रेषण / परमादेश, *नानीमाया के.सी.समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

अदालतबाट तहतह फैसला भई फैसला अन्तिम भएपछि विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सोही विषयमा अनुसन्धान तहकीकात गर्न र मालपोत कार्यालयले अप्रत्यक्षरूपमा अन्यथा गर्न पाउने हो भने न्यायिक निर्णयको चरित्रमा र न्यायपालिकाप्रतिको जनआस्थामा प्रतिकूल असर पर्नुको अतिरिक्त फैसला अन्तिमताको सिद्धान्तको मर्म परास्त हुन्छ । त्यसको साथै पक्षले फैसलाबाट प्राप्त गरेको प्रतिफलको अनुभूति गर्न नपाई विवादित विषय कहिल्यै टुङ्गो नलागी कानूनी शासनको उपहास हुन जान्छ। सक्षम अदालतबाट भएको फैसला कार्यान्वयन नहुनु वा कार्यान्वयनमा बाधा विरोध हुनु विधिको शासन र सभ्य समाजले स्वीकार गर्नसक्ने न्यायका आधारभूत मूल्य र मान्यताको समेत प्रतिकूल हुन जाने देखिन्छ । जसरी अदालतले प्रमाणको विवेचना गरी न्याय प्रदान गर्दछ, त्यसै गरी सोबमोजिम भएको फैसलाको संरक्षण गरी कसैबाट भएको बाधा व्यवधान हटाई पक्षको हक अधिकारको प्रचलन पनि गराउँदछ। त्यो अधिकार संविधान, कानून र न्यायको मान्य सिद्धान्तले यस अदालतलाई प्रदान गरेको पाइने।

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग संवैधानिक निकाय हो। संवैधानिक निकायले पनि संविधान र कानूनले प्रदान गरेको सीमा र हदमा सिमित रहनु पर्ने हुन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा विवादित जग्गा सार्वजनिक हो भनी उजुरी परेको भए पहिले सम्बन्धित सम्पत्ति धारकलाई बुझेको भए त्यस विषयको वास्तविकता प्रस्ट हुने थियो। तर सम्पत्ति धारक निवेदकलाई बुझ्दै नबुझी रोक्का राख्न पत्राचार गर्नु संवैधानिक निकायको लागि शोभनीय हुँदैन। त्यसैले विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्र प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन जाने।

कास्की जिल्ला अदालतबाट मिति २०५४।४।२१ मा भएको फैसला र यस अदालतबाट मिति २०६०।१०।२९ मा सोही विषयवस्तु समावेश भएका मुद्दा अन्तिम भएर बसेको अवस्थामा

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान र तहकिकात गर्न पाउने हुँदैन । विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) ले तोकेको सीमाभन्दा बाहिर जान मिल्दैन । कानूनले तोकेको सीमा नाघ्ने हो भने कानूनको शासन (Rule of law) माथि नै चुनौती भई संविधान र कानूनको व्यवस्था डगमगाउँछ । त्यसैगरी विपक्षी आयोगले क्षेत्राधिकारको अभावमा कुनै निकाय वा पदाधिकारीलाई यसो गर्नु त्यसो गर्नु भन्ने परमादेश प्रकृतिको आदेश दिन पनि नमिल्ने ।

आफूसमक्ष परेको उजुरीको सम्बन्धमा विपक्षी आयोगले सम्बन्धित सरोकारवालालाई बुझ्दै नबुझी यसो गर्नु वा त्यसो गर्नु भनेर अन्तिम भएर बसेको फैसलाको प्रतिकूल पत्र लेख्ने र आदेश दिँदै जाने हो भने त्यस्ता काम कारवाहीले न्याय प्रशासनकै समग्र सक्षमतामा शङ्का उत्पन्न भई संवैधानिक र कानूनी व्यवस्थामा नै अव्यवस्था सिर्जना हुन्छ । संवैधानिक र कानूनी व्यवस्थाको अक्षुण्णता जोगाउने कर्तव्य पनि यस अदालतको हुने ।

माथि गरिएको विवेचनाबाट विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।८।१७ र मालपोत कार्यालय, कास्कीको मिति २०७२।३।१६ को पत्र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) को विपरीत भएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२), नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।८।१७ को पत्रले रोक्का रहेको जग्गामध्ये कि.नं. १५, १८ र १७ का जग्गा र घर फुकुवा गर्नु, गराउनु, हक हस्तान्तरण गर्न रोक नलगाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७२ साल चैत ४ गते रोज ५ शुभम् ।

इजलास नं. ४

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय, ०७२-WO-१००७, उत्प्रेषण / परमादेश, *रामचन्द्र शर्मा वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत*

निश्चितरूपमा न्याय प्रदान गर्दा कानून, नीति (policy), पात्र र परिणाम आदि सबैको विचार गर्नै पर्छ । अझ रिटको लागि यो झनै विचारणीय हुन्छ । तर ती सब कुराको विचार गर्दासमेत रिट जारी हुनु नपर्ने भनी विपक्षीतर्फका विद्वान्‌हरूबाट प्रस्तुत तर्क न्यायोचित देखिँदैन । निवेदकको नियुक्त बदर गर्दा उत्पन्न शून्यताको परिणाम भयावह हुने हुँदा रिट खारेज हुनुपर्छ भन्ने विद्वान्‌हरूको तर्क छ तर कानूनको प्रक्रिया पूरा नगरी भएको नियुक्तिको परिणाम झन् भयावह हुन्छ । यो रिट जारी भएपछि नेपाल सरकारले आफ्नो दायित्व पूरा गरी समयमा मनोनयन गर्न कुनै बाधा नरहेको र त्यसरी मनोनयन गरेमा कुनै शून्यता उत्पन्न हुन नसक्ने हुँदा दीपक पाठकको मनोनयन बदर गर्दा झन् भयावह परिणाम उत्पन्न हुने भन्ने विद्वान्‌हरूको तर्क औचित्यपूर्ण नदेखिने ।

कानूनले तोकेको प्रक्रियाको पालन वा अपालनाले निर्णयकर्ताको मानसिक स्वच्छता वा अस्वच्छता देखाउँछ । न्यायको सारवान् पक्ष बडो गहन र जटिल छ । आजसम्म यसको निर्विवाद जवाफ आउन सकेको छैन र यो क्रमिक विकासमा समेत छ । सारवान् हिसाबले सही न्याय पर्‍यो परेन भन्ने कुरा दैवले जान्ने कुरा हो । योगः कर्मसु कौशलम् भनिए जस्तै न्याय प्रक्रिया, नीति, पात्र, समय

इत्यादि आधारमा न्याय सम्पादन हुने हुँदा न्यायलाई त्यससम्बन्धी कौशलम् भन्न सकिन्छ । कर्मयोगी आफ्नो प्रक्रियामा डटेर बाँकी कुरामा निरपेक्ष रहे जस्तै न्यायकर्ता पनि न्याय सम्पादनको प्रक्रियामा इमानदार र कुशल भए पुग्छ । न्यायकर्ताले मिसिलमा रहेको कुरा सहीरूपमा बुझ्ने प्रयास गरी जे देख्छ त्यसमा आधारित भई इमानदारीसाथ न्याय दिने हो । त्यो इमानदारीको बाबजुद कोही सारभूत न्यायबाट वञ्चित हुन्छ भने त्यसको लागि न्यायकर्तालाई दोष दिन नमिल्ने ।

मनोनयनको लागि कानूनले सिफारिसलाई आवश्यक मानेको अवस्थामा विपक्षी मन्त्रालयले अनौपचारिक छलफललाई पर्याप्त मान्नुलाई सोझै कानूनको अवज्ञा भन्नुपर्छ । सिफारिसबेगर भएको मनोनयन विगतको परम्पराको अनुशरण भएको भनी विवादित मनोनयनको औचित्यलाई विपक्षी मन्त्रालयले पुष्टि गर्न खोजेकोलाई पनि निकै दुःखद् मान्नु पर्छ । कहाँ कुनकुन संस्थासँग कस्तो अनौपचारिक छलफल भयो र विगतमा के कसरी कसको नियुक्ति भयो यी सब कुरा लिखित जवाफमा स्पष्ट आउन सकेको देखिँदैन । कानूनको शासन भनेको जन उत्तरदायी शासन पनि हो । कानूनको शासनमा राज्य र न्यायले गोपनीय मानेबाहेक सरकारी र सार्वजनिक निकायका सबै काम कुरा खुल्ला र पारदर्शी हुनु आवश्यक छ । खुल्ला र पारदर्शी भएमा मात्र त्यसलाई जनताले जाँच गर्न र त्यसको समर्थन वा विरोधमा आफ्नो भनाइ राख्न सक्छन् । यो कानूनको शासनको आधारभूत मान्यता हो । तर प्रस्तुत मनोनयनमा त्यसको पनि अभाव छ । राज्यका मन्त्रालयलाई कानूनको बल मानिन्छ । यिनबाट नै कानूनको पालन नभएमा स्वेच्छाचारिता मौलाउँछ । स्वेच्छाचारिता, अपारदर्शिता, कानूनको जानाजान अवज्ञा आदि नियन्त्रण गर्न र कानूनको शासनप्रति जवाफदेही बनाउने गुरूतर अभिभाराबाट यो अदालत, पन्छिन नमिल्ने ।

माथि उल्लेख भएबमोजिम प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६(१)(छ) को रीत नपुर्‍याई विपक्षी दीपक पाठकलाई प्रेस काउन्सिलको सदस्यमा मनोनयन गरेको विपक्षी नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०७३।१।१७को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । उक्त दफा ६(१)(छ) को प्रक्रिया पुर्‍याई मनोनयनसम्बन्धी कामकारवाही गर्नु भनी विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश पनि जारी हुने ।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल असार २८ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७२-WO-०८५१, उत्प्रेषण / परमादेश, *रामकुमार रिजाल वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत*

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा, ०७०-CR-०९५८ र ०७०-CR-०१०५४, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. राजेन्द्रप्रसाद यादव, राजेन्द्रप्रसाद यादव वि. नेपाल सरकार*

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा कुनै व्यक्तिका साथमा कुनै लागु औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफिम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागु औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागु औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन, र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेका वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्नेछ । त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस

ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ भन्ने व्यवस्थाले सो लागु औषध निजले कानूनबमोजिम प्राप्त गरेको वा राखेको भन्ने प्रमाणको भार निजकै रहने छ अन्यथा अपराध मानिने भन्ने कानूनी व्यवस्थाले यी प्रतिवादी राजेन्द्रप्रसाद यादवबाट लागु औषध बरामद भएकोले कसुरदार हुन भन्ने देखियो । उक्त कानूनी व्यवस्थाबमोजिम प्रस्तुत मुद्दा strict liability (निरपेक्ष दायित्व) अन्तर्गतको भएको देखिने।

लागु औषधहरू मबाट बरामद भएको होइन र अधिकारप्राप्त अधिकारीसमक्ष भएको आफ्नो बयान प्रहरीको बलजफ्तीबाट सही गराएको भन्ने निज प्रतिवादीको भनाइबाहेक अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको छैन। लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ र प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम प्रतिवादीले आफूउपर लागेको अभियोगबाट छुटकारा पाउनको लागि सो कुरालाई आफ्नो प्रमाणद्वारा पुष्टि गर्नुपर्दछ, सो कार्य यी प्रतिवादीले गरेको नदेखिने।

कि.नं. १६३४ र १६९१ को जग्गा जफत हुन अभियोगदाबी भएकोमा जफत भएन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा कुनै पनि कसुर भएको छ भनी अभियोग मागदाबी गर्दैमा सो दाबी पुग्न सक्तैन । सो कसुर भएको भन्ने वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि भएको हुनुपर्दछ । निज प्रतिवादीका नाउँमा रहेको उक्त जग्गा कुन मितिमा के कति रकममा के कति परिमाणको लागु औषध बिक्री गरी खरिद गरेको र सो रकमबाट दाबीको जग्गा खरिद गरेको भन्ने वस्तुनिष्ठ आधार र कारण अभियोजन पक्षबाट खुलाउन सकेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने कानूनी व्यवस्थाबमोजिम वादी नेपाल सरकारले आफ्नो अभियोग आफ्ना प्रमाणद्वारा प्रस्तुत सन्दर्भमा प्रमाणित गराउन सकेको देखिँदैन। यस्तो अवस्थामा प्रतिवादीको नाम दर्ताको कि.नं. १६३४ र १६९१ को जग्गा जफत नगर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नै देखिने।

तसर्थ मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी राजेन्द्रप्रसाद यादवलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४ (१)(छ)(३) बमोजिम १९ (उन्नाइस) वर्ष कैद र रू. २०,००,०००।– जरिवाना हुने र निजले यस अघि पनि लागु औषधको कसुर गरेको देखिँदा ऐ.ऐनको दफा १६ ले थप ६ महिना कैद र रू. २५,०००।– जरिवाना हुने ठहर्छ भनी र निज प्रतिवादीका नाउँको कि.नं. १६३४ र १६९१ को जग्गा जफत नहुने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६९।४।२९ मा गरेको फैसलालाई सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत, पाटनले मिति २०७०।४।२२ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल फागुन ४ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा, ०७०-CR-१३७६ र ०७०-CR-१५०७, कर्तव्य ज्यान, *लिलबहादुर खोजासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. मेखबहादुर पुनसमेत*

मिसिल सामेल भएको लास प्रकृति मुचुल्का अवलोकन गर्दा खाल्डो खनी गाडेको अवस्थामा लास फेला परेको र उक्त लासमा अनुहारमा रगत लत्पतिएको, मुखमा काटेको, दाँत झरेको, छाति पेटमा छाला कोतरिएको, दायाँ पाइताला तथा चिउँडो र निधार तथा टाउकाको भागमा काटेको घाउ चोट रहेको तथा करङसमेत भाँच्चिएको देखियो। मौकामा भएको लास परीक्षण प्रतिवेदनबाट समेत बाहिर तथा भित्री भागमा समेत अनेकन चोट रही मृत्युको कारणमा

Head injury and injury to the lung, liver and spleen भनी राय उल्लेख भएको पाइएबाट मृतक महावीर पुनको मृत्यु स्वाभाविकरूपमा भएको नभई कुटपिटको कारण कर्तव्यबाट भएको देखिने।

प्रतिवादीहरू डम्बरबहादुर चोचाङ्गी तथा लिलबहादुर खोर्जाको पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा वारदातको दिन साँझको समयमा साथै बसी रक्सी खाई पृथीमायाको घरबाट निस्कने क्रममा महावीर पुनले विवाद गरी हात हालेकोले प्रतिवादी लिलबहादुरलाई बोलाई लाठा, ढुङ्गा, लात, मुक्काले कुटपिट गर्दा मरेकोले खोल्सामा ढुङ्गाले छोपी भोलिपल्ट मेखबहादुर तथा चमबहादुरसमेतको सहयोगमा खाल्टो खनी गाडेको हो। पछि खोजतलासको क्रममा लास फेला परेको भनी प्रतिवादी लिलबहादुर खोर्जा तथा डम्बरबहादुर चोचाङ्गीले कसुरलाई स्वीकार गरी मौकामा तथा अदालतमा समेत बयान गरेका छन्। एक अर्कालाई पोलापोल गरी यी प्रतिवादीहरूले गरेको बयान प्रतिवादी मेखबहादुर पुन तथा चमबहादुर खोर्जाको बयानसँग मेल खाएको देखिन्छ। यी प्रतिवादीहरू तथा मृतकसमेतले साथै बसी रक्सी खाएको, तत्पश्चात् साथै निस्की गएको तथ्यको पुष्टि प्रमाणका चन्द्रकुमारी खोर्जा तथा पृथीमाया पुनले गरेको बकपत्रले समर्थित गरेको छ। जाहेरवालालगायतका अन्य प्रमाणका व्यक्तिको भनाइ तथा प्रतिवादीहरूको बयानमा उल्लिखित स्थानमा लास बरामद भएको, लास प्रकृति मुचुल्काले समेत प्रतिवादीहरूले गरेको बयानलाई पूर्णरूपमा समर्थन गरिरहेको पाइन्छ। यसरी प्रतिवादीहरूको कर्तव्यमा परी महावीर पुनको मृत्यु भएको भनी अदालतमा समेत साबित भएको तथा मिसिल सामेल सम्पूर्ण प्रमाणबाट प्रतिवादीको बयान समर्थित भएको पाइँदा प्रतिवादी डम्बरबहादुर चोचाङ्गी तथा लिलबहादुर खोर्जाको कुटपिटको कारण महावीर पुनको मृत्यु भएको देखिने।

प्रतिवादीहरूले अदालतमा गरेको बयानबाट मृतकले भनेको नमान्दा पहिला निजले हात हालेको कारण घटना भएको भनी आवेशपूर्ण स्थितिको विद्यमानताको जिकिर लिएको पाइन्छ। तथापि मर्नेको क्रियाकलापले नै प्रतिवादीलाई उत्तेजित बनाई सामान्य वादविवाद कुटपिट गर्दा ज्यान मरेको अवस्थामा मात्र त्यसतर्फको जिकिर लिनुलाई कानूनसम्मत मान्न सकिन्छ। यहाँ घटनाको प्रकृति हेर्दा मृतकको शरीरमा अनगिन्ती घाउचोट रहेको पाइन्छ। करङ भाँच्चिएको तथा फियो, फोक्सो तथा कलेजो फुट्ने गरी निर्घात कुटपिट भएको छ। तत्काल लासलाई लुकाई भोलिपल्ट थप मद्दत लिई खाल्टो खनी सो लासलाई दबाएको अवस्था छ। यसबाट घटनापछिको प्रतिवादीको क्रियाकलापले आवेशपूर्ण स्थितिमा भएको कुटपिटमा अकस्मात् ज्यान मरेको भनी मान्न सकिने स्थिति नहुँदा प्रतिवादीले ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम सजाय माग गरेको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सामूहिकरूपमा भएको कुटपिटबाट महावीर पुनको मृत्यु भएको तथा मृत्युको कारक हुने चोट छाड्ने व्यक्ति यकिन नभएको अवस्थामा दुवै प्रतिवादीहरू डम्बरबहादुर चोचाङ्गी तथा लिलबहादुर खोर्जालाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद तथा लास दबाएतर्फ ऐ.को ४ नं. ले थप ६ महिना जनही कैद सजाय हुने ठहर्छ भनी पुनरावेदन अदालत, बागलुङले गरेको फैसला मनासिब भई मिलेको नै देखिने।

प्रतिवादीहरू (मेखबहादुर पुन र चमबहादुर चोचाङ्गी) को अन्य प्रतिवादीहरू सरह मृतकलाई कुटपिट गरेको कार्यमा संलग्न भएको भनी देखिने वस्तुनिष्ठ प्रमाणको अभावमा घटना अगाडि मृतकसँग बसी रक्सी खाएको भन्ने तथ्यलाई स्वीकार गरेको मात्र आधारबाट यी प्रतिवादीहरूले सम्पूर्ण कसुर स्वीकार गरेको भनी सम्झन मिल्ने अवस्था पनि भएन। मृतक महावीर पुनलाई मार्ने कार्यमा यी प्रतिवादीहरूको

संलग्नता रहेको भनी वादी पक्षले शंकारहित तवरबाट प्रमाण पुर्‍याई आफ्नो अभियोग दाबीलाई संस्थापित गराउन सकेको नपाइने।

प्रतिवादीहरू (चमबहादुर चोचाङ्गी र मेखबहादुर पुन) लाई ज्यानसम्बन्धीको महलको ४ नं. बमोजिम सजाय गरेकोतर्फ विचार गर्दा मृतक महावीर पुनको मृत्युपश्चात् प्रतिवादीहरू (डम्बरबहादुर चोचाङ्गी र लिलबहादुर खोर्जा) ले भनेबमोजिम मरेको लासलाई खाल्डो खनी गाडेको तथ्यलाई यी प्रतिवादीले मौकाको बयानमा स्वीकार गरेका र पुनरावेदन अदालत, बागलुङमा पुनरावेदन गर्ने प्रतिवादी मेखबहादुर पुन: स्वयम्ले सो कार्य मात्र गरेको भनी पुनरावेदनमा गरेको छ। प्रतिवादी डम्बरबहादुर चोचाङ्गीको बयानले समेत सो कार्यलाई पुष्टि गरेको पाइन्छ। प्रमाणका व्यक्तिको भनाइबाट समेत लास गाड्ने कार्यमा मात्र यी प्रतिवादीहरूको संलग्नतालाई पुष्टि भएको अवस्थामा ज्यानसम्बन्धीको महलको ४ नं. ले त्यस्तो कार्य गर्नेलाई ६ महिना कैद सजाय हुने भनी कानूनी व्यवस्था गरेको पाइन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम यी प्रतिवादीहरू चमबहादुर चोचाङ्गी र मेखबहादुर पुनलाई ज्यानसम्बन्धीको महलको ४ नं. बमोजिम ६ महिना कैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, बागलुङले गरेको फैसला मिलेको नै देखिने।

प्रतिवादीहरू डम्बरबहादुर चोचाङ्गी र लिलबहादुर खोर्जालाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेको हुँदा वारदात, घटनाको प्रकृति हेर्दा मृतक तथा प्रतिवादीहरूसमेत एकैसाथ बसी मादक पदार्थ सेवन गरेका देखिन्छ। तत्पश्चात् प्रतिवादीसँगै हिँडेका मृतकले भनेको स्थानमा जान नमान्दा प्रतिवादीमध्येका डम्बरबहादुरसँग विवाद गरी पहिला मृतकले नै हात हालेको कारण झगडा उत्पन्न भई कुटपिट हुँदा महावीर पुनको मृत्यु भएको छ। मार्ने नियतले पूर्वयोजना बनाई कुटपिट भएको स्थिति छैन। वारदातमा घातक हतियार पनि प्रयोग भएको देखिँदैन। प्रतिवादीहरू २०/२१ वर्षका कलिलो उमेर अवस्थाका देखिन्छन्। यी प्रतिवादीहरूले अदालतमा समेत कसुर स्वीकार गरी न्यायिक प्रक्रियालाई मद्दत गरेको तथा आफूले गरेको कार्यमा पश्चातापमा रही प्रतिवादीहरूले पुनरावेदन गरेकोसमेत पाइएबाट कानूनबमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तले देखी मुलुकी ऐन, अदालती बन्दोवस्तको १८८ नं. बमोजिम १५ वर्ष मात्र कैद गर्ने गरी पेस भएको पुनरावेदन अदालत, बागलुङको राय न्यायोचित नै देखिँदा सदर हुने।

अतः माथि उल्लिखित कानूनी व्यवस्था मिसिल संलग्न कागजातहरूबाट प्रतिवादीहरू डम्बरबहादुर चोचाङ्गी र लिलबहादुर खोर्जालाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू पर्वत जिल्ला अदालतले मिति २०६९।६।२५ मा गरेको फैसलालाई केही उल्टी गरी निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई यी प्रतिवादीहरूलाई अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैदको सजाय गर्ने र लास दबाएतर्फ ज्यानसम्बन्धीको ४ नं. बमोजिम जनही थप ६ महिना कैद हुने गरी भएको पुनरावेदन अदालत, बागलुङको मिति २०७०।९।३ को फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादीहरू मेखबहादुर पुन र चमबहादुर चोचाङ्गीलाई ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहर्‍याएको सुरू पर्वत जिल्ला अदालतको फैसलालाई उल्टी गरी निज प्रतिवादीहरूलाई सोतर्फ सफाइ दिएको र मृतकको लास दबाएतर्फ मात्र प्रतिवादीहरू मेखबहादुर पुन र चमबहादुर चोचाङ्गीलाई ज्यानसम्बन्धीको महलको ४ नं. बमोजिम जनही ६ महिना कैद सजाय हुने ठहर्छ भनी

पुनरावेदन अदालत, बागलुङले मिति २०७०।९।३ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल फागुन ४ गते रोज ३ शुभम् ।

इजलास नं. ५

१

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७१-RC-०१३८, कर्तव्य ज्यान तथा जबरजस्ती चोरी, *नेपाल सरकार, वि. मीनबहादुर खनालसमेत*

प्रतिवादी जीतबहादुर सारूको मौका र अदालतमा भएको बयानलाई मान्य गरी प्रतिवादी जीतबहादुरलाई अभियोग दाबीको कसुर गरेको ठहर्‍याई सजाय भएको अवस्थामा निजको उक्त बयानले प्रतिवादीहरू विरूद्धको ठोस प्रमाणको रूप लिएको हुन्छ । यस्तो अवस्थामा उक्त बयान एक बनावटी पोल हो भन्ने कुराको तथ्ययुक्त प्रमाण पेस गरी त्यसलाई प्रतिप्रमाणको भार reverse burden of proof को सिद्धान्तअनुसार यी प्रतिवादीहरूले विस्थापित गर्न सक्नु पर्नेमा यी प्रतिवादीहरू हालसम्म फरार रही सो दायित्वलाई पूरा गर्न सकेको देखिँदैन । साधकको रोहमा पेस हुने मुद्दाहरूमा फैसला नभएसम्म प्रतिवादीहरूले जुनसुकै समयमा पनि अदालतमा उपस्थित भई आफ्नो जिकिर राख्न सक्ने कुरा न्याय प्रशासन ऐनको दफा १० को उपदफा (४) ले व्यवस्था गरेकोमा सोको पनि यी प्रतिवादीहरूले सदुपयोग गर्न सकेको देखिँदैन । तथ्य प्रमाणद्वारा स्थापित सहअभियुक्तको पोल त्यसै अमान्य नहुने भनी यस सर्वोच्च अदालतबाट कैयौं मुद्दाहरूमा सिद्धान्त प्रतिपादन भई अन्य अभियुक्तहरूलाई सजाय भइरहेको पाइन्छ । यी प्रतिवादीहरू विरूद्धको सहअभियुक्त जीतबहादुर सारूको पोल दुईजनाको हत्या भएको तथ्यसमेतबाट र यी प्रतिवादीहरू फरार भएको कारणबाट समर्थित भइरहेको र त्यसलाई यी प्रतिवादीहरूले विस्थापित गर्न नसकेको अवस्थामा यस अदालतले उक्त बयानको विरूद्धमा आफैँ विभिन्न तर्कवितर्क गरिरहनु उपयुक्त हुँदैन । तसर्थ यी प्रतिवादीद्वय मीनबहादुर खनाल र इन्द्रबहादुर गिरीलाई अभियोग दाबीको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू दैलेख जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७१।७।३ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल माघ २९ गते रोज ६ शुभम् ।

२

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७२-RC-००८२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरबहादुर तामाङसमेत*

भूवजीत र पूर्णदेवी तामाङ एउटै खाटमा आई हामीहरूको एउटै सल्लाह भई दशरथ र दान बहादुरले चाइनिज लाइटर बाली दानबहादुरले बाजे भूवजीतको घाँटीमा औंठी झुन्ड्याउने कपडाको डोरीले बोल्न कराउन नसक्ने गरी कसेका, हात खुट्टा चलाएकोले हलचल गर्न नसक्ने गरी दशरथले बेस्सरी थिचेका र बोजु पूर्णदेवीको घाँटीमा हेमा तामाङले मुख थुनिई समाई थिचेकोमा एकैछिनपछि भूवजीत र पूर्णदेवीको मृत्यु भएको हो । बाजेले लगाएको घडी, औँठी, सिक्री, बोजुले लगाएको सुनको रिङ, तिलहरी, नगद, चाउचाउ, साबुन, छातासमेत लिई बाहिर आई आ-आफ्नो घरतिर गयौं । यसै बीचमा म २०६३।३।३ मा ओखलढुङ्गाबाट कटारी जान भनी आउँदा मिलनचोकबाट प्रहरीले उक्त बोजुले लगाउने

सुनको रिङसहित पक्राउ गरेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी वीरबहादुर तामाङले कसुर गरेको साबित भई बयान गरेको र अदालतमा बयान गर्दा बुढाबुढी निदाएपछि ढोका खोली पञ्चबहादुरलाई बाहिर मान्छे आउँछन् भनी हेर्न राखे, सुरवीरले बाजेको घाँटी न्याक्यो, पूर्णबहादुरले बजुको खुट्टा समात्यो र मैले बजुको घाँटी न्याकी मारेका हौं । त्यहाँ भएका नगदी र सुनचाँदीका गरगहनामध्ये मैले रू.५०००।–, एउटा सुनको रिङ र आठ डल्ला साबुन भागमा परी लगेको हुँ भनी कसुरमा साबित भई बयान गरेको पाइन्छ । प्रतिवादी सुरवीर तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष सुन तथा नगद लुटपाट गर्ने उद्देश्यले आफूहरू बीच सल्लाह भई मार्ने योजनासमेत बनाई मृतकहरू बसेको ठाउँमा पुगी मृतकहरूको हत्या गरेको कुरामा साबित रहेको र सो व्यहोरालाई अदालतमा आई समर्थन हुने गरी बयान गरेको पाइन्छ । अन्य प्रतिवादीहरू पूर्णबहादुर तामाङ र पञ्चबहादुर तामाङले समेत यी प्रतिवादी सुरवीर तामाङले बाजेको र वीरबहादुर तामाङले बजुको घाँटी न्याकेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत बयान गरेको पाइन्छ । घटनास्थल मुचुल्का, बरामदी मुचुल्का, मौकामा कागज गर्नेहरूले लेखाएको कथन, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको बयानसमेतका प्रमाणबाट मृतक भुवजित तामाङ र पूर्णदेवी तामाङको मृत्यु स्वाभाविक नभई कर्तव्यबाटै भएको भन्ने कुरा पुष्टि हुन आएको छ । उल्लिखित तथ्यबाट प्रतिवादीहरू सुरवीर तामाङ र वीरबहादुर तामाङले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को विपरीत १३(३) नं. को कसुर गरेको पुष्टि हुन आएकोले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने नै देखिन आउने ।

प्रतिवादी पूर्णबहादुर तामाङको हकमा विचार गर्दा प्रतिवादी सुरवीर तामाङ तथा प्रतिवादी वीरबहादुर तामाङले मृतकहरूलाई लुटपाट गरी मार्ने षड्यन्त्र तथा कार्यमा यी प्रतिवादी पूर्णबहादुर तामाङ संलग्न रही मृतक पूर्णदेवी तामाङको खुट्टा समाउने कार्य गरेको भन्ने व्यहोराको बयान गरेको देखिन्छ । यी प्रतिवादी पूर्णबहादुर तामाङले आफूले मृतक पूर्ण देवी तामाङ छटपटाएपछि निजको खुट्टा समाएको भन्ने कुरा स्वीकार गरी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतसमक्ष साबित रही बयान गरेको देखिन्छ । प्रतिवादीको बयान र अन्य प्रतिवादीहरू सुरवीर तामाङ र वीरबहादुर तामाङले गरेको पोल बयानसमेतबाट यी प्रतिवादी पूर्णबहादुर तामाङले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १नं. को विपरीत १३(४) नं. को कसुर गरेको देखिएकोले निजलाई ज्यानसम्बन्धीको महलको १३(४) बमोजिम जन्मकैद हुने नै देखिन आउने ।

माथि विवेचित आधार कारणहरूबाट मृतक भुवजित तामाङ र पूर्णदेवी तामाङलाई प्रतिवादी सुरवीर तामाङ र प्रतिवादी वीरबहादुर तामाङसमेतले सुन तथा नगद लुटपाट गर्ने उद्देश्यले मार्ने योजनासमेत बनाई मृतकहरू बसेको ठाउँमा पुगी मृतकहरूको कर्तव्य गरी मारेको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को विपरीत १३(३) नं. बमोजिमको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरू सुरवीर तामाङ र प्रतिवादी वीरबहादुर तामाङलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार जनही सर्वस्वसहित जन्मकैद र अर्का प्रतिवादी पूर्णबहादुर तामाङले मृतकहरूलाई लुटपाट गरी मार्ने षड्यन्त्र तथा कार्यमा संलग्न रही मृतक पूर्णदेवी तामाङको खुट्टा समाउने कार्य गरेको देखिएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को विपरीत १३(४) नं. को कसुर गरेको देखिएकोले ऐजनको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याई जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।९।१८ मा भएको फैसला

मिलेकै देखिँदा साधकको रोहबाट सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्दनप्रसाद मण्डल

इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम्।

३

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०६८-CR-१२९८, मानव बेचबिखन, *रामबहादुर खड्का वि. नेपाल सरकार*

प्रतिवादीले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले भारतको कमलापुर सम्पूर्णनगर लगी तिवारी भन्ने व्यक्तिलाई बेचबिखन गर्नुपूर्व पीडितको अभिभावकले फेला पारी ल्याएको अवस्था हुँदा यी प्रतिवादी रामबहादुर खड्काले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) बमोजिमको कसुर गरेको पुष्टि हुन आउने।

प्रतिवादीको साबिती बयान जाहेरी दर्खास्त, पीडितको प्रमाणित बयान, उद्धार कार्यमा प्रत्यक्षरूपमा संलग्न विकास थापाले मौकामा गरिदिएको कागज र घटना विवरण कागजका बलदेव हरिसिंह कार्कीसमेतका व्यक्तिहरूको भनाइ लेखाइबाट समर्थित भइरहेको अवस्था देखिन्छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) बमोजिम कसुर हुनको लागि कुनै व्यक्तिले बेचबिखन एवम् ओसारपसारको कार्य सम्पन्न हुनैपर्ने भन्ने देखिँदैन। सो उद्देश्यको लागि व्यक्तिलाई आफू बसिरहेको स्थान, घर तथा व्यक्तिबाट छुटाई नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने कार्य भइरहेको तर गन्तव्यमा पुग्न बाँकी रहेको अवस्थामा समेत सो कसुर भएको मानिने अवस्था रहेको पाइने।

उल्लिखित आधार प्रमाणबाट प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुर अपराध गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादी रामबहादुर खड्कालाई ५ वर्ष कैद र रू. २५,०००।- जरिवाना हुने ठहर गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसलालाई उल्टी गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को (ङ)(१) बमोजिम १५ वर्ष कैद र रू. एक लाख जरिवाना गर्ने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।९।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम्।

४

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६७-CR-०९९०, आयकर, *ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर वि. संजयकुमार अग्रवाल*

वारेन्टीको काम स्वराज माज्दाको तर्फबाट स्थानीय डिलरले गर्नुपर्ने कुरा उल्लेख भएबाट यो कार्य पूरै स्वराज माज्दाको खर्चमा हुने देखिन्छ। स्वराज माज्दाको गाडीहरू बिक्री वितरण गर्दा निश्चित अवधि वा कि.मि. सम्मलाई बिक्रेताले वारेन्टीसहित गर्नुपर्ने र गाडीमा भएको टुटफुट खर्चको शोधभर्ना स्वराज माज्दा कम्पनीले प्रत्यर्थीलाई गर्नुपर्ने भन्ने कुरामा प्रत्यर्थीको स्वीकारोक्ति छ। त्यसपछि रहेको Dealer shall ensure to remit Rs.14000.00 per vehicle on account of warranty coverage. अनुसार सो शोधभर्नाको रकम यस कम्पनीले निज स्वराज माज्दालाई भुक्तान गर्नुपर्ने र गरीआएको भनी प्रत्यर्थीले जिकिर लिएको देखिन्छ। करदाताले वारेन्टीको काम गर्ने सोको शोधभर्ना स्वराज माज्दाले गर्ने भइसकेपछि पुनः सोबापत स्वराज माज्दालाई प्रत्यर्थीले प्रतिगाडी भारू १४।- हजार दिनुपर्ने भन्ने सम्झौता घुमाउरो देखिन्छ। प्रतिगाडी भारू १४।- हजार दिनुपर्ने भन्ने शर्तबाट स्वराज माज्दाले गर्ने शोधभर्नाको प्रयोजन समाप्त हुन पुग्ने।

करदाताले पेस गरेको १५ जुलाई २००८ को प्रिन्टमा १७ जुलाई २००६ देखि १७ जुलाई २००७ सम्ममा प्रत्यर्थी करदाताबाट स्वराज माज्दालाई समयसमयमा भारू १४,०००।– का दरले भुक्तानी भएको देखिन आए पनि सो प्रिन्ट करदाताको प्रिन्ट हो भन्ने कुरालाई यो इजलासले ध्यानमा लिनु आवश्यक छ। वारेन्टीबापत भुक्तानी भएको भनी विवरण मात्र पेस गरेर पुग्नेवाला छैन। प्रत्यर्थी करदाताले के कति क्रेताको कुन कुन गाडीलाई के कति रकमसम्मको वारेन्टी सेवा उपलब्ध गराएको हो सोको नामनमेसीसहितको विवरण पनि निजले पेस गर्नु र खुलाउनु आवश्यक हुन्छ । निजले सो केही खुलाउन नसकेबाट यी करदातालाई वारेन्टी सेवा दिएबापत व्ययभार परेको कुरामा यो इजलास विश्वस्त हुन सकेको छैन । यस अवस्थामा वारेन्टीमा लाग्ने खर्च निक्कै बढी हुने भएको र सबै खर्च वितरकले व्यहोर्न नसक्ने हुँदा धेरै अंश स्वराज माज्दाले व्यहोर्ने भन्ने अर्थबाहेक अरू अर्थ आउने अवस्था रहँदैन । अरू अर्थ गर्दा शोधभर्नासम्बन्धी प्रावधान अर्थहीन पुग्छ । स्वराज माज्दाबाट पाएको सो छुट करदाताको आम्दानी नै हुन्छ । सम्झौताको मुख्य केन्द्रविन्दु शोधभर्ना हो । कुन गाडीमा कति रकमको काम भयो यसलाई करदाताले लुकाएको देखिन्छ । यस्ता करदातालाई अदालत र कानूनले मद्दत गर्न नमिल्ने।

विगतको भुक्तानीमा आयकर असुलनगरेको तर विवादित आ.व. मा असुलगरेको उपयुक्त नभएको भन्ने करदाताको जिकिर देखिन्छ । तर कार्यालयको भूल आदि कारणले कानूनले लाग्ने कर असुलगर्न नसकेको कारणबाट आगामी वर्षमा पनि त्यस्तैगरी छुट पाउनुपर्छ भन्नु मनासिब हुँदैन। ती वर्षहरूमा यो प्रश्न उठी कानूनको व्याख्या भई सो आधारमा आयकर छुट भएको देखिन नआई यो प्रश्न उठ्न सकेको नदेखिँदा करदाताको यो जिकिरसँग सहमत हुन नसकिने।

बिमाबापतको भुक्तानीलाई आयकर ऐन, २०५८ को दफा ८८ ले नसमेटेको भन्ने करदाताको अर्को जिकिरका हकमा यो जिकिरबाट करदाता र स्वराज माज्दा दुवै कालो सूचीमा पर्ने खतरा हुन्छ। यस्तो वारेन्टी खर्चको भुक्तानी बिमा कम्पनीबाट पाउन नसकिने भएकोले यो समझौता भएको भन्ने कुरा यिनै करदाताबाट आएको छ । यसबाटै प्रस्तुत कारोबार बिमा कारोबार नभएको र नहुन सक्ने कुरा छर्लंग छँदाछँदै यो सम्झौता एकप्रकारले इन्स्युरेन्स जस्तो जोखिम न्यूनीकरणको सम्झौता भएको भन्ने करदाताको तर्क र त्यसमा राजस्व न्यायाधिकरणको सहमति बिमासम्बन्धी मान्यताविपरीत देखिन्छन् । कहाँ बिमा र कहाँ यो सम्झौता। तुलना नै हुन सक्तैन। न पोलिसी छ न प्रीमियम। न स्वराज माज्दा बिमा कम्पनी नै हुन्। तसर्थ उल्लिखित वारेन्टीअन्तर्गतको कामलाई सेवा मानी त्यसमा आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार भुक्तानी रकम रू.१५,०२,२०७।– को १५% ले हुने कर रू. २,२५,३३१।०५ ब्याज रू. ५३,८५२।४४ समेत रू. २,७९,१८३।४९ अग्रिम करकट्टी रकम दाखिल गरेको नदेखिएकोले सो रकम तथा सोमा ऐनको दफा ११९ अनुसार हुने ब्याजसमेतको रू. २,७९,१८३।४९ असुल गर्नुपर्ने ठहर्‍याएकोसमेतको आन्तरिक राजस्व कार्यालय, विराटनगरको मिति २०६५।७।२७ को निर्णय र आन्तरिक राजस्व विभागको मिति २०६५।१०।२८ को प्रशासकीय पुनरावलोकनसम्बन्धी निर्णयसमेत मिलेकै देखिँदा त्यसलाई उल्टी गरेको राजस्व न्यायाधिकरण विराटनगरको मिति २०६६।९।१२ को फैसला उल्टी भई आन्तरिक राजस्व कार्यालय, विराटनगर र ऐ. विभागको ती फैसलाहरू कायम हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ ४ गते रोज २ शुभम्।

५

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७१-WO-०७२८, उत्प्रेषण, *रामसेवक साह सुडीसमेत वि. महेन्द्र साह सुडीसमेत*

प्रत्यर्थीहरूले जनाउ पाएको भन्ने जिकिर रिट निवेदकले लिएको पाइँदैन भने प्रत्यर्थीहरूले फैसलाको जनाउ पाएको वस्तुनिष्ठ प्रमाण मिसिल सामेल रहेको पनि देखिँदैन । फैसलाको आत्मा भनेकै त्यसको कार्यान्वयन हो । कार्यान्वयन बिनाको फैसलाको अस्तित्व कागजी खोस्टासरह हुन जान्छ । फैसलाको प्रतिफल त्यसको कार्यान्वयनबाट मात्र प्राप्त हुने र कानूनी राज्यको अवधारणा साकार हुने हुन्छ । फैसलाको उद्देश्य नै त्यसको कार्यान्वयन हो भन्ने विधायिकी मनसाय हुने कुरामा कुनै सन्देह छैन । मुलुकी ऐन, अ.बं. २१० नं. को उल्लिखित व्यवस्था सम्बन्धित निकायबाट अवलम्बन नगरिएको तथ्यले प्राकृतिक न्यायको सिद्धान्तविपरीत ऐनको शाब्दिक व्याख्या गर्नसमेत मिल्ने देखिँदैन । प्रत्यर्थीले मिति २०७०।७।११ मा नक्कल सारी फैसलाको जानकारी प्राप्त गरी मिति २०७०।७।१२ मा फैसला कार्यान्वयनको लागि दिएको दर्खास्त कानूनबमोजिम म्याद नाघी दर्ता भएकोले उक्त दर्खास्त बदर गरिपाउँ भन्ने निवेदन मागसँग सहमत हुन नसकिने ।

तसर्थ उल्लिखित तथ्य प्रमाणहरू समेतबाट सप्तरी जिल्ला अदालतबाट मिति २०७०।१०।३ मा भएको आदेश बदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।१२।९ मा भएको आदेश कानूनसङ्गत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गर्न पर्ने देखिएन । रिट निवेदकहरूको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ १७ गते रोज ६ शुभम् ।

इजलास नं. ६

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६९-CI-११९५, उत्प्रेषण / परमादेश, *रामजी कोङरेन वि. सम्मानीय प्रधानमन्त्री एवम् आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सिंहदरबार, काठमाडौंसमेत*

निवेदक रामजी कोङरेनलाई किराँत याख्खा छुम्मा केन्द्रीय समितिको मिति २०६८।११।९ को बैठकले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सञ्चालक परिषद्को सदस्यता मनोनयन गर्न सिफारिस गरिएकोमा पछि मिति २०६९।१।३० को किराँत याख्खा छुम्मा केन्द्रीय समितिको बैठकले निजको सट्टा वर्तमान महासचिव दीपककुमार राईलाई मनोनयन गरेको भनी आदिवासी जनजाति महासंघलाई मिति २०६९।१।३१ मा पत्रद्वारा सिफारिस गरेको देखिन्छ । सोही सिफारिस पत्रको आधारमा आदिवासी जनजाति महासंघका सहअध्यक्ष स्थानीय विकास मन्त्रीले प्रतिष्ठानको सञ्चालक परिषद् सदस्यमा मनोनयन गरेको देखिन्छ । विपक्षीमध्येका दीपककुमार राई किराँत याख्खा छुम्मा केन्द्रीय समितिको महासचिव पदमा रही कामकाज गरी आइरहेकोमा निजलाई सो पदबाट हटाउन वा कामकाज गर्न रोक लगाउने जस्ता काम कारवाही कहीँकतैबाट भएको देखिँदैन । किराँत याख्या छुम्मा केन्द्रीय समितिको महासचिव भई कामकारवाही गरिरहेको व्यक्ति याख्खा जातिअन्तर्गत पर्दैन भन्ने कुराको कुनै ठोस र आधिकारिक प्रमाण निवेदकले पेस गर्न सकेको पाइँदैन । ठोस र आधिकारिक प्रमाणको भार निवेदकले नै पुर्‍याउनु पर्ने हुन्छ । ठोस र अधिकारीक प्रमाणको अभावमा किराँत याख्खा छुम्मा केन्द्रीय

समितिको सिफारिस पत्रका आधारमा दीपककुमार राईलाई जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सञ्चालक समितिको सदस्यमा गरिएको मनोनयनलाई निवेदन मागबमोजिम बदर गर्नुपर्ने नदेखिने रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २३ गते रोज १ शुभम्।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CI-०५३१, उत्प्रेषण / परमादेश, *विशाल तातेडसमेत वि. मालपोत कार्यालय, उदयपुरसमेत*

साबिक जग्गाधनी भवरलाल तातेड भई हाल ज्यानी देवी तातेड दर्ताको उदयपुर जिल्ला, जोगीदह गाउँ विकास समिति, वडा नं. ३ ख कित्ता नं. १३६ कित्ताकाट भई हाल कि.नं. ४१७ को जग्गा बिगाहा १-९-० को जग्गा रविलाल चौधरीले अविछिन्नरूपमा कमाउँदै आई भूमिसुधार लागू हुँदा १ नं. फारम र २ नं. अनुसूचीका आधारमा २०३५।५।३० मा मोहीको स्थायी प्रमाण पत्र प्राप्त गरेको देखिन्छ। सो कित्ताको जग्गा बिगाहा १-९-० को उत्तरतर्फबाट अर्का मोही जगत चौधरीको मोही कायम भई निज जगत चौधरीले राजीखुसीले आफ्नो हक हिस्सा लिई मोही लगत कट्टा भएको देखिन्छ। एउटै कित्ता जग्गामा विभिन्न मोही हुन नसक्ने भन्ने पनि हुँदैन। कि.नं. १३६ को कित्ताकाट भई आएको कि.नं. ४१७ को जग्गाको मोही रविलाल चौधरी नै कायम भइसकेको देखिएकोले जग्गा बिगाह १-९-० मध्ये ०-१४-१० जग्गाको मोही हक हिस्सा छुटाई दाखिल खारेज गराई लिन पाउने नै देखिने।

ज्यानीदेवी तातेडको नाउँ दर्ताको जिल्ला उदयपुर जोगीदह गाउँ विकास समिति, वडा नं. ३(ख) साबिक कि.नं. १३६ को जग्गा कित्ताकाट भई कि.नं. ४१७ को जग्गा बिगाह १-९-० जग्गामा प्रत्यर्थी रविलाल चौधरीले मोहीको हैसियतमा जग्गा जोत कमोद गर्दै सालवसाली कुत बाली बुझाएको भरपाई मोहीको लगत भरी १ नं फाराम र २ नं अनुसूची निजकै नामबाट भरिएको मोहीको अस्थायी प्रमाण पत्रसमेत निजकै नाममा भएको र मिति २०६४/४/२५ को गाउँ विकास सर्जमिन मुचुल्कासमेतका आधार प्रमाणहरू बुझी मालपोत कार्यालय, उदयपुरबाट मिति २०६८/६/३० मा भएको निर्णय मनासिब ठहर्‍याई उत्प्रेषण मिश्रित परमादेशको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।८।१७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २३ गते रोज १ शुभम्।

३

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CI-०७२८, निषेधाज्ञा / परमादेश, *खगराज उपाध्याय वि. पश्चिमाञ्चल डिभिजन सडक कार्यालय, बुटवल, रूपन्देहीसमेत*

मिति २०३४/३/२० मा नेपाल राजपत्रमा सूचना प्रकाशित भएपछि सडकको चौडाइको मध्य भागबाट २५/२५ मिटरको मापदण्डलाई आधार बनाई नक्सा पास गराई निर्माण गरिएका घर टहरासमेत सडक विस्तारको क्रममा भत्काउने लागिएको छ भन्ने सन्दर्भमा विचार गर्दा कुनै पनि व्यक्तिको स्वामित्वमा रहेको व्यक्तिगत सम्पत्ति निर्वाधरूपमा उपभोग गर्न पाउने हक सम्बन्धित व्यक्तिहरूमा रहेको हुन्छ। त्यस्तो सम्पत्तिमा सार्वजनिक प्रयोजनका लागि उपयोग गर्नुपर्ने अवस्था आएमा त्यस्ता सम्पत्तिको उचित क्षतिपूर्ति दिई उपयोग गर्नुपर्ने हुन्छ। सार्वजनिक प्रयोजनका लागि कुनै पनि व्यक्तिको व्यक्तिगत सम्पत्ति उपयोग गर्दा व्यक्तिलाई मर्का नपर्ने गरी उचित व्यवस्था मिलाएर सो सम्पत्ति सार्वजनिक हितका काममा

निरन्तरता दिनुपर्दछ । सडकको चौडाईतर्फ सडकको मध्य भागबाट २५/२५ मिटरभन्दा बाहिरको जग्गा प्राप्ति गर्नुपर्ने अवस्था भएमा पुनरावेदकहरू समेत सँगै समन्वय गरी व्यक्तिगत सम्पत्तिको समुचित व्यवस्था गरी सडकको विकास र विस्तारको काम कारवाहीलाई अगाडि बढाउनु भनी परमादेशको आदेश जारी गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन २३ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७०-CI-०७२६ र ०७०-CI-०७२७, निषेधाज्ञा / परमादेश, *सुदिप धिताल वि. पश्चिमाञ्चल डिभिजन सडक कार्यालय, बुटवल, रूपन्देहीसमेत, अन्जना पराजुली वि. पश्चिमाञ्चल डिभिजन सडक कार्यालय, बुटवल, रूपन्देहीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७१-CI-०८०९, उत्प्रेषण / परमादेश, *थलकुमार श्रेष्ठ वि. अरूण फाइनान्स एण्ड सेभिङ्ग लिमिटेडसमेत*

निवेदनमा उल्लिखित कि.नं. ५ को जग्गा निवेदकको नाममा रहेको मिसिल संलग्न जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिन्छ। जिल्ला सुनसरी, धरान नगरपालिका, वडा नं. ४ बस्ने मनोहर मास्केले निवेदक थलकुमार श्रेष्ठ नामदर्ताको उक्त कि.नं. ५ को जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि र नागरिकताको प्रतिलिपि साथै राखी मिति २०५९।४।२२ मा अरूण फाइनान्स एण्ड सेभिङ्ग लिमिटेडमा ऋण माग गरेको देखिन्छ । धितो रोक्का रहेको जग्गाको जग्गाधनी थलकुमार श्रेष्ठले मिति २०६९।०३।२४ मा रू.३ लाख बुझाई जग्गा फुकुवा गरिपाउँ भनी अरूण फाइनान्स एण्ड सेभिङ्ग लिमिटेडमा निवेदन दिएको पनि देखिन्छ । निवेदकको नागरिकताको प्रतिलिपि, जग्गाधनी पुर्जाको प्रतिलिपि पेस गरी सोही जग्गा धितो राखी मनोहर मास्केले अरूण फाइनान्सबाट ऋण लिएको देखिन आएको र सो ऋणको सम्बन्धमा धितो राखेको जग्गा अरूण फाइनान्सले रोक्का राख्न पठाई मालपोत कार्यालय, मोरङबाट जग्गा रोक्का राखेको अवस्थामा उक्त कुरा थाहा पाएका निवेदकले आफ्नो जग्गाधनी पूर्जा हराएको सम्बन्धमा मनोहर मास्केउपर कतै कहीँ उजुर नगरी अरूण फाइनान्स तथा मालपोत कार्यालयउपर मात्र प्रस्तुत रिट निवेदन दायर गरेको देखिँदा धितो राख्ने कार्यमा निजको सहमति थिएन भन्न नमिल्ने हुनाले अरूण फाइनान्स लिमिटेडले निवेदकको जग्गा धितोबापत रोक्का राख्नका लागि मालपोत कार्यालयमा गरेको पत्राचार र मालपोत कार्यालयले उक्त पत्राचारबमोजिम जग्गा रोक्का राखेको कार्यलाई कानूनविपरीतको कार्य भनी मान्न मिल्ने देखिन नआउने ।

जिल्ला मोरङ बनिगामा गा.वि.स. वडा नं. ५(घ) कि.नं. ५ को ज.वि.१–५–१० को निवेदकका नाउँको जग्गा अरूण फाइनान्स लिमिटेडले कर्जाबापत रोक्का राख्नको लागि मालपोत कार्यालयमा लेखी पठाएका आधारमा मालपोत कार्यालय, मोरङबाट रोक्का रहेको देखिन आएकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नभएबाट उक्त उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।२।२६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २३ गते रोज १ शुभम् ।

५

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७१-CI-०९३०, उत्प्रेषण / परमादेश, *नरध्वज पाण्डेसमेत वि. काले ऋषिदेव*

मोही लगत कट्टा गरिपाउँ भनेको जग्गा र मोही नामसारी गरिपाउँ भन्ने मुद्दाको विवादित जग्गा एउटै भएपछि परस्पर दुवै पक्षलाई सुनाउनु पर्ने कर्तव्य पनि निर्णयकर्ता कै देखिन आउछ । उक्त कि.नं.२३८ मा मोही नामसारी गरिपाउँ भनी मिति २०६७।६।२४ मा दिएको फिरादको हालसम्म कारबाही किनारा नलागेको अवस्था छ भने सोही जग्गामा नै मोही लगत कट्टा गरिपाउँ भनी मिति २०६८।९।७ मा दिएको निवेदनको कारवाही किनारा लागिसकेको अवस्था देखिने ।

कानूनबमोजिम काम गर्ने अख्तियारी पाएको वा सो कार्य सम्पादन गर्नुपर्ने कानूनी कर्तव्य भएको सार्वजनिक अधिकारीले कार्य नगरेको वा विलम्ब गरेको कारणबाट नागरिकको हक प्रचलन अवरूद्ध भएको स्थितिमा मातहतका न्यायिक वा अर्ध न्यायिक निकायका नाउँमा परमादेशको आदेश पृथक वा उत्प्रेषणका साथसाथै जारी गर्नसक्ने न्यायको मान्य सिद्धान्त रहेको पाइन्छ । सुनुवाइको समुचित अवसर प्रदान गर्नुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त रहेकोमा भूमिसुधार कार्यालयले यी निवेदकलाई समेत बुझेर निर्णयमा पुग्नु पर्नेमा सो गरेको नदेखिएको अवस्थामा निवेदकको सवैधानिक तथा नागरिक हक अधिकार माथि प्रतिकूल असर परेको अवस्था देखिन आयो । विवादित विषयमा दुवै पक्षलाई राखी निर्णयमा पुग्नुपर्ने प्राकृतिक न्यायको मान्य सिद्धान्तविपरीत भूमिसुधार कार्यालयले सोही कार्यालयमा सोही जग्गाको विषयमा तारेखमा रहिरहेका यी निवेदकलाई थाहा जानकारी नै नदिई विवादित जग्गाको मोही लगत कट्टाको निर्णय गरेको कार्यलाई कानूनको उचित प्रक्रिया पुर्‍याई गरेको भन्न नमिल्ने भई त्रुटिपूर्ण देखिने ।

प्रत्यर्थी निवेदकलाई रीतपूर्वकको सूचना नै प्राप्त नभएको अवस्थामा निजका विरूद्ध निर्णय गरेको भूमिसुधार कार्यालय, मोरङको निर्णय बदर गरी पुन: निर्णय गर्नु भनी परमादेशको आदेश जारी गरेको पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।१०।२७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २३ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७१-CI-०९३१ र ०७१-CI-०९३२, उत्प्रेषण / परमादेश, *नरध्वज पाण्डेसमेत, वि. काले ऋषिदेव, रोशनकुमार न्यौपाने वि. काले ऋषिदेवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

इजलास नं. ७

१

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७०-CR-१०५७, जबरजस्ती करणी, *अम्मरजीत प्रधान वि. नेपाल सरकार*

जाहेरवाली पीडितले आफू पिसाब फेर्न बसेको बेला प्रतिवादीले आफूलाई समाती मुख थुनी तान्दै भण्डारी डाँडामा लगी जबरजस्ती करणी गरेका हुन् भनी उल्लेख गरी कसैलाई भन्यो भने मार्छु भनी धम्की दिएकाले तत्काल कसैलाई नभनेको हुँ भनी खुलाएको पाइन्छ । यसरी एउटा उमेर नपुगेकी नाबालकले सामाजिक लोक लज्जा तथा कलंकको कारकसमेत हुने जबरजस्ती करणीको विषयलाई बिनाकारण प्रतिवादीलाई फसाउन मात्र त्यसरी लेखाएको होला भनी भन्नसमेत सकिने हुँदैन । त्यसमा पनि निजको सो व्यहोरा स्वास्थ्य परीक्षण प्रतिवेदनलगायतका प्रमाण

कागजहरूबाट समेत समर्थित रहेको छ। यी प्रतिवादीले अनुसन्धानमा र अदालतमा बकपत्र गर्दा कसुरमा इन्कार रहे पनि अनुसन्धानमा बयान गर्दा निजले उक्त वारदात भएको दिन अर्थात् मिति २०६९।५।११ मा आफू गाउँमा थिएँ भनी भनेको र अदालतमा भने आफू उक्त दिन वीरगञ्ज ड्युटीमा थिएँ भनी एउटै विषयमा अलगअलग व्यहोरा लेखाएबाट निजको इन्कारी बयानलाई विश्वासयोग्य मान्न सकिँदैन। साथै सो दिन निजले आफू अन्यत्र रहेको भनी जिकिर (Plea of Alibi) लिएको प्रमाणित गर्ने भार निजउपर नै हुने भए तापनि निजले तथ्ययुक्त प्रमाणबाट सो प्रमाणित गर्न सकेकोसमेत नपाइने।

वारदात देख्ने सुन्ने वा आफ्नो इन्द्रियले थाहा पाउने कोही मानिस नभएकै आधारमा प्राप्त प्रमाणका आधारमा पुष्टि भएको वारदात र यसमा रहेको संलग्नतालाई नकार्न सकिने हुँदैन । रातको समयमा गरिएको जबरजस्ती करणीको जस्तो वारदातमा प्रत्यक्ष देख्ने सुन्ने वा इन्द्रियले थाहा पाउने मानिस हुने सम्भावनासमेत धेरै न्यून हुने हुन्छ। त्यस्तै पीडितको मुख थुनी डरधाक र धम्कीसमेत देखाएको अवस्थामा पीडित रोइकराई अरूको गुहार माग्न नसकेको र वारदातपछि पनि अरूलाई भने मारिदिन्छु भनी प्रतिवादीले दिएको धम्की तथा लोकलाजका कारण पनि अन्यलाई वारदातको बारेमा समयमै जानकारी नगराएको हुनसक्ने कुरालाई अस्वाभाविक मान्न सकिँदैन। तत्काल रोइकराई गुहार नमागेको र तत्काल अरूलाई भनी जाहेरी नदिएकाले मात्र कसुर भएको तथा संलग्नता रहेको कुरालाई अन्यथा भन्न नसकिने।

जबरजस्ती करणीको वारदातमा सर्वोत्तम साक्षी प्रमाणको रूपमा मुख्यतः पीडितको भनाइ र निजको शारीरिक परीक्षणले प्रमुख भूमिका खेल्ने हुन्छ । यो लोकलाज, सामाजिक इज्जत प्रतिष्ठा, पारिवारिक तथा वैवाहिक सम्बन्धलगायतका जीवनका विविध पक्षसँग प्रत्यक्ष सम्बन्धित कसुर भएकाले सामान्यतया यसमा पीडित पक्षले विनाकारण वारदात भएको भनी अरूलाई आरोप लगाउने कुरा हुँदैन । विनाकारण लगाएको आरोपमा नाबालक पीडितले घटनाक्रमबारे सिलसिलेवार बताई सबै कागजहरूमा एउटै व्यहोरा खुलाउन सक्नेसमेत हुँदैन । आफू पीडित भई असह्य भएका कारण मात्र प्रायः यस्ता मुद्दाहरू बाहिर आउने हुन्छन् । प्रस्तुत वारदातका सम्बन्धमा पनि यी पीडितले जाहेरीमा, अनुसन्धानमा र अदालतमा समेत एउटै व्यहोरा सिलसिलेवाररूपमा लेखाइदिएको र सो व्यहोरा स्वास्थ्य परीक्षणलगायतका अन्य प्रमाणबाट समेत परस्पर समर्थित रहन गएको अवस्थामा यी प्रतिवादीले जबरजस्ती करणीको कसुर गरेको हैन भन्न नसकिने।

मुलुकी ऐन, जबरजस्ती करणीको ३(२) नं. मा दश वर्ष वा सोभन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणीमा गरेमा आठ वर्ष देखि १२ वर्षसम्म कैद गर्नुपर्ने व्यवस्था रहेकोले यी प्रतिवादीले १२ वर्षकी नाबालिकालाई धाक धम्कि देखाई मुख थुनी विवश पारेर जबरजस्ती करणी गरेकोसमेत देखिएकोले पीडितको उमेरका आधारमा निजलाई प्रस्तुत कसुरबाट पुग्न जाने क्षतिसमेत विचार गर्दा सुरू अदालतले यी प्रतिवादीलाई १० वर्ष कैद र ऐ. १०(ग) नं. अनुसार यी प्रतिवादीबाट पीडितले रू. २,५०,०००/- क्षतिपूर्ति भराई पाउने ठहर्‍याएको सदर गरेकोसमेतलाई अन्यथा भन्न सकिने नदेखिने।

अतः अभियोग मागदाबीअनुसार प्रतिवादी अम्मरजित प्रधानलाई कसुरदार ठहर गरी निजलाई कैद वर्ष १० (दश) हुने र निजबाट क्षतिपूर्ति रू.२,५०,०००/- (दुई लाख पचास हजार रूपैयाँ) पीडितलाई भराई दिने गरी सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।९।१ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट

मिति २०७०।४।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०६८-CI-१२८५ र ०६८-CI-१४१५, जग्गा दर्ता निर्णय दर्ता बदर दर्तासमेत, *महेन्द्र पासवानसमेत वि. बसन्ती शर्मासमेत र युवराज पोखरेलसमेत वि. बसन्ती शर्मासमेत*

प्रस्तुत मुद्दामा विवादित वादी दाबीको जग्गामा वादी प्रतिवादीबीच हकबेहकमा प्रश्न उठेको विवादित जग्गाको सर्वे नापीको समयमा झगडा जनाइएको तत्काल जग्गा दर्ता गर्न बाँकी रहन गएको भन्ने फिल्डबुकमा उल्लेख भएको देखिन्छ । वादी प्रतिवादीले जग्गाको स्वामित्वको सम्बन्धमा विवाद उठाई आआफ्नो प्रमाणसमेत खुलाई दाबी जिकिर लिएको यस अवस्थामा निजहरूका दाबी जिकिरका प्रमाणहरू परस्पर सुनाई अ.बं. ७८ नं. को प्रक्रिया अवलम्बन गरी निर्णयमा पुग्नुपर्ने हुन्छ । विवादित जग्गामा घरसमेत रहेको दाबी देखिन्छ। यस अवस्थामा सो जग्गामा घर छ छैन ? भए को कस्को भोग चलन छ ? भन्ने कुराको समेत यकिन गर्न नापनक्सा सर्जमिन गर्नुपर्नेमा सोसमेत गरेको देखिँदैन । यसरी बुझ्नुपर्ने सबुद प्रमाण नबुझी वादी दाबी नपुग्ने ठहर्‍याएको जिल्ला अदालतको फैसला मुलुकी ऐन, अदालती बन्दोबस्तको १८४क र प्रमाण ऐन, २०३१ को दफा ५४ को त्रुटि रहेको देखिन आएकोले जो जे बुझ्नुपर्ने हो बुझी कानूनबमोजिम पुनः निर्णय गर्न भनी सुरू जिल्ला अदालतमा पठाउने गरी भएको पुनरावेदन अदालत, विराटनगरको फैसला मनासिब देखिने।

तसर्थ, वादी दाबी नपुग्ने ठहर्‍याएको सुरू अदालतको फैसला बदर गरी जो जे बुझ्नुपर्ने बुझी कानूनबमोजिम पुनः निर्णय गर्न भनी सुरू मोरङ जिल्ला अदालतमा पठाउने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।५।२७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-११७१, १३०३, जालसाजी, *महेन्द्र पासवानसमेत वि. बसन्ती शर्मासमेत युवराज पोखरेल वि. बसन्ती शर्मासमेत*

३

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७०-CI-००२२, अंश दपोट, *देवेन्द्र कापड वि. हेमिया देवीसमेत*

प्रतिवादी हेमिया देवीले सुनिता देवीलाई बकसपत्र गरेको भनेको कि.नं. २०५ को जग्गा निज हेमियादेवीका पति दहु कापडले चुल्हा कापडबाट बकसपत्र प्राप्त गरेको र निजको मृत्युपछि निजको श्रीमती यी प्रतिवादीको एकलौटी हक लाग्ने भएकाले निजले प्रतिवादी सुनिता देवीलाई गरी दिएको बकसपत्रको लिखत कानूनसम्मत नै देखिँदा निजको एकलौटी अंश भागको कि.नं. २०५ को जग्गामा आफ्नो अंशभाग मार्ने नियतले तायदातीमा नदेखाई अंश दपोट गरेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

कि.नं. १३८ को जग्गा प्रतिवादी योगेन्द्र कापडले दायदाती पेस गर्नुपूर्व नै अर्को प्रतिवादी सुनिता देवीलाई हालैको बकसपत्रबाट हक हस्तान्तरण गरिसकेको देखिँदा मुलुकी ऐन, अंशबन्डाको महलको २७ नं. आकर्षित हुने देखिन आएन। तर विवादको कि.नं. १३८ को जग्गा अंश मुद्दा चल्दाचल्दैको अवस्थामा प्रतिवादीहरूले एक आपसमा लिनु दिनु गरेको कार्यले वादीको हकमा असर पर्न नसक्ने र विवादको जग्गा

अंशियारबीच बन्डा लाग्ने प्रकृतिको देखिएकोले वादीले उक्त जग्गाबाट ३ भागको १ भाग अंश पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा देखिन नआएकोले पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार कारणबाट विवादको कि.नं. २०५ र कि.नं. १३८ का दुवै कित्तामा अंश दपोट हुने ठहर्‍याएको सुरूको फैसला केही उल्टी गरी कि.नं. १३८ को जग्गाबाट पुनरावेदक वादीले ३ भागको १ भागसम्म पाउने भई निजको नाममा दर्तासमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।१०।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल मङ्सिर २९ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छन्:

- ०७०-CI-००२१, लिखत बदर दर्ता बदर दर्ता, *देवेन्द्र कापड वि. योगेन्द्र कापडसमेत*
- ०७०-CI-००२३, लिखत दर्ता बदर दर्ता, *देवेन्द्र कापड वि. होमिया देवीसमेत*

४

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७०-CR-१०६२ र ०७०-CR-१०८३, कर्तव्य ज्यान, *सरबीर बुढासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सुरबीर बुढासमेत*

ज्यानसम्बन्धीको महलको १३ (३) नं. अनुसारको कसुर स्थापित हुन तथा सोहीअनुसार सजाय गर्न आपराधिक कार्य गर्ने रिसइवी, तयारी, योजना, घातक हतियारको प्रयोग जस्ता मार्ने मनसाय देखिने तत्त्वको विद्यमानता रहनु पर्ने हुन्छ । पूर्ण आपराधिक मनसायबिनाको कार्यमा ज्यानसम्बन्धीको महलको १३ (३) नं. अनुसार सर्वस्वसहित जन्मकैद वा जन्मकैदको तथा ज्यान मारेको सम्बन्धको सबैभन्दा उपल्लो कोटीको सजाय गर्न मिल्ने हुँदैन । प्रस्तुत वारदातमा प्रतिवादीहरू सुरवीर बुढा र जुद्धवीर बुढाको मृतक टोपबहादुर नकालसँग बाटोमा अकस्मात भेट हुँदा मृतकबाटै पहिला गालीगलौज तथा हातपातसमेत भई आपसी धकेलाधकेल भई प्रतिवादीहरूले मृतकलाई कुरी काँडाको झाँगमा पछारिदिएका कारण अण्डकोषमा चोट लागी सोही चोटबाट मृतकको मृत्यु भएको देखिएबाट यी प्रतिवादीहरूले मृतकलाई मार्नेसम्मको कुनै पूर्व रिसइवी राखी सोहीअनुसार मार्ने मनसायले पूर्वयोजना तथा तयारी गरेको कहीँकतैबाट देखिँदैन । जाहेरवाला, मौकामा कागज गर्ने व्यक्ति र स्वयम् यी प्रतिवादीहरूले मृतक र यी प्रतिवादीहरूको बीच पहिलेदेखि नै यी प्रतिवादीहरूको छोरा तथा भतिजा लालबहादुर बुढाले कालु नकालको छोरीसँग प्रेम विवाह गरेकोले नकाल परिवारहरू र प्रतिवादीहरू बीच पुरानो रिसइवी रहेको भनी लेखाए पनि सोही रिसइवीका कारण मात्र प्रतिवादीहरूमा यी मृतकलाई मार्नेसम्मको नै पूर्वरिसइवी रहेको भनी भन्न नसकिने।

वारदात भएको परिस्थिति हेर्दा सो समयमा मृतक टोपबहादुर नकालले रक्सी सेवन गरेको र प्रतिवादीहरूलाई जारहरू आए भनी धकलपकलसमेत गरेकोमा दुवै पक्षबीच हानाहान कुटपिट भएको र मृतकले प्रतिवादीमध्येका जुद्धवीर बुढाको कान टोकिदिएको भनी घटनास्थलका प्रत्यक्षदर्शी भनिएका लालबहादुर पुन, गिरमी नकालसमेतको बकपत्रबाट देखिन आएबाट मृतककै कारण झगडा धकलफकल भई यी मृतकलाई प्रतिवादीहरूले धकेली कुरी काँडाको काटेको झाँगमा यी मृतक पछारिन पुग्दा अण्डकोषमा चोट लागि मृत्यु भएको देखिन आएको छ। अण्डकोषमा चोट लागेको कुरा शव परीक्षण प्रतिवेदनबाट समेत पुष्टि हुन आएको छ । यस्तो परिस्थिति तथा अवस्थामा भएको ज्यानसम्बन्धी वारदातलाई वारदात भएकै आधारमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३

नं. अन्तर्गत सजाय हुने अपराधको कोटीमा राख्नु न्यायोचित नहुने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलमा ज्यानसम्बन्धी अपराधलाई भिन्न-भिन्नरूपले परिभाषित गरी भिन्नभिन्न तथा कम बढी सजायको मात्राको समेत व्यवस्था गर्नुको विधायिकी मनसाय पनि अपराध हुँदाको अवस्था, परिस्थिति, सन्दर्भ आदिको विचार गरेर मात्र अपराधको स्तर निर्धारण गरी सोहीअनुसार सजाय गर्नुपर्दछ भन्ने हो । तसर्थ प्रस्तुत वारदात हुँदाको परिस्थिति र सन्दर्भ हेर्दा प्रतिवादीहरूलाई सुरू अदालतले ठहऱ्याएअनुरूप ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

भवितव्य ज्यान हुन ज्यान मार्नेसम्मको मनसाय रिसइवी तथा ज्यान मार्नुपर्ने कुनै कारण नभई सोअनुरूपको कुनै सोच राखी योजना बनाएको हुनु नपर्ने, आफूले गरेको कामबाट मानिस मर्ने जस्तो अवस्था पनि नदेखिनु पर्ने वा परिणामको पूर्व ज्ञान नभएको हुनुपर्ने र कुनै काम सावधानी अपनाएर गरेको भएपनि अप्रत्याशितरूपमा अर्कोलाई लाग्न गई ज्यान मर्न गएको देखिएमा मात्र भवितव्य ज्यान हुने देखिन्छ । यी सबै अवस्था विद्यमान भएमा मात्र भवितव्य मानिने हुँदा भवितव्यलाई दुष्परिणामको इच्छा तथा पूर्वज्ञानसमेत नभएको एक दुर्घटना तथा अप्रत्यासित तथा आकस्मिक घटनाका रूपमा मात्र लिइने हुन्छ । त्यसैले वारदातलाई भवितव्यका रूपमा लिन वारदात सांयोगिक वा दुर्घटनापूर्वक भएको हो भन्ने अनिवार्यरूपमा प्रमाणित हुनुपर्ने ।

प्रस्तुत वारदात भएको अवस्था तथा परिस्थिति हेर्दा वारदात सांयोगिक, दुर्घटना तथा आकस्मिकरूपमा भएको देखिने अवस्था छैन । दुवै पक्षको अकस्मात भेट हुँदा मृतकले रक्सी खाएको अवस्थामा यी प्रतिवादीलाई गाली गलौज र हात हालाहाल गर्दा प्रतिवादीहरूले पनि धकलफकल गरेको अवस्था विद्यमान छ । धकलफकल गरी कुरी काँडाको काटेको झाँगमा पछार्दा मानिसको ज्यानसमेत जानसक्ने कुरा जान्नसक्ने प्रशस्त सम्भावना रहने हुन्छ । यस्तो सम्भावित कुरालाई प्रतिवादीहरूले विचार नपुऱ्याई गरेको कार्यबाट ज्यान मर्न गएको कुरालाई दुर्घटनापूर्वक, अप्रत्यासितरूपमा तथा आकस्मिकरूपमा भएको घटना मानी भवितव्य ज्यान मान्न नसकिने ।

वारदातको परिस्थिति हेर्दा धकेल्दा मृत्यु हुन सक्छ भनी जान्न सक्ने प्रस्तुत वारदातमा प्रशस्त ठाउँ रहेको देखिन्छ । बाटोमा र काटेको धारिलो कुरी काँडाको झाँगनजिक, रक्सिले मातेको मानिसलाई धकेला धकेल तथा लछार पछार गर्दा लडी चोट लागी मृत्युसमेत हुन सक्ने कुरा जो कोही सामान्य अवस्थाको मानिसले जान्ने बुझ्ने कुरा नै हुन आउँछ । यस्तो अवस्थामा प्रतिवादीले मर्न सक्ने जस्तो सम्भावना नदेखेको र प्रतिरक्षार्थ मात्र धकलफकल गरेको भनी लिएको जिकिरलाई सत्य मान्न सकिएन । त्यस्तै कसुर हुन कुनै चिजवस्तुले प्रहार गरेर नै मारेको हुनुपर्ने भन्ने पनि हुँदैन । धकलफकल तथा लछारपछार गरी ज्यान मर्न गएमा पनि सो हुँदाको परिस्थिति, अवस्था तथा मानसिक तत्त्वको विद्यमानता हेरी कानून वर्णित विभिन्न किसिमको कसुरको कोटीमा सम्बन्धित वारदातलाई राख्नु पर्ने नै हुन जाने ।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. मा "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिम हतियारले हानेको वा विष खुवाएको बाहेक साधारण लाठा ढुङ्गा लात मुक्का आदिले हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा १० (दश) वर्ष कैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको

देखिन्छ" । प्रस्तुत कानूनी व्यवस्था हेर्दा आवेशप्रेरित हत्या हुन मार्नुपर्ने पूर्वरिसइवी तथा मनसाय देखिनु नपर्ने, मार्ने योजना बनाएको पनि देखिनु नपर्ने, लुकी चोरी हानेको पनि नदेखिनु पर्ने र मौकामा उठेको रिस थाम्न नसकी साधारण लाठा, ढुंगा, लात मुक्काले मात्र हानेको देखिनु पर्ने ।

प्रस्तुत वारदातमा पनि यी प्रतिवादीहरूमा मृतकलाई मार्नेसम्मको रिसइवी रहेको र मार्ने पूर्वयोजना बनाई आएको मिसिलबाट देखिँदैन । त्यस्तै मृतकलाई लुकी चोरी र कुनै सांघातिक हतियारले हानेको पनि केही देखिँदैन । पहिला मृतकले यी प्रतिवादीहरूलाई जार भनी गाली गरी हातपात गरी कानसमेत टोकी दिएपछि प्रतिवादीहरूले पनि आवेशमा आई धकलफकल तथा लछार पछार गर्दा काटेको कुरी काँडामा अण्डकोष लागि मृत्यु भएको देखिन आएबाट यी प्रतिवादीहरू र मृतक वारदातस्थलमा भेट हुनुपूर्व निजहरूको कहीँकतै भेट भएको र प्रतिवादीहरूले मृतकलाई खोज्दै गएको वा पहिला हानेको भन्ने अवस्थासमेत देखिँदैन । यस्ता वारदात हुँदाको अवस्था र परिस्थितिलाई हेर्दा प्रस्तुत वारदात आवेशप्रेरित हत्याअन्तर्गतको कसुर नै देखिन आउने ।

अत: माथि विवेचित आधार प्रमाणहरूबाट वारदातको स्वरूप तथा परिस्थिति दृष्टिगत गर्दा प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. अन्तर्गतको आवेशप्रेरित हत्या देखिएकोले पुनरावेदक प्रतिवादीहरू सुरवीर बुढा र जुद्धवीर बुढालाई ऐ. महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर्‍याएको सुरू सल्यान जिल्ला अदालतको मिति २०६९।३।१० को फैसला केही उल्टी गरी यी पुनरावेदक प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहर्‍याई गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७३ साल साउन २८ गते रोज ६ शुभम् ।

५

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७२-CR-०६६३, जबरजस्ती करणी, *रामेश्वर श्रेष्ठ वि. नेपाल सरकार*

मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. मा *जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न भने पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ* भन्ने उल्लेख भएबाट जबरजस्ती करणीको कार्य सम्पन्न भई नसकेको अवस्थामा पनि जबरजस्ती करणी गर्न कार्य सम्पन्न गर्नु अघिका कार्य गरेमा पनि सजाय हुने गरी कानूनले त्यस्तो उद्योगको कार्यलाई समेत अपराधीकरण गरेको प्रस्ट हुन्छ । प्रस्तुत वारदातमा पनि जबरजस्ती करणी गर्ने मनसायले जबरजस्ती करणी गर्न पूरा गर्नुपर्ने सम्पूर्ण कार्य तथा तयारी पूरा भई केबल पीडितले गरेको प्रतिकारस्वरूप वा अन्य कुनै बाह्य कारणले मात्र प्रतिवादीले जबरजस्ती करणी पूरा गर्न नपाएको देखिन्छ । यसमा यदि पीडितले प्रतिकार गरी जोरले अरूले सुन्ने गरी नचिच्याएको वा पीडितको प्रतिकारलाई प्रतिवादीले बढी बल प्रयोग गरी परास्त गर्न सकेको भए वा निजले चिच्याएको अरूले सुन्ने अवस्था नभएको भए यी प्रतिवादीले जबरजस्ती करणी गर्ने कार्य सम्पन्न गर्न सक्ने नै देखिन्छ । यस्तो अवस्थालाई उल्लिखित ५ नं. को प्रावधानअनुरूप जबरजस्ती करणीको उद्योग मानिने ।

कुनै पनि कसुरको उद्योगमा पनि कसुर गर्न हुनुपर्ने सम्पूर्ण तत्त्वको निहितता रही पूरा गर्नुपर्ने काम सम्पन्न गर्नुअघिका सम्पूर्ण चरण पूरा भएकै हुने हुन्छ । केबल संयोगवशको कुनै क्रियाका कारण मात्र कार्य पूर्ण हुन पाएको हुँदैन । यसमा पनि पीडितको चिच्याहट तथा पीडितले जबरजस्ती करणी गर्न नदिन गरेको प्रतिरोधको प्रतिकार प्रतिवादीले गर्न नसक्दा मात्र जबरजस्ती करणीको कार्य पूरा हुन नसकेको देखिएकोले वारदात जबरजस्ती करणीको नदेखिई

उद्योगको वारदात देखिएको हो । सुरू तथा पुनरावेदन अदालतले प्रतिवादीले जिकिर लिएजस्तो कुनै आधार प्रमाणविना जबरजस्ती करणीको कसुरमा कसुरदार प्रमाणित नभएकै मात्र आधारमा अनुमान मात्र गरी जबरजस्ती करणीको उद्योगसम्म गरेको होला भनेर मात्र कसुरदार ठहर्‍याएको देखिँदैन र त्यसो गर्न मिल्ने पनि हुँदैन । तसर्थ पुनरावेदकको जबरजस्ती करणीको उद्योगबाट सफाइ पाउँ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

विधायिकाले सजायको न्यूनतम र अधिकतम हद तोकेकोमा न्यायकर्ताले कसुर गर्दाको समय परिस्थिति, सोबाट पीडितलाई पर्न गएको क्षति तथा सामाजिक प्रभाव, पीडितको शारीरिक मानसिक अवस्था, कसुरदारको उमेर तथा अवस्था, कसुरको मात्रा तथा गाम्भीर्यता जस्ता कुरालाई मनन गरी आफ्नो विवेकले उचित देखेको सजाय तोक्न सक्ने नै देखिन्छ । यदि यसो गर्न नसक्ने हो भने कानूनले यसरी न्यूनतम र अधिकतम सजायको सीमा तोक्नुको कुनै औचित्य रहँदैन । केही गरी यस्तो स्वविवेकीय अधिकारको प्रयोग उचित आधार कारणबिना न्यायिक मनको प्रयोग नगरी दुरूपयोग भएको देखिएमा पुनरावेदनको रोहमा हेर्न सक्ने नै हुन्छ । सुरूले स्वविवेकाधिकार प्रयोग गरेको पुनरावेदनको रोहमा समेत सदर भई सोउपर पुनरावेदन नै लाग्न नसक्ने अवस्थामा भने मुद्दा दोहर्‍याई हेर्दा सोलाई हेरी अन्यथा भन्न सकिने नदेखिने ।

होटल व्यवसायसमेत सञ्चालन गरी आएका यी प्रतिवादीले एक बोल्न नसक्ने लाटी निरीह महिलालाई निजको भौतिक तथा मानसिक कमजोर अवस्थाको फाइदा उठाई आफ्नो क्षणिक इच्छा पूरा गर्न आफैँ बोलाई आफ्नो लजको कोठाभित्र थुनी कसुर गर्न पुगेको देखिएकोलाई कसुरको गाम्भीर्यतालाई कम आँकलन नगरी निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. अनुसार ऐ. को ३ नं. को देहाय (५) ले तोकेको अधिकतम कैद सजाय ७ (सात) वर्षको आधा सजाय हुनु उपयुक्त देखी सुरूले गरेको सजाय सदर गरेको पुनरावेदनको फैसलामा सो सजाय गरेकोतर्फ केही विचार गरिरहनु नपर्ने ।

उद्योग कसुरको एक अपूर्ण क्रिया भए पनि यसलाई पनि कानूनले आपराधीकरण गरेको अवस्थामा यो अन्य पूर्ण अपराध जस्तै छुट्टै अस्तित्वको अपराध नै हुने हुन्छ । कस्तो मानव क्रियालाई आपराधीकरण गर्ने र त्यस्तो क्रिया भएको के कस्तो अवस्थामा के कति सजाय गर्ने भनी निर्धारण गर्ने अधिकार केबल विधायिकालाई मात्र हुन्छ । आपराधीकरण गरी सो अपराधका लागि स्पष्टरूपमा तोकेको सजाय मात्र उक्त अपराधका लागि कसुरदारले बेहोर्नुपर्ने आपराधिक दायित्व हुन जान्छ । कुनै अपराधको लागि यो सजाय भनी विधायिकाले नतोकेको अवस्थामा न्यायकर्ताले मनोगत अर्थ गरी कसुरदारलाई मर्का पर्ने गरी सो कसुरसँग सम्बन्ध राख्ने अर्को कसुरको सजायसमेत थप हुने भन्न नमिल्ने । त्यसैले जबरजस्ती करणीको र जबरजस्ती करणीको उद्योगको कसुर दुई पृथकपृथक कसुर भई दण्ड सजायको पनि पृथकपृथक व्यवस्था भएको पाइन्छ । जबरजस्ती करणीको महलको ३(क) नं. को कानूनी व्यवस्थामा उल्लेख भएको थप सजाय केबल जबरजस्ती करणी गर्नेलाई मात्र हुने भनी स्पष्टरूपमा उल्लेख भएकोबाट र जबरजस्ती करणीको उद्योगलाई सजायको व्यवस्था गरेको ऐ. ५ नं. मा र अन्य कानूनी व्यवस्थामा समेत उद्योग गर्नेलाई यो यस्तो अवस्थामा थप सजाय गर्ने भनी कुनै सर्तात्मक प्रबन्ध (Conditional provision) राखेको नपाइएबाट जबरजस्ती करणीको उद्योगको मात्र कसुरमा सो ३(क) नं. अनुसार अपाङ्गसमेतलाई जबरजस्ती करणी गर्दा हुने थप सजायको आधा सजायसमेत थप गरी कैद सजाय गर्न मिल्ने नदेखिने ।

तसर्थ अपाङ्गलाई जबरजस्ती करणीको उद्योग गरेकोले यी प्रतिवादीलाई उक्त ३(क) नं. अनुसार

थप हुने ५ वर्ष कैद सजायको आधा हुन आउने २ वर्ष ६ महिना कैदसमेत थप हुने गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलामा सो आधा सजाय थप गरेकोमा उक्त कानूनी व्यवस्थाको व्याख्याको त्रुटि देखिएको भनी दोहोर्‍याई हेर्ने निस्सा दिँदा लिएको आधारसँग सहमत भई सो हदसम्म सुरू सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिन नआउने ।

अतः जबरजस्ती करणी उद्योगको कसुरमा जबरजस्ती करणीको महलको ५ नं. अनुसार ऐ. को ३ नं. को देहाय (५) ले हुने सजायको आधा कैद सजायमा ऐ. ३(क) बमोजिम हुने सजायको आधा सजायसमेत थप गरी सजाय गरेको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७०।०२।१४ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।०१।२३ मा भएको फैसला सो ३(क) बमोजिम हुने सजायको आधा सजाय थप गरेको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी रामेश्वर श्रेष्ठलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. अनुसार ऐ.को ३ नं. को देहाय (५) बमोजिम हुने अधिकतम कैद सजाय ७ (सात) वर्षको आधा सजाय ३ (तीन) वर्ष ६ (छ) महिना मात्र कैद सजाय हुने ।

इजलास अधिकृत: यदुराज शर्मा
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम् ।

इजलास नं. ८

१

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल, ०६९-CI-०९७२, खिचोला मेटाई हक कायम, *प्रवोध घिमिरे वि. मीना श्रेष्ठ*

मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. ले कसैले अर्काको जग्गा मिची घर बनाएकोमा घर तयार भएका मितिले एक वर्षभित्र नालिस दिनुपर्ने गरी हदम्याद तोकेको देखिन्छ । प्रत्यर्थीले उक्त जग्गामा काठमाडौं महानगरपालिका कार्यालयबाट नक्सा पास गरी २०४९।९।१२ मा नै घर पर्खाल बनाई बसेको देखिन्छ । साथै सो घरजग्गा राष्ट्रिय वाणिज्य बैंकबाट मिति २०५३।२।३० मा दृष्टिबन्धक लिखत गरी धितोमा राखी कर्जासमेत लिएको देखिन्छ । प्रत्यर्थीले उक्त जग्गा मिची घर पर्खाल बनाएको भए यी पुनरावेदक वादीले उपर्युक्त कानूनले निर्दिष्ट गरेको उपर्युक्त हदम्यादभित्र नालिस दिनुपर्नेमा सो नगरी बसेको देखिन्छ । यी पुनरावेदक र प्रत्यर्थी साँध सँधियारका व्यक्ति रहेकाले उक्त टहरा पर्खाल निर्माण गरेको कुरा पुनरावेदक वादीले थाहा जानकारी नपाउने भन्ने पनि देखिँदैन । तसर्थ कानूनले निर्दिष्ट गरेको हदम्यादभित्र नालिस उजुर नगरी नयाँ नापीको हाल साबिकसम्बन्धी विवादको जरियाबाट पेस हुन आएको फिराद खारेज हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७२ साल फागुन २३ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७०-CR-०८२८, अदालतको अवहेलना, *दिलिपकुमार ठाकुर वि. चन्दा राय यादव*

आफूसमक्ष आएको निवेदनउपर र अझ अदालतले समेत आदेश दिइसकेको विषयमा आवश्यक छानबिन गरी सत्य तथ्य पत्ता लगाई निर्णयसमेत गरी निकासा दिनु सार्वजनिक निकाय तथा पदाधिकारीको कर्तव्य नै हो । कार्य रीतपूर्वक भए नभएको केवल मौखिक आधारमा भनेर पुष्ट्याई गर्न सकिने विषय होइन । यसको लागि छानबिन गरी निष्कर्षमा पुगी

रीतपूर्वक कार्य गरेको देखिए सोहीअनुसार र बेरीतको देखिए भए गरेको कामसमेत बदर गर्ने निर्णय गरी उपयुक्त निकास दिनुपर्नेमा रीतपूर्वक काम नै सम्पन्न भइसकेकोले आदेशानुसारको काम गर्नुको औचित्यता नरहेको भन्ने जस्ता मनोगत बहाना बनाई अदालतको आदेशानुसार गर्नुपर्ने कार्यबाट पन्छिन खोजेकोलाई उचित मान्न नसकिने।

राज्यको सम्पूर्ण न्यायिक अधिकारको प्रयोग न्यायपालिकाले गर्दछ । प्रजातान्त्रिक शासन व्यवस्था तथा कानूनी राज्यमा जनताको आधारभूत अधिकारको संरक्षण, संविधान तथा कानूनको अन्तिम व्याख्या र संरक्षण गर्ने अधिकार न्यायपालिकालाई हुन्छ । त्यसैले अदालतले कानूनअनुसार काम गर्न गराउन सबै निकाय, पदाधिकारी र व्यक्तिलाई आफ्नो आदेश वा फैसलामार्फत बाध्य गराउँदछ । अदालतको आदेश वा फैसलालाई सबैले बाध्यात्मकरूपमा पालना गर्नुपर्दछ । अन्यथा कानूनको शासनको सट्टा स्वे च्छाचारिता हावी भई राज्यमा अराजकता बढ्न गई राज्य व्यवस्थाको औचित्यताको नै अन्त्य हुन जाने।

अवहेलनामा कारवाही गर्ने विषय अदालतमा कार्यरत न्यायाधीशलगायतका जनशक्तिको मान सम्मान, सुरक्षाका लागि वा कसैको व्यक्तिगत स्वार्थ रक्षार्थ विकास भएको नभई जनताको न्याय प्राप्तिको चाहनाको रक्षार्थ विकास भएको विषय हो । त्यसैले न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा अदालतले दिएको आदेश र फैसलाको कसैले अवज्ञा गरेमा वा सोअनुसार कसैले कार्य नगरेमा अदालतको अवहेलना मानिने गरी संवैधानिक तथा कानूनी व्यवस्था गरिएको पाइने।

प्रत्येक व्यक्तिलाई सार्वजनिक निकायले गरेको काम कारवाहीको यथार्थ जानकारी पाउने हक हुने र हरेक सार्वजनिक निकायको पनि आफूले गरेको काम कारवाहीको यथार्थ जानकारी दिनुपर्ने, आफूअन्तर्गतका निकाय वा पदाधिकारीले गरेको कामको नियमितता अनियमितता जाँच गर्नुपर्ने र आफ्नो र मातहतकाको कार्य सम्बन्धमा व्यक्त आशङ्कासमेतको निवारण गर्नुपर्ने कर्तव्य हुन्छ । यसो नगरे जनताको सेवा सुविधाकै लागि भनी कानूनले वैधता प्रदान गरेको सार्वजनिक निकाय तथा पदाधिकारीको वैधता र औचित्यतामाथि नै प्रश्न चिह्न खडा हुन जाने।

पुनरावेदकले शिक्षक नियुक्ति गर्ने कार्य रीतपूर्वकको नै भई जिल्ला शिक्षा कार्यालयबाट नियुक्तिसमेत समर्थन भइसकेको अवस्थामा अदालतबाट जारी आदेशानुसारको काम कारवाही अगाडि बढाउनुको औचित्यता नै नरहेकोले कुनै कारवाही नगरेको हो र अदालतको आदेशको अवज्ञा गर्न खोजेको होइन भनी पुनरावेदन जिकिर लिएको देखिए पनि अदालतको आदेशको अवज्ञा गर्न खोजेको होइन भनी जिकिर लिनुमात्र अवहेलना नगरेको भन्ने पुष्टि हुने आधार हुन सक्दैन। सार्वजनिक निकायले गरेको काम कारवाहीमा कसैले प्रश्न उठाएको र सोउपर बुझ्नु पर्ने बुझी निर्णय गर्नु भनी अदालतबाट परमादेशसमेत जारी भएको अवस्थामा रीतपूर्वक काम सम्पन्न भएकोले छानबिनको औचित्यता नरहेको भनी दायित्वबाट पन्छिन मिल्दैन । यदि त्यसरी आदेशानुसारको काम गर्ने दायित्वबाट पन्छिएमा अदालतको अवहेलना भएको होइन भन्न नमिल्ने।

अतः माथि विवेचित आधार कारणबाट तत्कालिन जिल्ला शिक्षा कार्यालय, रौतहटका जिल्ला शिक्षा अधिकारीको पदमा कार्यरत यी पुनरावेदक विपक्षी दिलीपकुमार ठाकुरले पुनरावेदन अदालत, हेटौंडाबाट जारी भएको मिति २०७०।२।१० को परमादेशको आदेशको पालना गरेको नदेखिँदा निजले अदालतको अवहेलना गरेको ठहर्‍याई निजलाई रू.५००।- जरिवाना गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।२।१० को फैसला मिलेकै

देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर २ गते रोज ५ शुभम्।

इजलास नं. ९

१

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CR-१३१२, १३१३, १३१४, डाँका, *अशोक लामा वि. नेपाल सरकार, गणेश पाण्डे वि. नेपाल सरकार, सोभित तामाङ वि. नेपाल सरकार*

जाहेरवालाको घरमा डाँका भएको थाहा पाई जाँदा डाँकाहरू मध्येका एक जनाले २ राउण्ड फायर गरी भागेका हुन्। डाँकामध्येका एकजना गणेश पाण्डे गाउँकै भएकाले तत्कालै चिनेको हो भनी कमला कुमारी भुसालसमेतले गरेको कागज प्रमाणबाट यी प्रतिवादीहरू उपर लगाइएको अभियोग दाबी अन्यथा हो भनी भन्न मिल्ने देखिँदैन। संकलन गरिएका यी प्रमाणहरू वारदातपश्चात् अनुसन्धानको सिलसिलामा नै संकलन गरिएका र अन्य स्वतन्त्र प्रमाणहरूबाट समेत समर्थित भएको अवस्थामा अन्यथा हो भनी भन्नु पर्ने अवस्थाको विद्यमानता रहेकोसमेत नदेखिने।

जिन्सी सामानहरू र गरगहना लैजाने प्रतिवादी रूद्रबहादुर कुँवर हालसम्म फरार रहेको अवस्थामा र प्रतिवादीहरू अशोक लामा, गणेश पाण्डे र शोभित तामाङबाट नगद वा जिन्सी बरामद हुन नसक्नु स्वाभाविक नै देखिन्छ। जाहेरवाला लक्ष्मण भण्डारी खाद्य उद्योग प्रा.लि.को सञ्चालक र एक व्यापारीसमेत भएको हुँदा ठहर भएको बिगो धनमाल र गरगहना निजको घरमा राख्न सक्ने हैसियतको देखिएका साथै जाहेरवालाको घरको दराज, विभिन्न कोठाहरूको पलङको घर्रा तोडी नगद गरगहना र जिन्सीसमेत डाँका चोरी भएको भन्ने घटनास्थल मुचुल्काबाट देखिएको हुँदा अभियोग दाबीलाई पुष्टि गरेको पाइन्छ। यी जाहेरवालाले कुनै पूर्व रिसइवी राखी प्रतिवादीहरूलाई फसाउनको लागि मात्र झुट्टा जाहेरी दिएको हो कि भन्नेसमेत केही नदेखिँदा प्रतिवादीहरूबाट दशिका सामानहरू बरामद हुन नसकेको कारणले मात्र अभियोग दाबीबाट यी पुनरावेदक प्रतिवादीहरूले सफाइ पाउन सक्ने देखिन नआउने।

तसर्थ माथि विवेचित आधार, प्रमाण र कारणहरू समेतबाट प्रतिवादीहरू अशोक लामा, गणेश पाण्डे र सोभित तामाङलाई मुलुकी ऐन, चोरीको महलको १/६ नं. को कसुरमा सोही महलको १४ नं. को देहाय ४ बमोजिम जनही ६ वर्ष कैद र बिगोको डेढी अर्थात् रू. ७,५७,१७९।- जरिवाना गरी डाँका गरी लगेको बिगो रू. ५,०४,७८६।– प्रतिवादीहरूबाट दामासाहीले जाहेरवालालाई भराई दिने ठहर्‍याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।१२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७०-WO-०७८१, उत्प्रेषण, *खगेन्द्र कार्की वि. जिल्ला प्रहरी कार्यालय, बाँकेसमेत*

कुनै पनि सेवामा काम गर्ने राष्ट्र सेवक कर्मचारीले सेवामा प्रवेश गरेपछि सो सेवामा तोकिएको आचरण पालना गर्नुपर्दछ। बिदा लिनु परेमा तोकिएबमोजिमको ढाँचामा निवेदन दिई बिदा स्वीकृत गर्ने अधिकारीबाट बिदा स्वीकृत गराएर स्वीकृत बिदापश्चात् कार्यरत कार्यालयमा हाजिर भई आफ्नो कर्तव्य पूरा गरेको हुनुपर्नेमा निवेदक मिति

२०६९।११।६ गते कार्यरत इलाका प्रहरी कार्यालयबाट जिल्ला प्रहरी कार्यालय, बाँकेमा रवाना भएकोमा हाजिर हुन नगई कोही कसैलाई जानकारीसमेत नगराई १५१ दिनसम्म गैरहाजिर रहेको देखिन्छ। निजलाई बाटाको म्यादबाहेक २४ घण्टाभित्र हाजिर हुन आउने बारेको मुलुकी ऐन, अ.बं. ११० नं. अनुसारको सूचना पुर्जी निवेदकको घरमा सूचमा टाँस गरिएको र तोकिएको मितिभित्र निवेदक कार्यरत कार्यालयमा हाजिर हुन नआएकोले राष्ट्रिय गोरखापत्र दैनिक पत्रिकामा मिति २०७०।३।२८ गते सूचना प्रकाशित गरेको र सूचना प्रकाशित मितिले ७ दिनभित्रसमेत हाजिर हुन नआई गैरहाजिर रहेको देखिने।

सुरक्षा जस्तो २४ सै घण्टा खटिनुपर्ने संवेदनशील अङ्गमा कार्यरत यी निवेदक लामो समयसम्म कार्यालयमा जानकारी नगराई गैरहाजिर रहेको देखिन्छ । सुरक्षाजस्तो कडा अनुशासनमा रहनुपर्ने सेवामा कार्यरत निवेदक मादक पदार्थ सेवन गरी आफूभन्दा माथिका अधिकृतसँग झगडा गरी कारवाहीका लागि तालुक कार्यालयमा हाजिर हुन रवाना भएकोमा कारवाहीबाट भाग्ने उद्देश्यले गैरहाजिर रहेकोमा सो कुरालाई लुकाई यस अदालतमा निवेदन लिई आएको देखिँदा निवेदक सफा हातले अदालत प्रवेश गरेको देखिएन । यसरी गैरहाजिर हुने प्रहरी कर्मचारीलाई प्रहरी नियमावली, २०४९ को परिच्छेद ९ को नियम ८९ को (२)(ग) अनुसार सफाइ पेस गर्न मौकासमेत दिई रहन नपर्ने कानूनी व्यवस्थासमेत रहेको अवस्थामा सफाइ पेस गर्ने मौकासमेत प्रदान गरी सोबमोजिमको निर्णय पर्चा खडा गरी निवेदकलाई कारवाही प्रक्रिया अगाडि बढाएको पाइन्छ। यसरी गैरहाजिर यी निवेदकलाई ऐ. नियमावलीको नियम ८८(झ) को कसुरमा ऐ.को नियम ९३ को २(ख) ले दिएको अधिकार प्रयोग गरी ऐ.को नियम ८४(छ) अनुसार भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी निवेदकलाई नोकरीबाट हटाउने गरी जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी उपरीक्षकबाट मिति २०७०।४।६ मा गरेको निर्णय कानूनसङ्गत नै देखिएकोले पुनरावेदन जिकिर पुग्न नसकेको भनी पुनरावेदन खारेज गर्ने गरी मध्य क्षेत्रीय प्रहरी कार्यालयबाट मिति २०७०।६।३१ मा गरेको निर्णय पर्चा कानूनसम्मत नै देखिँदा उक्त निर्णयबाट निवेदकको कुनै कानूनी तथा संवैधानिक हकमा हनन् भएको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा उक्त निर्णय पर्चा बदर गरिरहन नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम्।

इजलास नं. १०

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०६८-CR-०२०८, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. पासाङ घिसिङ*

प्रतिवादी पासाङ घिसिङ्ग सो नक्कली कागजात बनाउने कार्यमा संलग्न नरही विद्यार्थीको हैसियतले विदेशमा उच्च शिक्षा अध्ययन गर्न जाने क्रममा कन्सल्टेन्सीमार्फत आफ्नो काम छिटो छरितो सम्पन्न गर्ने हेतुले कन्सल्टेन्सीमा सम्पर्क गरी त्यहाँबाट देखाइएको व्यक्ति डिल्लीराम खनाललाई भेटी रकम रू.५००।- समेत दिई निजले तयार गरिदिएको कागज उपलब्ध गरेको देखिन्छ। सक्कली कागजातहरूको अंग्रेजी अनुवाद गरेको कागज र प्रमाणित गरिदिएको कागजसमेत नक्कली भएकोमा प्रतिवादी डिल्लीराम खनालको मौकामा र अदालतमा भएको बयान तथा सरोजप्रसाद फुयालले मौकामा गरिदिएको कागजसमेतको व्यहोराबाट सो नक्कली गराउने

कार्यमा प्रतिवादी पासाङ घिसिङ्गको संलग्नता देखिन आउने अवस्था रहेन। प्रतिवादीसँग सक्कली कागज हुँदाहुँदै सो कागजको नक्कली अनुवाद गराउनुपर्ने खास प्रयोजनसमेत देखिँदैन। प्रतिवादीले छिटो छरितो काम गराउन अरूबाट सहयोग लिने कार्यबाट नक्कली अनुवाद र प्रमाणित गर्ने कार्य हुन गएको प्रस्तुत मुद्दामा अरूबाट भए गरेको कार्यमा निज प्रतिवादीको संलग्नता रह्यो भन्नु न्यायोचित नहुने।

अतः माथि विवेचित तथ्य, प्रमाणहरूबाट प्रतिवादी पासाङ घिसिङले किर्ते कागज महलको ९ नं. बमोजिम रू.५०।- जरिवाना र ऐ. १२ नं.ले थप १ वर्ष कैद सजाय हुने ठहर्‍याएको काठमाडौं जिल्ला अदालतको मिति २०६६।९।३ को फैसला नमिलेको देखी सो फैसला उल्टी गरी प्रतिवादी पासाङ घिसिङले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई गरेको पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।९।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस ४ गते रोज २ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे, ०७०-CR-०४८६ र ०७०-CR-०५९१, खुन डाँका, *नेपाल सरकार वि. ताराबहादुर बलामी र ताराबहादुर बलामी वि. नेपाल सरकार*

प्रतिवादीले आफूले सो अपराध नगरेको, आफू फुलबारी ब्यारेक पोखरामा सो अवस्थामा हाजिर रहेको भनी Alibi को जिकिर लिई सोलाई मुख्य प्रमाणको रूपमा प्रस्तुत गर्न खोजेको देखिन्छ। घटना वारदातका समयमा अन्यत्र थिएँ भनी जिकिर लिने पक्ष प्रतिवादीले सो कुरा निर्विवादरूपमा पुष्टि गर्न सक्नुपर्छ र त्यस्तो Alibi को जिकिर विश्वसनीय पनि हुनुपर्छ। न्यायकर्ताले त्यस्तो जिकिर सामान्य र सहजरूपमा मात्र नलिई बढी सतर्कतापूर्वक र सम्पूर्णरूपमा विश्लेषण गरेर मात्र ग्रहण गर्ने वा नगर्ने निक्योँल निकाल्नु पर्छ। कसैले Alibi को जिकिर लिँदैमा सो नै अन्तिम र अकाट्य हो भन्ने निष्कर्ष निकाल्दा त्यसबाट पर्न सक्ने परिणामबारे पनि गम्भीर सोच राख्नै पर्ने हुन्छ। अपराध गरेपछि अपराध गर्ने व्यक्तिले सजाय पाउनै पर्छ भन्ने सोच समाजमा विकास हुनुपर्छ। त्यस्तो सोच सम्पूर्णरूपमा नभएको बेलाबेलामा देखिने केही घटनाक्रमबाट पुष्टि हुन्छ। प्रस्तुत मुद्दामा पनि प्रतिवादी ब्यारेकमा स-शरीर हाजिर भएको पुष्टि हुँदैन। हाजिरीमा निजको हस्ताक्षर गरिएको अवस्था देखिँदैन। "हा" भनी जनाएको त्यस्तो व्यहोराले प्रतिवादी सो अवस्थामा ब्यारेकमै रहेको भन्ने न्यायकर्तालाई विश्वसनीय आधार बन्न सक्दैन। सेनाको आफ्नो जवानलाई बचाउने उद्देश्यले "हा" जनाइदिने र न्यायकर्ताले त्यसैलाई आधार मान्ने हो भने फौजदारी न्याय नै मर्न जान सक्छ। त्यस प्रकारको Alibi को जिकिरलाई अदालतले कदापि र कुनै हालतमा पनि स्वीकार्न सक्दैन। घटनामा प्रतिवादीको प्रत्यक्ष संलग्नताका मालाकार श्रृङ्खलाहरू विश्वसनीयरूपमा पुष्टि भइरहेको अवस्थामा त्यस प्रकारको जिकिरको कुनै औचित्यता नै नदेखिने।

अतः माथि विवेचित तथ्य, प्रमाण, कानूनसमेतबाट प्रतिवादी ताराबहादुर बलामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं.को कसुरमा सोहीबमोजिम जन्मकैदको सजाय हुने र मुलुकी ऐन, चोरीको १ र ४ नं.को कसुरमा सोही चोरीको १४ (२) नं. बमोजिम १(एक) महिना १५ (पन्ध्र) दिन कैद र चोरीको बिगोका हिसाबले रू.३६०,१६१।२५ जरिवाना भई सोबापत पनि कैदको सजाय हुने, जाहेरवाला प्रेम बगालेले प्रतिवादी ताराबहादुर बलामीबाट रू.६०,०२७।– चोरीको १० नं. को देहाय ३ बमोजिम भराई लिन पाउनेसमेत ठहर्‍याई सुरू पाल्पा जिल्ला अदालतबाट भएको मिति २०६८।१२।२६ को

फैसलामा प्रतिवादी ताराबहादुर बलामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद गर्ने गरेको सुरू अदालतको फैसला सदर हुने, अन्य प्रतिवादी किटान नभएको स्थितिमा जबरजस्ती चोरीको बिगो दामासाहीले भराउने गरेको सुरू फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी गरी बिगो रू. २,४०,१०७।५० प्रतिवादी ताराबहादुर बलामीबाट असुलउपर हुने ठहर गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।९।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस ६ गते रोज २ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६६-WO-१०४७, उत्प्रेषण, *मिनबहादुर थापासमेत वि. कूलपति, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत*

मौद्रिक सुविधा उत्प्रेरणाको महत्त्वपूर्ण तत्त्व हो । कर्मचारीको इच्छाबेगर उनीहरूको सुविधामा कटौती गर्दा कर्मचारीहरूको उत्प्रेरणा र मनोबलमा ह्रास आई संगठनको उत्पादकत्वमा नै असर पर्न जाने । त्यसैगरी विपक्षीले लिखित जवाफमा श्रेणीसहित र श्रेणीविहीनको तलब स्केलमा श्रेणीविहीन पाँचौं स्तरका भन्दा पनि त्रि.वि.का सिनियर पियन वा सोसरहको पदको तलब स्केलमा एकरूपता भएको नहुँदा तलब समायोजन गरेको हो भनी जिकिर लिएको देखिन्छ । त्यसरी तलब समायोजन गर्ने नाममा जीवनका ऊर्जावान् क्षणहरू त्रि.वि. सेवामा व्यतित गरेका निवेदक कर्मचारीहरूले खाईपाई आएको तलब सुविधाबाट निवेदकहरूलाई वञ्चित गर्नु उपयुक्त र न्यायोचित नदेखिने।

अतः त्रिभुवन विश्वविद्यालयअन्तर्गतका श्रेणीविहीन कर्मचारीहरूले खाई पाई आएको तलब भत्ता घटाउन नमिल्ने भन्ने कुरा त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम १७(१) र ३९(३) मा स्पष्ट प्रावधान रहेको देखिँदा उक्त प्रावधानको प्रतिकूल हुने गरी खाईपाई आएको निवेदकहरूको तलब सुविधा घटाउने त्रि.वि. कार्यकारी परिषद्को मिति २०६५।१०।९ को नि.नं. ८७३ तथा मिति २०६६।७।१८ को निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदकले खाईपाई आएको सुविधा तथा रकम नघटाई निवेदकहरूलाई प्रदान गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल मङ्सिर ७ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६७-WO-०२७१, उत्प्रेषण, *रामचन्द्र पौडेलसमेत वि. कूलपति, त्रिभुवन विश्वविद्यालय, किर्तिपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

इजलास नं. ११

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७१-CR-०५२३, बन्दीप्रत्यक्षीकरण, *निमेश लाखे वि. ललितपुर जिल्ला अदालतसमेत*

अदालतले मुद्दाको कारवाहीको क्रममा माग गरेको धरौट राखी मुद्दाको कारवाहीमा रही रहेको अवस्थामा सो मुद्दामा भएको फैसला आफूलाई जानकारी नै नभएको भन्ने निवेदकको भनाइ तर्कसङ्गत देखिन नआउने।

म्याद तामेलीको उद्देश्य भनेको सम्बन्धित व्यक्तिलाई निज विरूद्ध हुन लागेको कामकारवाहीबारे जानकारी गराई आफ्नो प्रतिरक्षा गर्ने मौका प्रदान गर्नु

हो । जसले व्यक्तिको स्वच्छ सुनुवाइको अधिकारलाई सुनिश्चित गर्दछ । अदालती कारवाहीमा म्याद तामेल प्रक्रियालाई सरल, सहज तथा वास्तविक बनाउनका लागि कानूनमा नै व्यवस्था गरेको पाइन्छ । म्याद तामेलीजस्तो प्रक्रियागत कुरामा कुनै यान्त्रिक नियम लागू भयो भएन भन्ने कुराभन्दा पनि सम्बन्धित व्यक्तिले त्यस्तो सूचना यथासमयमा प्राप्त गर्ने कुरा महत्त्वपूर्ण हुन आउने ।

एकाघरको आफ्नै आमाले बुझेको म्यादलाई आमा अनपढ हुनुहुन्थ्यो, छुट्टिभिन्न भई बस्नु भएको हो सोही कारणले मैले जानकारी पाइन भन्ने पुनरावेदक प्रतिवादीको जिकिर विश्वासयोग्य देखिँदैन । यी पुनरावेदकले आफूउपर चलेको मुद्दाको कामकारवाहीको जानकारी निज स्वयम्ले राख्नुपर्ने हुन्छ । आफूउपर चलेको मुद्दाको बारेमा जानकारी नै नभएको र फैसलापश्चात् जारी भएको पुनरावेदनको म्याद आमाले बुझेकोमा सो म्यादबारे पनि जानकारी नै पाइन भनी लिएको जिकिर कानूनसम्मत नदेखिने ।

ठहर खण्डबमोजिम तपसिल खण्डमा टाइपमा भएको भूल सुधार गरेको कुराको जानकारी यी निवेदकलाई दिनुपर्ने भन्ने निवेदकको जिकिर मनासिब देखिँदैन । यी पुनरावेदकलाई के कति सजाय भएको भन्ने कुरा निजको नाउँमा जारी भई तामेल भएको पुनरावेदनको म्यादमा नै उल्लेख भइरहेकोले निजलाई जिल्ला अदालतको फैसलाले ३ वर्ष कैदको सजाय हुने ठहर भएको कुराको जानकारी भइसकेको देखिन्छ । फैसलाबमोजिम असुल गर्न कसिएको दण्ड सजाय असुल नभएसम्म सो फैसलाले सार्थकता पाउँदैन । कार्यान्वयन हुन नसकेको फैसलाको वास्तविक महत्त्व पनि नरहने ।

बन्दीप्रत्यक्षीकरणको मुद्दा बन्दीलाई गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने मागको आधारमा चल्ने हो । बन्दीप्रत्यक्षीकरणको मुख्य उद्देश्य गैरकानूनी थुनामा रहेको बन्दीलाई सो गैरकानूनी थुनाबाट मुक्त गर्नु हो । बन्दी थुनामा नरहेको वा कानूनबमोजिम नै थुनामा रहेको वा थुनाबाट छुटिसकेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्दैन । बन्दीप्रत्यक्षीकरणको मुद्दामा प्रथमदृष्टिमै थुनामा रहेको देखिएमा बन्दीलाई थुनामा राख्नुको कानूनसम्मत आधार र अवस्था नदेखिएको अवस्थामा बन्दीलाई थुनामुक्त गराउन आदेश जारी हुन सक्ने । मिति २०६६।११।२६ मा तामेल भएको म्यादभित्र पुनरावेदन नगरी बसेका यी निवेदकलाई बाँकी कैद असुल गर्न पक्राउ गरेपछि आफैँ कारवाहीमा रहेको मुद्दाको फैसलाको बारेमा र आमाले बुझेको पुनरावेदनको म्यादका बारेमा जानकारी पाइन, म्याद नै बेरीतको भयो भनी बन्दीप्रत्यक्षीकरणको निवेदनको सहारा लिई दायर गरेको निवेदनबाट निवेदक गैरकानूनी थुना रहेको भन्ने नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने भनी रिट निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, पाटनको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

अतः यी पुनरावेदक प्रतिवादीलाई कानूनबमोजिम भएको फैसला कार्यान्वयनको सिलसिलामा थुनामा राखिएको देखिँदा निवेदकको मागबमोजिमको गैरकानूनी थुना मान्न मिल्ने नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन, रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।७।२ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल मङ्सिर २० गते रोज २ शुभम् ।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७१-CR-०६७६, कर्तव्य ज्यान, *शान्तिदेवी यादव वि. नेपाल सरकार*

घटनास्थल मुचुल्का, लालबाबु यादवको

किटानी जाहेरी, मृतक अस्मिता यादव र प्रियङ्का यादवको घटनास्थल लासजाँच प्रकृति मुचुल्का, लासजाँच प्रतिवेदन, प्रतिवादी कसुरमा साबित भई अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतसमक्ष गरेको बयान, घटना विवरण कागज गरिदिने व्यक्तिहरूको भनाइ, वस्तुस्थिति मुचुल्का, जाहेरवालाले अदालतसमक्ष गरेको बकपत्र, घटना विवरण कागज गरिदिने निज प्रतिवादीकै एकाघरका छोरा आकाश यादवले गरेको मौकाको कागज तथा प्रदिप बोहराले मौकामा गरेको कागजको व्यहोरालाई समर्थन गर्ने गरी अदालतसमक्ष गरेको बकपत्रलगायतका प्रमाण कागजहरूबाट यी प्रतिवादीले छोरीहरूलाई पनि मार्छु र म पनि मर्छु भनी विष सेवन गर्न दिएकी र सोही विष सेवनको कारणबाट मृतक प्रियङ्का यादव र अस्मिता यावदको मृत्यु भएको तथ्य पुष्टि हुन आउने।

छोरीहरूलाई पनि मार्छु र म पनि मर्छु भनी विष सेवन गर्न दिएको हो भनी स्वयम् प्रतिवादीले मौकामा र अदालतमा बयान गरिरहेको अवस्था, विष सेवनको कारणबाट छटपटाई रहेको अवस्थामा मृतक नाबालिकाहरूलाई तत्काल अस्पताल लगी उपचार गराउँदै गर्दा मृत्यु भएको देखिन्छ। भिसेरा परीक्षणमा “Negative tests for above mentioned incecti cides and phosphine gas” भन्ने व्यहोरा उल्लेख भएको र सो परीक्षण गर्ने विशेषज्ञले अदालतमा उपस्थित भई बकपत्र गर्दा उच्च प्रविधिको अभावबाट विष सेवनकै कारणबाट मृत्यु भए वा नभएको निष्कर्षमा पुग्न गाह्रो छ, उच्च प्रविधिले मात्र यकिन परीक्षण सम्भव छ भनी बकपत्र गरेको देखिन्छ। यस्तो अवस्थामा मृतकहरूले विष सेवन गरेकै थिएनन् भन्ने नभई उच्च प्रविधिको अभावमा यकिनसम्म हुन नसकेको भन्ने देखिन्छ। मृतक बालिकाहरूको मृत्यु अन्य कारणबाट भएको अनुसन्धानको क्रममा कहीँकतैबाट खुल्न आएको नदेखिएकोले मृतकहरूको मृत्युको कारण विष थिएन भनी निष्कर्ष निकाल्नु तर्कसङ्गत नहुने।

हत्या, जबरजस्ती करणी तथा विष सेवन जस्ता मुद्दामा चिकित्सकीय कानूनी प्रतिवेदन वैज्ञानिक र भरपर्दो आधार हो भन्ने कुरामा कुनै विवाद हुन सक्दैन। विष सेवनका मुद्दाहरूमा भिसेरा परीक्षण गर्दा बढीभन्दा बढी वैज्ञानिक निष्कर्षमा पुग्न सकियोस् भनेर उपलब्ध भएसम्मको उच्च प्रविधिको प्रयोग गरेको अवस्थामा सत्यको नजिक पुग्न सकिन्छ भन्ने मान्यताबाट चिकित्सकीय प्रतिवेदन (विशेषज्ञको राय) लाई पनि न्यायकर्तालाई न्यायिक निष्कर्षमा पुग्नको लागि एउटा माध्यमको रूपमा लिइएको हुन्छ। अन्य प्रत्यक्ष तथा विश्वसनीय प्रमाणहरूले पुष्टि गरिरहेको अवस्थामा उच्च प्रविधिको अभावको कारणबाट मृत्युको कारण यकिन हुन नसकेको भन्ने विशेषज्ञको रायको आधारमा मात्र निष्कर्षमा पुग्नु अन्य प्रत्यक्ष प्रमाणहरूको अवमूल्यन गर्नु हो। यस्तो अवस्थामा फौजदारी न्याय जस्तो संवेदनशील क्षेत्रमा नकारात्मक असर पर्न जाने।

स्वयम् प्रतिवादीले आफू पनि मर्छु र छोरीहरूलाई पनि मार्छु भनी विष सेवन गरे गराएको कुरा मौकामा तथा अदालतमा बयान गरी विष सेवन गराएको कुरालाई स्वीकार गरिरहेकी र एकाघरका श्रीमान् लालबाबुले सोही व्यहोरा उल्लेख गरी दिएको जाहेरी र प्रतिवादीकै नाबालक छोरासमेतले प्रतिवादीले गरेको बयानलाई समर्थन गर्ने गरी मौकामा कागज गरेको अवस्था तथा अन्य मौकामा कागज गर्ने व्यक्तिहरू, घटनास्थल मुचुल्का, लासजाँच प्रकृति मुचुल्कालगायतका परिस्थितिजन्य प्रमाण एवम् मिसिल संलग्न कागजातहरूले प्रतिवादीले विष सेवन गराएको कारणबाट मृतकहरूको मृत्यु भएको पुष्टि भइरहेको अवस्थामा मृतकहरूको मृत्युको कारक तत्त्व विष थिएन भनेर निष्कर्षमा पुग्न सक्ने नदेखिने।

माथि उल्लिखित तथ्य तथा प्रमाणका आधारमा पुनरावेदक प्रतिवादीले आफ्ना छोरीहरू प्रियङ्का यादव र अस्मिता यादवलाई विष सेवन

गराई सोही विषको कारणबाट मृत्यु भएको देखिँदा सुरू काठमाडौं जिल्ला अदालतले अभियोग माग दाबीअनुसार प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैद ठहर्‍याएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दासमेत यथार्थ व्यहोरा खुलाई बयान गरी अदालती प्रक्रियालाई सहयोगसमेत पुर्‍याएको देखिन्छ। यसरी वीरक्त भई हतास मनस्थितिको उपजस्वरूप पतिबाहेकका सबै परिवार एकैसाथ मर्ने सोच बनाई आफूले पनि विष सेवन गरी छोराछोरीहरूलाई विष खान दिएकोमा, विषको गन्ध मन नपराएको कारण छोराले नखाएको र छोरीहरूले मात्र खाई सोही विषका कारण छोरीहरूको मृत्यु हुन गएको अवस्था हुँदा र नाबालक छोरालाई लालनपालन हेरविचार गर्ने मातृत्व भाव दर्शाएको स्थितिसमेत लाई विचार गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्नजाने हुँदा निज प्रतिवादीलाई ५ वर्ष कैदको सजाय गर्दा पनि फौजदारी न्यायको उद्देश्य पूरा हुने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीलाई ५ वर्ष कैद गर्ने गरी पुनरावेदन अदालत, पाटनको रायसमेतलाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी शान्तीदेवी यादवलाई अभियोग माग दाबीअनुसार सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(२) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी गरी भएको फैसलालाई सदर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीलाई ५ वर्ष कैद गर्न उपयुक्त हुने राय व्यक्त गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१/२/२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७३ साल मङ्सिर २० गते रोज २ शुभम्।

इजलास नं. १२

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७१-WO-०४०४, उत्प्रेषण / परमादेश, *पार्वती थापा वि. शमशेरबहादुर थापासमेत*

निवेदक पार्वती थापा वादी र विपक्षी शमशेरबहादुर थापा प्रतिवादी भई चलेको अंश सम्बन्ध विच्छेद मुद्दाबाट यी निवेदकले उक्त विवादित कि.नं. १४८५ र १४९१ का जग्गाबाट ५ भागको १ भाग अंश पाउने ठहरी मिति २०७०।३।१२ मा फैसला भई अन्तिम अवस्थामा रहेको पनि देखिन्छ। फैसलाबमोजिम बन्डा छुट्याउने कार्यलाई निस्तेज र निष्कृय पार्ने नियत र उद्देश्यबाट निवेदकले अंश पाउने सम्पत्ति धितो राखी रोक्का भएको देखिन्छ । अंश सम्बन्ध विच्छेद मुद्दा दायर भई कारवाहीयुक्त अवस्थामा रहेको देखिँदा दखिँदै गरिएको त्यस्तो धितो रोक्का निवेदकको अंश हकसम्म गैरकानूनी र त्रुटिपूर्ण देखिने।

अतः सम्बन्ध विच्छेद मुद्दा दायर भई कारवाहीयुक्त अवस्थामा रहेकोमा अंशबाट वञ्चित गर्ने उद्देश्यले सहकारी संस्थामा धितो राखी रोक्का रहेको निवेदकको अंश हकसम्मको रोक्का रहेको ५ भागको १ भाग फुकुवा गर्नुपर्नेमा फुकुवा नगर्ने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।५।६ मा भएको आदेश सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।७।१४ मा भएको आदेश गैरकानूनी देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ।

अब काठमाडौं जिल्ला, मनमैजु गाउँ विकास

समिति, ८(क) कि.नं. १४८५ र १४९१ का जग्गा र सो जग्गामा रहेको घरसमेत मध्ये निवेदकको अंश भागमा परेको ५ भागको १ भाग रहेको रोक्का फुकुवा गरी अंश चलन चलाई दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ ११ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७१-WO-०७०३, उत्प्रेषण / परमादेश, *मेघनाथ राई वि. पुनरावेदन अदालत, विराटनगर, मोरङसमेत*

साधारण क्षेत्राधिकारबाट तहतह भएको फैसला तथा आदेशको औचित्यमा प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन गर्ने गर्नु उचित र रिटसम्बन्धी अवधारणाको अनुकूल हुने देखिँदैन । उक्त लेनदेन मुद्दामा भएको अन्तिम फैसलाबमोजिम बिगो भरी भराउ गर्नको लागि जिल्ला अदालत, नियमावली, २०५२ को नियम ७५(५) बमोजिम तहसिलदारबाट कानूनबमोजिम पञ्चकृते मूल्याङ्कन भएको देखियो । निवेदकको कि.नं. ६४५ को जग्गा कति मोल पर्ने हो सो सम्बन्धमा रिट क्षेत्रबाट निक्यौल गर्न नमिल्ने ।

तसर्थ कि.नं. ६४५ को जग्गाको पञ्चकृते मूल्याङ्कन सम्बन्धमा तहसिलदारबाट भएको आदेश बदर गरेको मोरङ जिल्ला अदालतबाट मिति २०७१।८।१८ मा भएको आदेश बदर गरी फैसला कार्यान्वयनको कार्यलाई अघि बढाउनु भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।१० २९ मा भएको आदेशमा कानूनको त्रुटि देखिन नआएकोले बदर गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७३ साल भदौ ११ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा, ०७१-WO-०१११, उत्प्रेषणय / परमादेश, *निर्मलादेवी महतोसमेत वि. जनकपुर नगरपालिकाको कार्यालय, जनकपुरसमेत*

राज्यको सार्वभौमसत्ता राज्यको शासकीय क्षमताबाट प्रदर्शित हुन्छ । संविधान र प्रचलित कानूनबमोजिम राज्य सञ्चालनको व्यवस्थाले कानूनी राज्यको स्थापना र प्रवर्द्धनमा सहयोग पुग्ने हुन्छ । सार्वजनिक अधिकारप्राप्त निकाय वा पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा नगर्दा कानूनबमोजिम गरेमा मात्र कानूनको शासन स्थापित गर्न मद्दत पुग्ने ।

राज्यको अधिकार र व्यक्तिको सम्पत्ति प्राप्त गर्ने कुरालाई कानूनद्वारा नै व्यवस्थित गर्न खोजिएको देखिन्छ । साथै व्यक्तिको सम्पत्ति सार्वजनिक हितका लागि राज्यले प्राप्त गर्दासमेत प्रचलित कानूनबमोजिम निर्धारित र उचित कार्यविधिको पालना गर्नुपर्ने सो नगरेमा उचित क्षतिपूर्तिलगायत त्यस्ता काम कारवाही वा निर्णयउपर पुनरावेदन गर्न पाउने कुरालाई समेत व्यवस्थित गरेको देखिन्छ । यसबाट राज्य वा राज्यका साधिकार निकायहरूले व्यक्तिको सम्पत्ति प्राप्त गर्दासमेत संविधान र कानूनको निर्दिष्ट सीमाभित्र रहेर मात्र गर्नुपर्छ । अझ घरबासको अवस्था भनेको व्यक्तिको जराधार भएकोले त्यस्तो अवस्थामा राज्य थप संवेदनशील हुनुपर्ने । सहरीकरण आजको समयमा मानव सभ्यताको पहिचानको रूपमा विस्तार हुँदै गएको छ । सहरीकरणका लागि पूर्वयोजना प्राथमिक आवश्यकताका रूपमा देखिएको छ । सहरी विकासका लागि उपयुक्त स्थानमा समेत निर्धारित योजनाको अभावले विकास हुन नसकेको अवस्था पनि छ । राज्यका सम्बद्ध निकायहरू त्यस्ता कामका लागि समयमा तत्पर नहुने, भएका काम कारवाही पनि व्यवस्थितरूपमा सञ्चालन नगर्ने, अनुगमन, नियन्त्रण र नियमनका लागि खडा गरेका निकायहरूले आफ्नो

जिम्मेवारी र दायित्व समयसापेक्षरूपमा निर्वाह नगरिदिनाले विनायोजना र अनियन्त्रितरूपमा बस्ती विकासले नै सहरीकरणको व्यवस्थापनमा नै समस्या उत्पन्न भएको पनि देखिन्छ । यस्ता समस्याहरू समाधान गर्न गरिएका प्रयासबाटै सहरीकरणका लागि आवश्यक पूर्वाधार निर्माणलगायतका सेवा सुविधा उपलब्ध गराउन सँगसँगै चुनौतीहरू थपिँदै जाने क्रम बढ्दो रूपमा देखिन्छ । कतिपय राज्यका निकायहरूको गैर जिम्मेवारपूर्ण क्रियाकलापबाट समेत थप चुनौतीहरू सिर्जना भएका पाइने ।

घर निर्माण गर्न नक्सा पास गर्दाका बखत तोकिएको स्वीकृति मापदण्डबमोजिम भए गरेको अवस्थामा अन्यथा नगरेको भए वर्तमान अवस्थामा रहेका निवेदकका घरहरू स्वीकृत मापदण्डअनुसार नै रहे भएको मान्नुपर्ने हुन्छ । स्वीकृत मापदण्डविपरीत यदि कुनै घर बनाइएका भए प्रचलित कानूनको अधीनमा रही सम्बन्धित निकायले आवश्यक कारवाही गर्नसक्छ । तर घर निर्माणका समयमा नरहेको नभएको मापदण्डको जिकिर लिई पहिले कानूनसम्मत तरिकाले नक्सा पास भई निर्माण भएका घर, भवन वा स्ट्रक्चर सम्बन्धित व्यक्तिहरूलाई कुनै पूर्वसूचना वा जानकारी नै नदिई घर कम्पाउण्ड भत्काउने भनी चिह्न लगाउँदै हिँड्ने कार्यलाई कुनै पनि तवरले उचित मान्न नसकिने । सहरीकरणको क्रममा व्यक्ति विशेषको बसोबासको सम्पत्तिमा हस्तक्षेप गर्नुपर्दा पनि सरोकारवाला व्यक्तिलाई पूर्वसूचना दिने, मन्जुरी लिने र बसोबास नै नरहने अवस्थामा उचित क्षतिपूर्ति प्रदान गर्नु पनि राज्यको दायित्व हुन आउँछ । सडक विस्तारको कामबाट प्रत्यक्षरूपमा नै सोही क्षेत्रका बासिन्दाहरू लाभान्वित हुने हुँदा उनीहरूको सहमति र स्वीकृतिबेगर त्यस्ता काम प्रभावकारी हुन पनि नसक्ने ।

एकातिर घर निर्माणका लागि इजाजत दिने अर्कोतर्फ सडक विस्तारका नाममा बसोबासका लागि निर्माण भएका घर पर्खाल भत्काउने कार्यले कानूनी शासनको उपहास हुने सम्भावना देखिन्छ । राज्यले तत्काल प्रचलित कानूनबमोजिम भए गरेको कार्यलाई अन्यथा गर्न नहुने र गर्नै परे पनि उचित क्षतिपूर्ति दिई विधिसम्मतरूपमा मात्र गर्नुपर्ने हुन्छ । सरोकारवाला व्यक्तिको सहमति र स्वीकृतिमा उचित वा पर्याप्त क्षतिपूर्ति दिएर त्यस्ता सम्पत्ति सार्वजनिक हितका लागि उपयोग गर्न सकिने ।

सडक विस्तार कार्य त्यसका वरिपरि रहेका व्यक्तिहरूको मात्र सरोकार नभएर त्यसमा संलग्न नभएका व्यक्तिहरूको समेत सरोकार र चासोको विषय हो । तत्काल सडक किनारामा रहेका व्यक्तिले मात्र त्यसको उपभोग गर्ने जस्तो देखिए पनि यो सार्वजनिक सरोकारको विषय नै हो । यदि सडक विस्तार गर्न आवश्यक भएर निजी सम्पत्तिमाथि अतिक्रमण हुने भएमा पनि सो प्रक्रिया कानूनसम्मत रूपमा अवलम्बन गरेर मात्र गर्नुपर्ने ।

निवेदन मागबमोजिम जनकपुर नगरपालिकाको नगर परिषद्को भनिएको मिति २०७०/९/२७ को निर्णय स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद २, दफा ७६ बमोजिम गठन हुने नगर परिषद्को कानूनबमोजिमका पदाधिकारीहरूको पूर्ण बैठकबाट निर्णय भएको भन्नेसमेत देखिएन । तोकिएका पदाधिकारीहरूमध्ये नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत मात्रको अध्यक्षतामा केही आमन्त्रित र सोमा पनि कर्मचारीहरूलाई राखी गरिएको निर्णयले कानूनी मान्यता पाउन नसक्ने ।

जिल्ला परिषद्ले पूर्णता पाउन नसकेको अवस्थामा गरिएको वैकल्पिक व्यवस्थाबारे विपक्षी सरोकारवाला निकाय मौन बसिदिँदा झन् अन्यौलता बढेको र कानूनी राज्यमा यो अवस्था शोभनीय नहुँदा नागरिकको सम्पत्ति जस्तो नैसर्गिक र अहरणीय अधिकारमा आघात पुग्ने गरी भएको निर्णयलाई कायम राखिरहन उचित देखिएन । यस्तो अवस्था

र परिस्थितिमा सोही निर्णयका आधारमा घर बसोबास भइरहेको संरचना भत्काउन मिल्ने हुँदैन । कानूनबमोजिम बाहेक मापदण्डविपरीत बनेका घर संरचना कानूनी प्रक्रिया पूरा गरी भत्काउन, हटाउन परेमा अधिकारप्राप्त निकायले कारवाही अगाडि बढाउन सक्ने नै हुन्छ । अन्यथा प्रक्रिया नै पूरा नगरी तत्कालीन मापदण्ड पूरा गरी बनाइएका घर संरचनालाई सडक विस्तारका नाममा जहिलेसुकै भत्काउन हटाउन नमिल्ने । प्रस्तुत निवेदनका सम्बन्धमा नगर परिषद्को उक्त निर्णय प्रचलित संविधान र विद्यमान कानूनी व्यवस्थाविपरीत देखिँदा नगर परिषद्को मिति २०७०।०९।२७ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

विपक्षी जनकपुर नगरपालिका र नगर परिषद्को उल्लिखित सडक विस्तारका नाममा गरिएका काम कारवाही कानूनको उचित प्रक्रिया पूरा गरी गरे भएको नदेखिएको तथा जुन निर्णयका आधारमा सडक किनारामा रहेका घर संरचना भत्काउने कार्य अगाडि बढाइएको हो, सो निर्णय नै बदर गरिएको अवस्था हुँदा उक्त निर्णय कायम रहन नसक्ने भएकाले तोकिएको मापदण्डभित्र रही उचित र मनासिब क्षतिपूर्ति दिएर मात्र सडक विस्तार गर्नु, अनाहक र बलजफ्ती गरी निवेदकहरूको सो घर, संरचना निर्माण गर्दा मापदण्डभित्र रहेको भए र अधिकारप्राप्त निकाय वा पदाधिकारीले विद्यमान कानूनबमोजिम नक्सा पास गरी वा निर्माण अनुमति प्रदान गरी बनाइएका घर संरचना नभत्काउनु, भत्काउन नलगाउनु भनी विपक्षीहरूको नाममा प्रतिषेधको आदेश जारी हुने ।

जनकपुर नगरपालिकाको कार्यालयको स्पष्टीकरण पत्रमा त्यस्तो जानकारी प्राप्त नभएको भनी सामान्य जवाफ दिनुका अतिरिक्त प्रस्तुत विवादका विषयमा अन्य कुनै व्यहोरा खुलाइएको पाइएन । साथै अदालतमा विचाराधीन विवादित विषयमा सरोकारवाला निकाय वा पदाधिकारीको चासो र चिन्ता हुनुपर्छ । अधिकारप्राप्त अधिकारीको सामान्य काम कारवाही र निर्णयले आम जनताको अपूरणीय क्षति हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी आफ्नो कर्तव्य निर्वाह गर्नेतर्फ तत्पर रहनुपर्नेमा तत्कालीन कार्यकारी प्रमुखले त्यसतर्फ गम्भिरता देखाएको पाइएन । कार्यालयको जुनसुकै कर्मचारीले गरेको काम कारवाहीको अन्तिम जिम्मेवारी कार्यालय, प्रमुखको हुने र सोप्रति उत्तरदायित्व ग्रहण गर्नु अनिवार्य पनि हुन्छ । अदालतले स्पष्टीकरण सोध्नुपर्ने अवस्था सिर्जना हुनु र सोको जवाफमा आफू मातहतका कर्मचारीको काम कारवाहीलाई बेवास्ता गरी औपचारिकताका लागि स्पष्टीकरण दिनु मात्र पर्याप्त नहुने ।

तसर्थ, अदालतबाट माग गरिएको जवाफ नपठाएको र पछि स्पष्टीकरण सोधी पठाउँदासमेत गलत र झुट्टा जिकिर गरी केबल औपचारिकता निर्वाह गर्ने गरी लेखी पठाएको कारणबाट न्यायिक प्रक्रियामा असहयोग गरेको देखिएकोले जनकपुर नगरपालिकाका तत्कालीन कार्यकारी अधिकृतलाई न्याय प्रशासन ऐन, २०७३ को दफा ३४(२) बमोजिम रू. ५,०००।- (अक्षरेपी पाँच हजार रूपैयाँ) जरिवाना हुने ।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७३ साल कात्तिक १८ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०७१-WO-०१४१, उत्प्रेषण / परमादेश, *राममणि पोखरेलसमेत वि. जनकपुर नगरपालिकाको कार्यालय, जनकपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७१-CI-०३३२, लेनदेन, *विनायक विष्टसमेत वि. ढुण्डीराज गैरे*

काम कारोबारको प्रकृति हेर्दा अंश चलन मुद्दा दायर गरेपछि सौतेनी मामिला भई जेठी प्रेमकुमारीतर्फ

नोक्सान पार्ने अभिप्रायले एकातर्फको घर व्यवहार चलाउन लिए खाएको ऋणलाई सगोलमा भएको कारोबारसँग मिसाई सल्टाउन खोजेको अवस्था देखियो। ऋण खाँदा यी पुनरावेदक प्रतिवादी प्रेमकुमारी सगोलमा रहे बसेको भन्ने जिकिर नलिएको अवस्थामा विधिवत् अंशबन्डा नभएकै अवस्था र कारणबाट मात्रै सबै ऋण धन सगोलको मानी अंश माग दाबीपश्चात् प्रकाशमा आएको लिखतलाई आधार मानी दायित्व बहन गराउनु न्यायसङ्गत हुने नदेखिने।

उक्त लेनदेनको लिखतमा व्यवहार गर्दा सगोलमा रहेका पत्नी सुशिला विष्ट र छोरा माधवेन्द्र विष्टलाई किनारामा साक्षी राखी निजै माधवेन्द्र विष्टको नाममा रहेको कि.नं.६४४ र ६४६ का जग्गा देखाई ऋण लिएको प्रस्ट देखिएको छ । उल्लिखित सम्पत्तिबाट वादीले भरी पाउने थैली रकम भरी भराउ हुनसक्ने अवस्थासमेत देखिन्छ । कान्छी श्रीमती प्रेमकुमारी विष्ट तथा निजतर्फका छोराहरूको कुनै संलग्नता रहेको देखिएन। तमसुक लिखतबमोजिम प्राप्त रकमको भोग यी पुनरावेदक प्रतिवादीले देख्न भोग्नसमेत नपाएको अवस्था देखिन्छ । अंश मुद्दाबाट प्राप्त गर्नसक्ने प्रतिफललाई कम गर्ने अभिप्रायले लिएको ऋणसमेत दामासाहीबाट बेहोर्न लगाउने गरी ठहर गर्नु न्यायको रोहमा मनासिब नहुने।

अतः उल्लिखित आधार, कारण एवम् प्रमाणबाट पुनरावेदन अदालत, पाटनको मिति २०७०/११/२२ को फैसला केही उल्टी भई विवादित ऋण पुनरावेदक प्रतिवादीहरू विनायक विष्ट, महेश विष्ट, प्रेमकुमारी विष्ट तथा रामानन्द विष्टबाहेकका प्रतिवादीहरू सुशिला विष्ट र माधवेन्द्र विष्टको सम्पत्तिबाट सम्म वादीले रकम भराई पाउने ठहर्ने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७३ मङ्सिर १४ गते रोज ३ शुभम्।

इजलास नं. १३

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६६-CR-०२३३, क्षतिपूर्ति, *नवराज सिलवाल वि. मीना शर्मा तिवारी*

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३(२) ले "कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैँले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नुपर्नेछ" भनी गरेको व्यवस्था प्रक्रियागत कानूनी व्यवस्था हो । कुनै व्यक्तिलाई पक्राउ गर्दा वा छाड्दा निजको शारीरिक परीक्षण गराइएन भने त्यसबाट प्रक्रियागत त्रुटि हुनसक्छ तर प्रक्रियागत त्रुटिकै कारणबाट स्वत: यातना दिएको निष्कर्षमा पुग्नु कानूनको मनसायविपरीत हुन जान्छ। कुनै पनि कानूनको व्याख्या विधायिकाको मनसायअनुरूप गरिनु पर्दछ। विधायिकाको मनसाय कानूनमा प्रयुक्त भएको शब्दहरूमा परिलक्षित हुन्छ। त्यसकारण कुनै कानूनी प्रावधानको शाब्दिक अर्थ जे आउँछ त्यो नै विधायिकाको मनसाय मानिन्छ । यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा २(क) ले "यातना" भन्नाले "अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ" भनी कस्तो कार्यलाई यातना मानिने भनी प्रस्टरूपमा परिभाषित गरेको परिप्रेक्ष्यमा थुनुवाको शरीर जाँच नगराएको कारणले मात्र वादीलाई यातना दिएको भनी अर्थ गर्नु मनासिब देखिँदैन। वादीले आफू

थुनामा रहँदा शारीरिक तथा मानसिक यातना दिइएको भन्ने फिराद दाबी लिए तापनि प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार आफ्नो दाबी प्रमाणित गर्न नसकेको अवस्थामा निज थुनामा रहेकै कारणले निजलाई यातना दिइएको थियो भनी भन्न मिल्दैन । यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ११ ले पनि यस "ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम थुनामा रहेको कारणबाट स्वभावत: हुने कष्टलाई यस ऐनको प्रयोजनको निमित्त यातना दिएको मानिने छैन" भन्ने व्यवस्था गरेको पाइने ।

उपर्युक्तबमोजिम विपक्षीहरूले थुनामा राखेको अवस्थामा शारीरिक तथा मानसिक यातना दिएकोले क्षतिपूर्ति दिलाइ पाउँ भन्ने दाबी वादीले लिए तापनि सो दाबी तथ्ययुक्त सबुद प्रमाणद्वारा प्रमाणित गर्न नसकेको र यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ दफा ११ ले "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम थुनामा रहेको कारणबाट स्वभावत: हुने कष्टलाई यस ऐनको प्रयोजनको निमित्त यातना दिएको मानिने छैन" भन्ने र सोही ऐनको दफा २(क) ले नै के कस्तो कार्यलाई यस ऐनअन्तर्गतको यातना मानिने हो भनी यातनाको प्रस्ट तथा यकिन परिभाषा गरेको अवस्थामा सो दफा २(क) ले गरेको परिभाषाभन्दा बाहिर गई ऐ. ऐनको दफा ३(२) अनुसार फिरादीलाई पक्राउ गर्दा र नजरबन्दबाट छोड्दा फिरदीको शारीरिक परीक्षण गराएको नदेखिएबाट निजलाई मानसिक यातनासमेत दिएको तथ्य पुष्टि हुन आएकोले वादी दाबी नपुग्ने ठहर्‍याएको सुरू फैसला उल्टी भई वादीले क्षतिपूर्ति भरिपाउने ठहर्‍याएको सुरू फैसला उल्टी भई वादीले क्षतिपूर्ति भरी पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनले वादीले नेपाल सरकारबाट रू. १५,०००।– क्षतिपूर्ति भरी पाउने ठहर्‍याएको फैसला उल्टी भई वादी दाबी नपुग्ने ठहर्छ । पुनरावेदन अदालत, पाटनको फैसलाअनुसार कायम भएको लगत कट्टा गर्नु भनी काठमाडौं जिल्ला अदालतलाई लेखी पठाइदिने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: इन्द्रबहादुर थापा

इति संवत् २०७३ साल साउन ३२ गते रोज ३ शुभम् ।

इजलास नं. १४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६६-WO-०५६६, उत्प्रेषण / परमादेश, *राजेन्द्र विष्ट वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत*

कुनै पनि विवाद निरूपण गर्दा आरोपित व्यक्तिलाई दोषी करार गर्नुभन्दा पहिला निज विरूद्ध लागेको आरोप सम्बन्धमा खण्डन गर्न पाउने निजको नैसर्गिक अधिकार हो । त्यस्तो अधिकारको सुनिश्चितता प्रदान गर्ने न्यायको मान्य सिद्धान्तको रूपमा प्राकृतिक न्यायको सिद्धान्तको पालना गर्नुपर्ने विषयमा विवाद गर्न सकिँदैन । निवेदकलाई नोकरीबाट हटाउने जस्तो गम्भीर विषयमा निर्णय लिनुभन्दा पहिला निजलाई सफाइ पेस गर्ने मौका प्रदान नगरेमा न्यायमा जनताको पहुँच कायम हुन नसक्ने र तजबिजी अधिकारको दुरूपयोग बढ्न गई कानूनको शासन कमजोर हुन पुग्ने हुन्छ । कानूनले नै अपवादात्मक अवस्थाको व्यवस्था गरेकोमा बाहेक सामान्यरूपमा सफाइको मौका दिनुपर्ने । सफाइको मौका प्रदान गर्न मनासिब नभएमा सफाइको मौका नदिए पनि हुने भनी गरेको व्यवस्थाले सफाइको मौकाको प्राकृतिक न्यायको सिद्धान्तलाई नै प्रतिस्थापित गरेको भन्न मिल्ने नदेखिने ।

सेवा संवेदनशील हुने तर सेवा दिने व्यक्तिको गम्भीर अवस्था असंवेदनशील हुने कुरा मान्न मिल्ने देखिँदैन । एकातिर सुनुवाइबाट वञ्चित गर्नु र अर्कोतिर कारवाहीउपर पुनरावेदन दिने व्यक्तिको अधिकार भएकोमा पुनरावेदनको दौरानमा निवेदकबाट पेस गरिएका प्रमाणको कुनै विवेचना नगर्नु उचित कानूनी

कार्यविधि (due process) को विपरीत देखिन्छ । निर्णय पर्चामा उल्लिखित आधारहरू मनासिब छन् वा छैन निर्णयकर्ताले न्यायिक विवेकको साथमा हेर्नुपर्ने ।

रिट निवेदक राजेन्द्र विष्टलाई प्रहरी सेवाबाट हटाउने जस्तो अन्तिम एवम् दण्डनीय निर्णय गर्नुअघि निजउपरको आरोप किटान र सजाय प्रस्ताव गरी स्पष्टीकरण सोध्नुपर्नेमा स्पष्टीकरण सोधिएको नपाइएको साथै निवेदक बेपत्ता भएको तथा सम्पर्क स्थापित गर्न नसकिएको भन्ने कुरा यकिन हुन सक्ने अवस्था पनि कारवाही फाइलबाट देखिन नआएको हुँदा सशस्त्र प्रहरीसम्बन्धी नियमावली, २०६० को नियम ९१ तथा नियम ९४ बमोजिमको बाध्यात्मक प्रक्रिया पूरा भएको देखिएन । साथै सेवाबाट हटाउने गरी पर्चा खडा गर्दा सुनुवाइको मौका दिन नपर्ने वस्तुगत आधार कारण उल्लेख गर्नुपर्नेमा सोसमेत निर्णय पर्चामा उल्लेख गर्न सकेको नदेखिँदा निवेदकलाई भविष्यमा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने निर्णय गर्दा प्रचलित कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको प्रतिकूल भई प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी निर्णय भएको देखिन आउने ।

अतः निवेदक राजेन्द्र विष्टलाई सशस्त्र प्रहरी सेवाबाट हटाउने गरी सशस्त्र प्रहरी बल दक्षिणकाली गण, बलम्बु, काठमाडौंका सशस्त्र प्रहरी उपरीक्षक अजयकुमार सिंहले मिति २०६४/१०/१० मा गरेको निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको उपत्यका सशस्त्र प्रहरी दल मुख्यालय, पशुपतिनाथ बाहिनीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक देवेन्द्रकुमार सुब्बाले मिति २०६६/०८/२५ मा गरेको पुनरावेदन निर्णयसमेत त्रुटिपूर्ण देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निज राजेन्द्र विष्टलाई पूर्ववत् सेवामा बहाल गराई सेवाबाट हटाइएको मिति २०६४/०९/२२ देखिको नियमानुसार पाउने तलब, भत्तालगायतका सम्पूर्ण सुविधाहरू दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: तेजबहादुर खड्का
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम् ।

इजलास नं. १५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७२-WO-०३३१, परमादेश, *तुलसी सिंखडा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

देशको प्राकृतिक स्रोतको समुचित उपयोग तथा जनताको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित हुने भनिएको यस्तो गम्भीर एवम् दुरगामी प्रभाव पर्ने विषयमा नेपालको संविधानको धारा १३३(२) बमोजिम सर्वोच्च अदालतलाई प्राप्त असाधारण अधिकारक्षेत्रभित्र प्रवेश गर्नुअघि निवेदक आफैँले पनि नेपालको कानूनी व्यवस्था एवम् त्यसमा भएका संशोधन, परिवर्तन सुधारहरू के कस्तो तवरबाट के कहिले भएका छन्, सरकारतर्फबाट के कस्तो कामहरू भएका छन् ? त्यसमा उपलब्धि भएको छैन भने के कस्ता कारणले उपलब्धि नभएको हो, यसमा विज्ञहरूको भनाइ र निष्कर्ष के कस्तो रहेको छ, के के अनुसन्धान आदि भएका छन्, कुनै निकायले कस्तो कानूनी कर्तव्य पालना गरेको छैन इत्यादि विषयमा निवेदक आफैँले अध्ययन गरी कुनै पूर्वाग्रह तथा व्यक्तिगत स्वार्थ नराखी अदालतसमक्ष कानूनी तथा संवैधानिक विषयहरू प्रस्तुत गर्नुपर्ने ।

नेपाल पेट्रोलियम ऐन, २०४० को दफा ९ का मान्यताअनुरूप नेपालको संविधानको धारा १३३(२) बमोजिम परमादेश वा अन्य उपयुक्त आदेश माग भएकोमा उक्त दफा ९(२) पेट्रोलियमबाहेकको अन्य खनिज पदार्थको अन्वेषण र उत्पादनसँग सम्बन्धित

रहेकोले प्रस्तुत निवेदनको विषयवस्तुसँग सम्बन्धित पनि देखिँदैन । नेपालको संविधानको धारा १३३(२) मा सार्वजनिक हक वा सरोकारको विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने र त्यस्तो विवादको टुङ्गो लगाउने असाधारण अधिकारक्षेत्र यस अदालतलाई भएको भए तापनि निवेदकले त्यस्तो कुन संवैधानिक वा कानूनी विवाद उत्पन्न हुन गएको हो सो स्पष्ट गर्न सकेको नदेखिने ।

विधायिकाले देशको द्रुततर आर्थिक विकासको लागि देशमा भइरहेको पेट्रोलियमसम्बन्धी स्रोतहरूको विकास गर्ने उद्देश्यले नेपाल पेट्रोलियम ऐन, २०४० बनाई २०४१।१२।१ देखि प्रारम्भ गरेको तथा नेपाल पेट्रोलियम नियमावली, २०४१ समेत बनाई लागू गरी २०४२ साल देखि नै १० वटा अन्वेषण खण्ड बनाई अन्वेषण खण्ड १० (विराटनगर) मा पेट्रोलियम सम्झौता गरी अन्वेषण गराउँदा सकारात्मक परिणाम ननिस्केको भन्ने सम्बन्धित निकायको भनाइ रहेको छ । यस्तो विषयमा यस अदालतले कुनै आदेश दिँदैमा पेट्रोलियम पदार्थ उत्पादन भइहाल्ने परिकल्पनासमेत गर्न मिल्ने नदेखिने ।

दशवटै अन्वेषण खण्डमा अन्वेषण कार्य गर्न विभिन्न अन्तर्राष्ट्रिय कम्पनीहरूसँग पेट्रोलियम सम्झौता गरे पनि ती कम्पनीहरूले सम्झौताबमोजिम दायित्व पूरा नगरेकोले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।७।२७ र २०७१।८।१८ को निर्णयानुसार ती सम्झौताहरू रद्द भई त्यस्तो सूचना नेपाल राजपत्रमा प्रकाशित भइसकेको र हाल उक्त अन्वेषण खण्डहरूमा अन्वेषण कार्य यथाशीघ्र अगाडि बढाउन हाल कार्यदल गठन गरी बोलपत्रसम्बन्धी कागजात तयार गर्ने कार्य भइरहेको भन्ने तथ्यसमेत लिखित जवाफबाट खुल्न आएकोबाट उपर्युक्त ऐन, नियम लागू भएपश्चात लामो समयसम्म नेपाल सरकारबाट सन्तोषजनक परिणाम निस्कने गरी पेट्रोलियम पदार्थको अन्वेषण हुन नसकेको र त्यस्तो कार्यमा केही प्रशासकीय, केही प्राविधिक र केही करारीय कमजोरीहरू देखिए तापनि कानूनको पूर्णतः अभाव भएको वा कानूनी व्यवस्था अपूर्ण भएको वा सम्बन्धित निकायले कानूनी कर्तव्य पूरा नगरेको भनी तत्काल अनुमान गर्न मिल्ने अवस्था नदेखिने । नेपालको संविधानको धारा ५१ को देहाय (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण सम्बर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत राष्ट्रिय हितअनुकूल तथा अन्तरपुस्ता समन्वयको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्धन र वातावरणअनुकूल दिगोरूपमा उपयोग गर्ने नीति राज्यले अवलम्बन गर्ने भन्ने उल्लेख छ । देशमा आमूल संवैधानिक विकास भई नेपालको संविधान लागू भएको परिप्रेक्ष्यमा आवश्यक देखिएका कानूनहरू निर्माण परिमार्जन एवम् संसोधन गर्न संविधानले व्यवस्था गरेको विधायिकी अधिकार प्रयोग गर्ने र कार्यान्वयन गर्ने सम्बद्ध निकायहरूले आ-आफ्ना कर्तव्य र दायित्वहरू क्रमिकरूपमा पालना गर्दै लैजाने विश्वास गर्नु आवश्यक हुने । निवेदकले यो निकायलाई यो ऐन, नियमले यो यस्तो कानूनी कर्तव्य तोकिएकोमा त्यस्तो निकायले सो कानूनी कर्तव्य पालन नगरेको भनी निश्चित एवम् किटानीरूपमा भन्न सकेको देखिँदैन । यस अवस्थामा गोश्वारा प्रकृतिबाट स्वदेशमै सम्भाव्य ठाउँहरूमा पेट्रोलियम पदार्थको अन्वेषण उत्खनन् एवम् उत्पादन गर्नु भनी नेपालको संविधानको धारा १३३(२) बमोजिम परमादेश जारी गर्न सकिने अवस्था नदेखिने ।

निवेदकले हाल क्रियाशील रहेको नेपाल पेट्रोलियम ऐन, २०४०, नेपाल पेट्रोलियम नियमावली, २०४१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ र नेपाल खानी ऐन, २०२३ लाई प्रतिस्थापन गर्नेगरी बनेको खानी तथा खनिज पदार्थ ऐन, २०४२ को के कुन प्रावधानहरूको कारण

निवेदकको मागअनुसारको काम हुन नसकेको हो, कुन प्रावधानले पेट्रोलियम पदार्थको अन्वेषण अवरूद्ध गरेको छ, सार्वजनिक सरोकारसँग सम्बन्धित के कस्तो संवैधानिक वा कानूनी प्रश्न उत्पन्न हुन गएको हो भन्ने सम्बन्धमा निवेदनमा कुनै उल्लेख गरेको पाइँदैन । भइसकेको कानूनलाई एकीकृत गर्नुपर्ने वा संशोधन वा परिमार्जन वा खारेज गर्नुपर्ने आदि विषय विधायिकी अधिकारको विषय भएको र जनप्रतिनिधिमूलक विधायिकाले जनहितमा आवश्यकताअनुसार संविधानको मर्म, मूल्य र मान्यताको दायराभित्र रही कानूनको निर्माण गर्ने नै हुँदा यस निवेदनको रोहमा कुनै आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: सविना अधिकारी

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम् ।

इजलास नं. १६

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७२-RC-०१९०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शम्भुकुमार कार्की*

जिल्ला प्रहरी कार्यालयबाट घटनाको सम्बन्धमा भएको छानबीनबाट खिलाकुमारीको ज्यान बेपत्ता शम्भुकुमार कार्कीको कर्तव्यबाट भएको भन्ने व्यहोराको प्रतिवेदन, प्रतिवादीले देखाएकै स्थानमा लास फेला पर्नु र प्रतिवादी घटना घटाएपछि पक्राउ पर्ने डरबाट प्रहरीको जागिर नै छाडी भागी जानुजस्तो परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादी शम्भुकुमार कार्कीले अनुसन्धान अधिकारीसमक्ष र अदालतसमक्ष समेत गरेको साबिती बयानलाई पुष्टि गरेको देखिँदा प्रतिवादी शम्भुकुमार कार्कीले नै खिलाकुमारी भुजेललाई कर्तव्य गरी मारेको भन्ने तथ्य शङ्कारहित किसिमबाट पुष्टि हुन आउने ।

तसर्थ प्रतिवादी शम्भुकुमार कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद ठहर गरेको सुरू सोलुखुम्बु जिल्ला अदालतको मिति २०६७।२।५ को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७२।११।१८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७३ साल कात्तिक ३० गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-WO-०४८४, उत्प्रेषण, *दुर्गाप्रसाद श्रेष्ठ वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत*

ट्रेड युनियनको पदाधिकारी भएकै कारणले मात्र सधैंभरी एकै स्थानमा बस्न पाउनुपर्छ भन्न मिल्दैन । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९२क को उपदफा ६ मा राष्ट्रिय स्तरको ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनमा तोकिएका पदाधिकारीबाट आफ्नो कार्यक्षेत्रअनुकूल स्थानमा सरूवाको माग भएमा अख्तियारवालाले सोअनुकूल सरूवा गर्न व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिएको छ । निवेदकले आफू उक्त दफा ९२क को उपदफा ६ को सुविधा पाउन कानूनीरूपमा योग्य भएको र के कारणले हाल सरूवा भएको कार्यालय, निवेदकलाई अनुकूल नदेखिएको हो सोबारे समेत वस्तुनिष्ठ आधार र प्रमाण खुलाई अख्तियारवालासमक्ष माग गरेको भन्ने निवेदनमा खुलाउन सकेको अवस्था देखिएन । निवेदकलाई फरक स्थान र क्षेत्रमा सरूवा गरेको नभई सुर्खेत जिल्लाभित्र नै जिल्ला जनस्वास्थ्य कार्यालयबाट मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा सरूवा गरेको

अवस्थामा ट्रेड युनियनको पदाधिकारीको हैसियतले काम गर्नसमेत कुनै प्रतिकूल असर पर्ने नदेखिँदा उक्त सरूवालाई अन्यथा भन्न नमिल्ने।

स्वास्थ्य सेवा विभागको मिति २०६९।९।१२ को पदनाम सम्बन्धमा भएको पत्राचारमा "सम्मानित पुनरावेदन अदालत, पाटनको मिति २०६८।११।४ को फैसला तथा यस विभागको मिति २०६९।९।८ को निर्णयानुसार भनी साबिकको पदनाम सि.अ.हे.व. अधिकृत छैठौं तह, हाल कायम गरिएको पदनाम जनस्वास्थ्य निरीक्षक अधिकृत छैठौं तह" भनी उल्लेख भएकोसमेत देखिँदा उल्लिखित पदको नाम फरक भए पनि तह एउटै भएको देखियो। यसरी समान तहमा भएको सरूवालाई पदको नाम फरक हुँदैमा तह पनि फरक पर्‍यो छैठौं तहको कर्मचारीलाई पाँचौं तहमा सरूवा गरेको भन्ने निवेदकको जिकिरसँग सहमत हुन नसकिने।

सरूवाको विवाद मुद्दा मामिलाको फैसलाको विषय नभएको र यसको प्रकृति पनि अस्थायी भएकोले यसमा मुद्दाको फैसलासरहको अधिकारक्षेत्रको परिकल्पना गर्न मिल्ने देखिएन र सो गर्नु उचित पनि हुँदैन। रिटको विशेषता भनेको सामान्य कानूनी त्रुटिमा जारी हुँदैन । रिट आदेश जारी गर्दा ससाना कानूनी त्रुटिभन्दा पनि अन्यायको गम्भीरताको विषयलाई विचार गर्नुपर्ने हुन्छ । अतः विभागीय उजुरीको माध्यमबाट प्रस्तुत निवेदन फछ्र्यौट हुनु नै सर्वोत्तम निकास हुने देखिँदा विभागबाट जे हुन्छ त्यसलाई नै अन्तिम रहन दिनु नै उपयुक्त हुने।

रिट निवेदक ट्रेड युनियनको पदाधिकारी भएपनि निजलाई अपायक र टाढा सरूवा गरेको नभई समान तह / श्रेणीमा कानूनसम्मत तरिकाबाट अख्तियार प्राप्त अधिकारीबाट आवश्यकता र औचित्यको आधारमा जिल्ला जनस्वास्थ्य कार्यालय, सुर्खेतबाट मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल सुर्खेतमा सरूवा भएको देखिँदा निजको सहमति विना फरक तह र श्रेणीमा सरूवा गरेको भन्ने जिकिरसँग सहमत हुन सकिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम्।

इजलास नं. १७

मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-WO-०३४४, उत्प्रेषण / परमादेश, *विभकुमारी यादवसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यसमितिसमेत*

मिति २०७१।३।३१ मा निवदेकको न्यूनतम भनिएको बोलपत्रलाई स्वीकार नगरी निवेदकभन्दा बढी रकम उल्लेख गर्ने अन्य बोलपत्र दातासँग सम्झौता गर्ने आशयको सार्वजनिक सूचना मिति २०७१।३।३१ मा जारी भएकोउपर यी निवेदकले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम सार्वजनिक निकायको प्रमुखसमक्ष निवेदन दिएको पनि देखिँदैन । त्रिभुवन विश्वविद्यालयबाट कालो सूचीमा राख्ने भनी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने प्रयोजनको लागि गरेको निर्णयलाई कालो सूची भई राखेकोसमेत अर्थ गर्न मिल्ने नदेखिने।

अदालतसमक्ष न्याय माग गरी आउने हरेक पक्षले आफूले गरे बिराएको व्यहोरासमेत खुलाई तथ्य उजागर गरी सो तथ्यहरूबीच आफ्नो कानूनी अधिकारको संरक्षणको माग गर्नुपर्ने हुन्छ। निवेदकले पेस गरेका कर चुक्तासम्बन्धी प्रमाण कागजमा अङ्क थप भएको तथ्य आफैँले त्रिभुवन विश्वविद्यालयसमक्ष पेस गरेको मिति २०७१।२।१ को पत्र पत्रबाट प्रस्ट हुन्छ, उक्त गलत कागजातको दोष राजस्व कार्यालय,

माथि थोपर्ने प्रयत्न गर्न मिल्ने हुँदैन । आफूले प्रचलित कानूनबमोजिम आह्वान गरिएको बोलपत्रमा उल्लेख गरेको विवरण र पेस गरेको कागजातको आधिकारिकताको जिम्मेवारी आफैँले लिनुपर्ने ।

यसरी सफा हात नलिई निवेदक अदालतमा आएको देखियो । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२) (ख) मा "तथ्य बङ्ग्याई झुक्याई पेस गर्न" गराउन नहुने व्यवस्था भएको र त्यस्तो पूर्वावस्था देखिएमा दफा २१(२)(च) बमोजिम जमानत जफत हुने किटानी कानूनी व्यवस्था रहे भएको देखिँदा जमानत जफत गरिएको कार्यलाई अन्यथा भन्न नमिल्ने ।

निवेदकलाई कालो सूचीमा राख्ने भन्ने सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्णय सम्बन्धमा विचार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१)(क) अनुसार दफा ६२(२) को अवस्था विद्यमान भएमा १ वर्ष देखि ३ वर्षसम्म कालो सूचीमा राख्न सक्ने नै देखिन्छ । दफा ६२(२) को देहाय (ख) मा तथ्य बङ्ग्याई वा झुक्याई पेस गर्न र (ग) मा जालसाजीपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन नहुने व्यवस्था रहेको छ । निवेदकले पेस गरेको बोलपत्र संलग्न कागजमध्ये आन्तरिक राजस्व कार्यालयका पत्रमा कारोबार अङ्कसमेत फरक पारिएको पाइन्छ । निवेदकले पेस गरेको कागजमा त्रुटि भएको स्वीकार गरेपनि त्यस्तो क्रियाको जिम्मेवारी कर अधिकृततर्फ पन्छाउने कोसिस मिति ०७१।२।१९ को पत्रबाट गरिएको कारणबाट मात्र निवेदक दफा ६२(२) (ख) र (ग) को पूर्वावस्थाबाट अलग्गिन सक्ने देखिँदैन । सार्वजनिक निकायको ठेक्का पट्टा जुनसुकै तवरबाट प्राप्त गर्न अस्वाभाविक एवम् गैरकानूनी कार्य गर्ने छुट कानूनले दिएको छैन, यस्तो क्रिया निरूत्साहित हुनै पर्छ । यस अवस्थामा प्रस्तुत विषयमा ऐनको दफा ६३ आकर्षित हुने नै देखिने ।

अतः उपर्युक्त आधार र कारणहरूबाट निवेदन मागबमोजिम रिट जारी हुने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मुकुन्द आचार्य
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७३ साल भदौ ६ गते रोज २ शुभम् ।

इजलास नं. १८

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७३-WH-००३४, बन्दीप्रत्यक्षीकरण, *संजय भन्ने उमेश मण्डल वि. इलाका प्रहरी कार्यालय, मिर्चैयासमेत*

कानूनपश्चात् दर्शी हुन नहुने भन्ने फौजदारी कानूनको सर्वमान्य सिद्धान्त (Principle of ex-post facto Law) अनुसार व्यक्तिलाई कसुर गर्दाका अवस्थामा कानूनमा तोकिएकोभन्दा बढी सजाय गर्न नहुने हो । सजाय कति गर्ने भन्ने कुरा कानून र न्यायको रोहमा रहेर न्यायाधीशले आफ्नो स्वविवेकले निर्णय गर्ने विषय हो । तर न्यायाधीशले सजाय तोक्दा निश्चित सिद्धान्तबाट निर्देशित हुन आवश्यक छ । अन्यथा एकै किसिमको कसुरमा पनि फरकफरक सजाय हुन गई असमान व्यवहार हुन सक्ने ।

पछिल्लो संशोधित हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुरमा सोही ऐनको दफा २०(२) अनुसार सजाय छ महिनादेखि एकवर्षसम्म कैद वा साठी हजारदेखि एकलाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था हुँदाहुँदै सुरू जिल्ला अदालतले फौजदारी न्यायको सर्वमान्य सिद्धान्तअनुसार बढीमा एक वर्षसम्म मात्र कैद सजाय गर्नुपर्नेमा सो सिद्धान्तविपरीत पहिलेकै कानूनी व्यवस्थाअनुसार ३(तीन) वर्ष कैद

र रू. १,००,०००।– (एक लाख) जरिवाना हुने ठहर्‍याएको फैसला कानूनसम्मत नदेखिएको र उक्त फैसलाअनुसार यी निवेदकलाई कैदम्याद ठेक्ने कार्य पनि कानूनसम्मत देखिन नआउने।

हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुरमा सोही ऐनको दफा २०(२) मा भएको मिति २०७२।११।१३ को संशोधनअनुसारको कैदको उपल्लो हक एक वर्षसम्म मात्र रहेकोमा सो अवधिभन्दा बढी नै यी निवेदक मिति २०७१।१२।२५ देखि आजसम्म मात्र रहेकोमा सो अवधिभन्दा बढी नै यी निवेदक मिति २०७१।१२।२५ देखि आजसम्म १ वर्ष १० महिना १६ दिन थुनामा बसिसकेको देखिँदा यी निवेदकलाई लगाइएको कसुरमा मुद्दा फैसला हुँदाका बखतमा प्रस्तावित यसै मुद्दाका अर्का प्रतिवादी विजय थापाले यसै अदालतमा दायर गरेको यसै मुद्दाका अर्का प्रतिवादीलाई २०७३-WH-००२३ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा मिति २०७३।७।२५ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई अदालतका आदेशबाट सजाय मुक्त भइरहेको अवस्थामा निवेदकको हकमा समेत असमान सजाय भोग्नु पर्ने अवस्था संविधानको समानताको सिद्धान्तविपरीत समेत हुनजाने देखिन्छ। यस अवस्थामा कानूनमा व्यवस्था भएभन्दा बढी अवधि कैद सजाय हुने ठहर्‍याई कैदमा म्याद ठेकी थुनामा राख्ने गरेको कार्य न्याय र कानूनका मान्य सिद्धान्तअनुरूपको भए गरेको नदेखिने।

नेपालको संविधानको धारा २० को उपधारा (४) "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने संवैधानिक व्यवस्थाको अर्थ पछि कानून बनाई सजाय बढाउने कुरालाई संविधानले रोक लगाएको हो। विधायिकी मनसायले सजाय घटाउने गरी नयाँ कानून प्रचलनमा (Effect) मा आइसकेपछि फैसला गर्दा प्रचलित कानूनअनुसारको सजाय तोक्नुपर्ने।

सामान्यतया: कसुर गर्दाको अवस्थामा प्रचलित कानूनअनुसार नै अपराध र सजाय किटानी गरिने भए तापनि उक्त कानून संशोधन हुँदा कसुर पुरानो कानूनअनुसारको कायमै रहेको तर सजाय घटेको हकमा सुरू फैसला गर्दा तत्काल प्रचलित कानूनमा तोकिएकोभन्दा बढी सजाय तोक्नु न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुन्छ। तसर्थ माथि उल्लिखित तथ्य, कानून र प्रमाणका आधारमा नभई यी निवेदक घुस्का सञ्जय भन्ने उमेश मण्डललाई गैरकानूनीरूपमा थुनामा राखेको देखिएकोले निवेदन मागबमोजिम विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७२-RC-०२०१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शंकर भन्ने रामबहादुर घर्ती*

प्रतिवादीउपर परेको किटानी जाहेरी, प्रतिवादी शंकर भन्ने रामबहादुर घर्तीले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष कसुरलाई स्वीकार गरी सो कसुर आफू एक्लैले गरेको भनी गरेको साबिती बयान, घटनास्थल लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट सो साबिती बयान पुष्टि हुन आएको देखिँदा मिसिल संलग्न सम्पूर्ण कागज प्रमाणबाट प्रतिवादी शंकर भन्ने रामबहादुर घर्तीले मृतक अनिता नेपालीसँग अनैतिक सम्बन्ध राखी गर्भधारण गराई सो अपराध लुकाउने मनसायका साथ मृतक अनिता नेपालीलाई बोलाई एकान्त जङ्गलमा लगी कुराकानी गरी निजले लगाएकै साडी तानी साडीले घाँटीमा

कसी मारी सोको भोलिपल्ट घरबाट खुकुरी लिएर गई खुट्टाको गोलीगाँठामुनिको भाग काटी गण्डकी नदीमा फालेको देखिँदा निजले कार्य मनसायपूर्वक र योजनाबद्धरूपमा देखिने।

मृतक अनिता नेपालीको मृत्यु प्रतिवादी शंकर भन्ने रामबहादुर घर्तीको कर्तव्यबाट नै भएको कुरा पुष्टि भएको अवस्थामा सुरू पाल्पा जिल्ला अदालतबाट प्रतिवादी शंकर भन्ने रामबहादुर घर्तीले ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुर अपराधमा निज प्रतिवादीलाई सोही ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी भएको फैसला प्रचलित कानून र न्यायका मान्य सिद्धान्तअनुकूल नै रहेको देखिन आउने।

तसर्थ मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुर अपराधमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई साधक जाहेर गर्ने गरी सुरू पाल्पा जिल्ला अदालतले मिति २०६४।३।२८ मा गरेको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०७२।१०।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम्।

एकल इजलास

स.प्र.न्या.श्री सुशीला कार्की, ०७३-WO-०१९३, उत्प्रेषण / परमादेश, *नन्दादेवी कठायतसमेत वि. जिल्ला वन कार्यालय, कैलाली धनगढीसमेत*

निवेदकहरूले आफ्नो निवेदन जिकिर पुष्टि गर्न प्रमाण पेस गर्न सकेको देखिँदैन । साथै नेपाल राजपत्र भाग ३ मिति २०५८।९।१६ गतेको राजपत्रमा प्रकाशित सूचनाको दफा ५ अनुसार साल जातका रूख र वन विभागको मिति २०६८।२।१७ को निर्णयअनुसार अस्ना जातका रूख व्यापारिक प्रयोजनका लागि कटान गर्न प्रतिबन्ध लगाएको भन्ने कानूनी व्यवस्था भएको देखिएको र निवेदकहरूले आफ्ना प्रयोजनका लागि रूख काट्न पाउने व्यवस्था कानूनमा भएको तर व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न नपाउने प्रस्ट भएको र यसरी खुलारूपमा उपर्युक्त जातका रूखहरू कटान गर्न व्यापारिक प्रयोजनका लागि छुट दिँदा वनमा नै अतिक्रमण हुन सक्ने हुँदा निवेदकहरूको मागबमोजिम कारण देखाउ आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम्।